# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## गोडैटा नगरपालिका

### सर्लाही




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## गोडैटा नगरपालिका

### सर्लाही




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## गोडैटा नगरपालिका

### सर्लाही


**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

नगरपालिकाको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ । नगरपालिकामा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव नगरपालिकाको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । यस नगरपालिकाको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण निर्देशनलय, मधेश प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. ४३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
गोडैता नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
सर्लाही ।

**कैफियत सहितको राय**

हामीले गोडैता नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू.१० करोड २ लाख २३ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.५५ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड ५२ लाख ९९ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ९९ लाख ८८ हजार र पेश्की रु.३ करोड ९३ लाख ६८ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.५३ करोड ८५ लाख ६७ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.६३ करोड ८७ लाख ९० हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका

छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(हुमनाथ सुवेदी)
नायब महालेखापरीक्षक

# गोडैटा नगरपालिका सर्लाही

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१.बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ८५ | ३५४ | १००२२३ | ० | ० | ० | ८५ | ३५४ | १००२२३ | ५५६८ | १९९८८ | ३५२९९ | | | ५५२८७ | ३९३६८ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| गोडैटा नगरपालिका सर्लाही | ५३८५६७ | ० | ० | ५३८५६७ | ० | १००२२३ | ६३८७९० |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : गोडैटा नगरपालिका, सर्लाही ,

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ramesh Prasad Yadav | २०७७-२-२९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Rajanish Kumar Mishra | २०७६-२-२८ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | १००,२२२,८६१ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ६,१३,४९,४२३.८२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४४,५०,९४,००० | **चालु खर्च** | ३३,५६,९५,०८०.२८ |
| **प्रदेश सरकारबाट अनुदान** | २,११,७४,००० | **पूँजीगत खर्च** | २१,४४,०७,८८५ |
| **राजश्व बाँडफाँट** | ९,९७,१८,०४८.७६ | **वित्तीय/अन्य व्यवस्था** | २०,३०,०३,४८३.०२ |
| **आन्तरिक आय** | ४९,४१,४४१.५४ | | |
| **अन्य आय** | १९,९२,६२,८४०.१ | | |
| **कुल आय** | ७७,०१,९०,३३०.४ | **कुल खर्च** | ७५,३१,०६,४४८.३ |
| **बाँकी मौज्दात** | | ७,८४,३३,३०५.९२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १२ वडा, ४८.६२ वर्ग किलोमिटर क्षेत्रफल तथा ४२ हजार ३१५ जनसंख्या रहेको छ।</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>लेखापरीक्षण :- महालेखापरीक्षकको लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना,२०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग मिति २०७९।१०।२३ मा छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. १०,०७,१५७।- असुली भई सञ्चित कोष दाखिला भएको छ ।<br><br>
<table>
<tr><th>क्र.सं.</th><th>प्रयोजन</th><th>दाखिला भएको रु.</th></tr>
<tr><td>१</td><td>आन्तरिक राजश्व बापत</td><td>८,२६,१५०</td></tr>
<tr><td>२</td><td>पारिश्रमिक कर बापत</td><td>१,०५,८०७</td></tr>
<tr><td>३</td><td>कार्यक्रम बापत</td><td>४८,०००</td></tr>
<tr><td>४</td><td>दैनिक भ्रमण भत्ता</td><td>२७,२००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण :- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।<br><br>
<table>
<tr><th rowspan="2">विवरण</th><th colspan="3">यस वर्ष रु.</th><th>गतवर्ष रु.</th></tr>
<tr><th>बजेट</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th><th>जम्मा</th><th>आफैले गरेको प्राप्ति/भुक्तानी</th></tr>
<tr><td>प्राप्ती (क+ख)</td><td>५९४१८५००३.३५</td><td>५८२३७१३३६.२५</td><td>५८२३७१३३६.२५</td><td>५७१२८५११८.२७</td></tr>
<tr><td>क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)</td><td>५८४६२५९०९.००</td><td>५७०९२७४९०.३०</td><td>५७०९२७४९०.३०</td><td>५५४००२३९४.८२</td></tr>
<tr><td>११००० कर</td><td>१११८५७९०९.००</td><td>१०२६३८४८४.९८</td><td>१०२६३८४८४.९८</td><td>९२६५३१८८.१४</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३००० अनुदान | ४६९७६८०००.०० | ४६६२६८०००.०० | ४६६२६८०००.०० | ४६१३४९२०६.६८ | | ४६१३४९२०६ |
| संघीय सरकार | ४४७०९४०००.०० | ४४५०९४०००.०० | ४४५०९४०००.०० | ४४०८१९२०६.६८ | | ४४०८१९२०६ |
| प्रदेश सरकार | २२६७४०००.०० | २११७४०००.०० | २११७४०००.०० | २०५३००००.०० | | २०५३००००. |
| १४००० अन्य राजस्व | ३००००००.०० | २०२१००५.३२ | २०२१००५.३२ | ०.०० | | ०.०० |
| ख. अन्य प्राप्ति | ९५५९०९४.३५ | ११४४३८४५.९५ | ११४४३८४५.९५ | १७२८२७२३.४५ | | १७२८२७२३. |
| कोषहरु | ९५५९०९४.३५ | ७५८५८८९.९० | ७५८५८८९.९० | १७२८२७२३.४५ | | १७२८२७२३. |
| धरौटी | ०.०० | ३८५७९५६.०५ | ३८५७९५६.०५ | ०.०० | | ०.०० |
| भुक्तानी (ग+घ) | ६५७६६१५७८.५३ | ५५९८५७८३६.२८ | ५५९८५७८३६.२८ | ५९९२९९२०३.६१ | | ५९९२९९२०३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ६४८१०२४८४.१८ | ५५०१०२९६५.२८ | ५५०१०२९६५.२८ | ५८९२१२४५२.६१ | | ५८९२१२४५२ |
| २१००० पारिश्रमिक / सुविधा | ६२९३५०००.०० | ४८७६४५१०.४८ | ४८७६४५१०.४८ | ५६९२३०११.६० | | ५६९२३०११. |
| २२००० मालसामान तथा सेवाको उपयोग | ४४१०५०००.०० | ३३७४२७९१.०० | ३३७४२७९१.०० | ३५७९६४१६.५० | | ३५७९६४१६. |
| २६००० अनुदान | २२४६९४०००.०० | २११७५२१५४.८० | २११७५२१५४.८० | २४१९९६२८३.०० | | २४१९९६२८३ |
| २७००० सामाजिक सुरक्षा | २५९१००००.०० | ४८१३९८६.०० | ४८१३९८६.०० | ६८७२०१२.०० | | ६८७२०१२. |
| २८००० अन्य खर्च | ४४४०४७६८.०० | ३६६२१६३८.०० | ३६६२१६३८.०० | ३५०८४४८२.३१ | | ३५०८४४८२. |
| ३१००० गैर वित्तीय सम्पत्ती / पुँजीगत खर्च | २४६०५३७१६.१८ | २१४४०७८८५.०० | २१४४०७८८५.०० | २१२५४०२४७.२० | | २१२५४०२४७ |
| ३३००० दायित्व | ०.०० | ०.०० | ०.०० | ०.०० | | ०.०० |
| घ. अन्य भूक्तानी | ९५५९०९४.३५ | ९७५४८७१.०० | ९७५४८७१.०० | ५९९२९९२०३.६१ | | ५९९२९९२०३ |
| कोषहरु | ९५५९०९४.३५ | ७१९५८६२.०० | ७१९५८६२.०० | १००८६७५१.०० | | १००८६७५१. |
| धरौटी | ०.०० | २५६६४६९.०० | २५६६४६९.०० | ०.०० | | ०.०० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाँकी | | -७४६०.०० | -७४६०.०० | | | |
| ङ. यो वर्षको बचत (न्युन) | -६३४७६५७५.१८ | २२५१३४९९.९७ | २२५१३४९९.९७ | -२८०१४०८५.३४ | | -२८०१४०८५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ६१७४३२५३.८७ | ६१७४३२५३.८७ | ९८४१०९७७.२२ | | ९८४१०९७७. |

| | | | | | |
|---|---|---|---|---|---|
| वर्षान्तको बाँकी रकम (ङ + च) | -६३४७६५७५.१८ | ८४२५६७५३.८४ | ८४२५६७५३.८४ | ७०३९६८९१.८८ | | ७०३९६८९१.८ |
| बैंक तथा नगद बाँकी | | ८४२५६७५३.८४ | ८४२५६७५३.८४ | ६४५५३३५२.४७ | | ६४५५३३५२.४ |

५ **वित्तीय प्रतिवेदन :-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले मिति २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नानुसार देखिएको छः-

६ **वित्तीय विवरणको यथार्थता :-** यस पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ।पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११,५०,७७,४५८ सुत्रमा लेखाङ्कन गरेको छैन।जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन।तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

७ **सञ्चित कोषमा स्थानान्तरण :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खाता ऋणात्मक मौज्दात रु.२१८४२९७।७८ देखिएको छ, आन्तरिक राजस्व खातामा रु.११,३६,३६७।५४ मौज्दात रहेको पाइयो। तोकिएको समयमा श्रेस्ता अद्यावधिक गरी सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ।

८ **बैङ्क हिसाव विवरण :-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार फरक परेको छः-

| खाताकोप्रकार | खाता अनुसार बाकीरु. | बैंक अनुसार बाकीरु. | फरक |
|---|---|---|---|
| ग १.१, आन्तरिकराजस्व खाता | ११३६३६७.५४ | ११५६३६७.५४ | -२००००.०० |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | ८५१०९६५.३३ | -८५१०९६५.३३ |
| ग १.३, आन्तरिकअनुदान खाता | ०.०० | ७३९९९००.०० | -७३९९९००.०० |
| ग २.१, चालूखर्च खाता- विजोर वर्ष | -२१८४२९७.७८ | ३८७९४०७.५२ | -४१०६३७०५.३० |
| ग २.३, पूँजिगतखर्च खाता- विजोर वर्ष | ०.०० | १०२९१६०७.०० | -१०२९१६०७.०० |
| ग २.७, विविधखर्च खाता | ८११४१२२.२० | ७७५५३३.३० | ७३३८५८८.९० |
| ग ३.१, स्थानीयतह धरौटी खाता | ३०२९९४४.३५ | ३०२१९४४.३५ | ८०००.०० |

| | | | |
|---|---|---|---|
| ग ४.१, स्थानीयतह सञ्चित कोष खाता | ७४०९५४१७.४८ | ८२८३६०३.९२ | ६५८११८१३.५६ |
| ग ७.२, स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | ६५२००.०५ | ११३९७७.०० | -४८७७६.९५ |
| | ८४२५६७५३.८४ | ७८४३३३०५.९६ | ५८२३४४७.८८ |

पालिकाले पेश गरेको म.ले.फा.नं.२७२ अनुसार स्रेस्तामा भन्दा बैंकमा रु.५८,२३,४४७।८८ घटी मौज्दात देखिएकोले यस सम्बन्धमा पालिकाले म.ले.फा.नं. २१२ तयार गरी यथार्थ मौज्दात निर्क्यौल गर्नुपर्दछ।

९ **फरक जिम्मेवारी :-** नगपालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ।पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६,१३,४९,४२३।८२ मौज्दात रहेकोमा यो वर्ष म.ले.प.फा.नं.२७२ अनुसार रु.६,१७,४३,२५३।८७ जिम्मेवारी सारेको छ।जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा बढी रकम रु.३,९३,८३०।०५ जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नु पर्दछ।

१० **फरक हिसाव :-** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.३९३८३०।०५ यस वर्षको प्राप्ति रु.१८७८१८९९४।१५ यस वर्षको भुक्तानी रु.१९३२४८६१२।०२ र बैङ्क मौज्दात रु.५८२३४४७।८८ फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति (आय)** | **यसवर्षको भुक्तानी (व्यय )** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसूची ९ अनुसार | ६१७४३२५३.८७ | ५८२३७१३३६.२५ | ५५९८५७८३६.२८ | ८४२५६७५३.८४ |
| एकीकृत आर्थिक विवरण अनुसार | ६१३४९४२३.८२ | ७७०१९०३३०.४ | ७५३१०६४४८.३ | ७८४३३३०५.९६ |
| फरक | ३९३८३०.०५ | -१८७८१८९९४.१५ | -१९३२४८६१२.०२ | ५८२३४४७.८८ |

११ **ससर्त अनुदान फिर्ता :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान संघीय तर्फ रु.३,५५,७८,३४७।२० र प्रदेश तर्फ रु.७,८१,२९१ देखिएकोमा पालिकाले आ व ७९।८० कव असोज महिनामा मात्र फिर्ता गरेको छ। अत: प्रचलित नियम बमोजिम सम्बन्धित आर्थिक वर्ष भित्र नै हिसाब मिलान गरी सशर्त अनुदानको रकम फिर्ता गर्नु पर्दछ।

१२ **कर दायित्व :-** आयकर ऐन, २०५८ को दफा ९० को उपदफा ४ बमोजिम तोकिएको समयमा कर दाखिला गर्नुपर्ने व्यवस्था छ।यस वर्ष पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.७,४६० देखाएको छ। यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन।अत:उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु. (७,४६०)

| | | | | |
|---|---|---|---|---|
| १३ | | | **आन्तरिक नियन्त्रण प्रणाली :-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:-<br><br>• पालिकाले स्वीकृत ढाँचामा लेखा राख्ने प्रयास गरे तापनि जिन्सी खाता, बैक नगदी किताब, लेजर लगायत खाताहरु प्रमाणित नगरेको, खर्चको बिल भरपाई तेरिज बनाई जोडजम्मा गर्ने नगरेको, आम्दानी तर्फको खाता व्यवस्थित नराखेको,<br>• एकभन्दा बढी कार्यक्रमका लागि एकैपटक पेश्की दिई काम गर्ने गराउने गरेको, समयमा पेश्की फर्स्यौट गर्ने नगरेको,<br>• भौतिक एवं वित्तीय स्थिति देखिने गरी वार्षिक कार्यक्रको लक्ष्य प्रगति विवरण तयार नगरेको, निर्माण कार्य तथा सञ्चालित भएका योजनाहरूको बिल भरपाई व्यवस्थित रुपमा नराखेको, खर्चको तेरीज तयार नगरेको, आधारभूत कागजातहरुको संरक्षणमा ध्यान नदिएको, आंशिक बिल भरपाईमात्र श्रेस्तासाथ राख्ने गरेको,<br>• स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १३ मा प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाढा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ । तर पालिकाले हालसम्म स्थानीय न्यूनतम दररेट निर्धारण गरेको पाइए,<br>• उपभोक्ता समितिहरुले पेश गरेको बिल भरपाईहरु मूल्याङ्कन अनुसार भए नभएको यकिन गर्ने नगरेको,<br>• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,<br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,<br>• सञ्चालित योजनाको सूचनापाटीमा आयव्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन। सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था छ,<br>• यस पालिकामा कार्यरत सबै कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,<br>• गोश्वारा भौचरमा चेक नं उल्लेख नभएको: पालिकाबाट खर्च लेख्दा सम्वन्धीतलाई रकम भुक्तानी गर्दा गोश्वारा भौचरमा चेक नं प्रविष्ट भएको देखिएन। रितपूर्वकको खर्च व्यवस्थापन सम्वन्धमा लेख्ने सम्वन्धि पालिकाले ध्यान दिनुपर्दछ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा पालिकाले हालसम्म पनि आन्तरिक लेखापरीक्षण गराएको पाइएन,<br>• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,<br>• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन,<br>• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,<br>• भ्रमण खर्च नियमावली,२०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष भ्रमण खर्च शीर्षकबाट रु.२,९६,००० र अनुगमन मूल्याङ्कन खर्च शीर्षकबाट रु.३,०७,९५० गरी कूल रु.६,०३,९५० खर्च लेखेकोमा दैनिक भ्रमणको अभिलेख राखेको छैन । भ्रमण आदेश चलनी गरेको छैन भने भ्रमणको उद्देश्य समेत खाली राखी भ्रमण स्वीकृत गरेको, अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन समेत गरेको छैन,<br>• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले पुँजीगत तर्फ रु.२१ करोड ४४ लाख ७ हजार, मसलन्द तथा कार्यालय सामग्रीमा रु.१९ लाख ६९ हजार पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनमा रु.९ लाख ९७ हजार, अन्य कार्यालय सञ्चालन खर्चमा रु.८१ लाख ४४ हजार लगायतका शीर्षकमा खरिद गरेकोमा खरिद योजना र खरिद गुरुयोजना तयार नगरी प्रतिस्पर्धात्मक विधि समेत नपनाई खरिद कार्य गरेको छ, | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। विविध खर्चतर्फ पालिकाले कुल आन्तरिक आय रु.४९ लाख ४१ हजार को तुलनामा करिव ९९.८३ प्रतिशत अर्थात रू.४९ लाख ३३ हजार खाना खाजा बदामजुस, रेडबुल पानी चिया लगायतका शीर्षकमा खर्च गरेको छ। विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने पदाधिकारी/कर्मचारीलाई जिम्मेवार बनाउँदै खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ,<br>• पालिकाले धार्मिक तथा सांस्कृतिक कार्यक्रम गर्न लागत अनुमान, कार्यक्रमको विवरण, कार्यक्रमको औचित्य र त्यसले समाजमा पार्ने सकारात्मक प्रभाव जस्ता पक्षको विशेलेषण गरेर मात्र धार्मिक तथा सांस्कृतिक कार्यमा खर्च गर्नुपर्नेमा सो नगरी पालिकाले विभिन्न संससंस्था, कार्यालयका कर्मचारी लगायतलाई धार्मिक तथा सांस्कृतिक कार्यक्रम अन्तर्गत वडा दशै, दिपवली, छठ, होली लगायका पर्वहरुमा कार्यक्रम गर्न रकम भुक्तानी गरेको देखियो,<br>• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,<br>• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,<br>• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसार शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन गरेको पाइएन,<br>• संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,<br>• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन,<br>• सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम पालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्याक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन,<br>• पालिकाले एक आर्थिक वर्षको अन्त्यभित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसूची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १४ | | | **बजेट पेश, पारित र अख्तियारी :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७८।३।१० मा रु.६४ करोड ८१ लाख २ हजार बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७८।३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| १५ | | | **योजनाको प्राथमिकीकरण :-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७८।७९ मा निम्नअनुसार १२ वडाको लागि वडागत १४२ र पालिकास्तरका १३४ गरी कूल २७६ योजनामा वजेट विनियोजन गरेको छ। | |

| क्र. सं. | कार्यक्रमको नाम | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या | कुल योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १९ | ४७ | ६८ | १३४ |
| २ | वडास्तरीय | १ | ५६ | ८५ | १४२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित २७६ योजना मध्ये २३७ योजनामात्र कार्यान्वयन भई ३९ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१६

**योजना तथा वजेट कार्यान्वयन :-** यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।
- आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो। कुल पुँजीगत खर्च रु.२१ करोड ४४ लाख ७ हजार भएकोमा प्रथम त्रैमासिकमा खर्च भएको छैन भने, दोश्रो त्रैमासिकमा रु.२ करोड १२ लाख १८ हजार, तेस्रो त्रैमासिकमा रु.७ करोड ७६ लाख ५६ हजार, चौथो त्रैमासिकमा रु.११ करोड ५५ लाख ३३ हजार र असार महिनामा मात्रै रु.८ करोड ५६ लाख २७ हजार ( कुल पुँजीगत खर्चको ४० प्रतिशत) भएको देखिन्छ। अत: वर्षान्तको खर्च उच्च रहेको छ।
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यसवर्ष थपघट समेत पालिकाको निर्णयबाट चालु र पुँजीगत दुवैगरी कूर रकम रु.१ करोड ४५ लाख रकमान्तर गरेको छ। रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ।

१७

**क्षेत्रगत बजेट तथा खर्च :-** स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस गाँउपालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ।

| क्रसं | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ११६००००० | ११११७२७९ | ९५.८४ |
| २ | सामाजिकविकास | ३००८५१९३० | २६५१८५४९६ | ८८.१४ |
| ३ | पूर्वाधारविकास | १७६३९१७८६ | १४९१०९४१२ | ८४.५३ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | २१५४००० | १९९८०३२ | ९२.७६ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | १५७१०४७६८ | १२२६९२७४६ | ७८.०९ |

पालिकाले यस आ व मा सामाजिक विकासमा सबैभन्दा धैरै विनियोजन तथा खर्च गरेको छ भने सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा कम विनियोजन तथा खर्च गरेको छ। पालिकावासीको जीवनस्तर उचो बनाउने दैनिक जीवन यापन सहज तुल्याउने किसिमले आर्थिक विकास र पूर्वाधार विकासमा जोड दिनु पर्ने देखिन्छ।

१८

**विवरण नपठाएको :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन ध०७६ को दफा ४ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान,राजश्व बाँडफाँड अन्तर्गत प्राप्त रकम , आन्तरिक आय , ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी एकिकृत विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालय र को.ले.नि. कामा पठाएको छैन।

| | | | | |
|---|---|---|---|---|
| १९ | | | **कर्मचारी व्यवस्था :-** पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गरेको पाइएन। संघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी अनुसारको पदपुर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन। रिक्त पदपुर्ति गर्न के कस्तो प्रयास भएको छ सो विवरण समेत लेखापरीक्षणको क्रममा उपल्ध हुन सकेन। रिक्त पद समयमा नै पदपूर्ति गरी दरबन्दी भन्दा बढी हुनेगरी पदपूर्ति नगरी कर्मचारी व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाउनु पर्दछ। | |
| २० | | | **कर्मचारी कल्याणकारी कोष :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले हालसम्म कर्मचारी कल्याणकारी कोष शुरु गरेको छैन। यसले गर्दा पालिकाको स्रोत सुनिश्चतता नगेको दायित्व (Unfunded Liability) बढ्न जाने देखिन्छ। अत: उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट ऐन कानूनको व्यवस्था गरी भविश्यको दायित्व भुक्तानी गर्न अग्रिम रुपमा स्रोत सुनिश्चितता गर्नु पर्दछ। | |
| २१ | | | **तलवी प्रतिवेदन :-** निजामती सेवा ऐन, २०४९ , स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ \| पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य, शिक्षातर्फका शिक्षकहरु र पालिकाकाको कर्मचारी कसैको पनि तलबी प्रतिवेदन पारित नगरी रु.२,१३,०७,४३८ खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ। | |
| २२ | | | **जिन्सी निरीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। | |
| २३ | | | **वर्षान्तको पेश्की :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७८ को नियम ५१ मा आर्थिक वर्षको अन्त्यसम्ममा बजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेश्की दिन नमिल्ने व्यवस्था छ। पालिकाले सघीय सशर्तबाट आर्थिक वर्षको अन्त्यमा कर्मचारीलाई पेश्की दिएको देखियो। उक्त पेश्कीबाट लेखापरीक्षण अवधिसम्म पनि कुनै काम भएको देखिदैन। तसर्थ वर्षान्तमा फ्रिज गर्नु पर्ने उक्त रकम फ्रिज नगरी दिएको पेश्की दिएकोकमा आगामी दिनमा वर्षान्तमा पेश्की दिने कार्यमा नियन्त्रण गरी तत्काल पेश्की फर्स्यौट गर्नुपर्ने रु... | १७,११८,१६० |

| क्र.सं. | पेश्की मिति | गो.भौ.न. | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पद | पेश्की रु |
|---|---|---|---|---|---|---|
| १ | २०७९/०३/२५ | ३७९ | विविध | पुरुषोत्तम राय | का.स. | ५३००० |
| २ | २०७९/०३/२५ | ३८१ | खेलकुद सामग्रीहरुको लागि | पुरुषोत्तम राय | का.स. | २००००० |
| ३ | २०७९/०३/२५ | २४ | विद्यालय भवन निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) दोस्रो पटक | भो.क.ज.नि.मा.वि.सिसौटिया | | ३६०००००० |
| ४ | २०७९/०३/२५ | २४ | विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | श्री नथुनी विजय प्रा.वि | | १८०००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | २०७९/०३/२५ | २४ | विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | श्री सा.प्रा.वि. सिमराभगवतिपुर | | १८००००० |
| ६ | २०७९/०३/२५ | २४ | विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | श्रीमति सरस्वतीदेवी कुशवाहा सामुदायिक आधारभुत विद्यालय | | १८००००० |
| ७ | २०७९/०३/२५ | २४ | विद्यालय कक्षाकोठा निर्माण अनुदान (२ कोठे तथा ४ कोठे भवन) | सामाजिक सामुदायिक प्रा. वि. जयपुर | | १८००००० |
| ८ | २०७९/०३/२५ | २५ | विद्यालयमा IT Lab स्थापना, सुदृढिकरण एवम् Digital library व्यवस्थापनका लागि अनुदान | जनता आ. वि. जयपुर | | ६५०००० |
| ९ | २०७९/०३/२५ | २५ | विद्यालयमा IT Lab स्थापना, सुदृढिकरण एवम् Digital library व्यवस्थापनका लागि अनुदान | जनता मा. वि. रामवन | | ६५०००० |
| १० | २०७९/०३/२५ | २५ | विद्यालयमा IT Lab स्थापना, सुदृढिकरण एवम् Digital library व्यवस्थापनका लागि अनुदान | श्री नारायण हरि मा वि मनहर्वा | | ६५०००० |
| ११ | २०७९/०३/२५ | ३० | विधालय भवन निर्माण | जनता मा. वि. रामवन | | ३४१५५०० |
| १२ | २०७९/०३/१५ | १७४ | कृत्रिम गर्भाधान मिसन कार्यक्रम | महेश राय | | ३९४००० |
| १३ | २०७९/०३/१५ | ३०१ | भ्रमण अवलोकन कार्यक्रम | केशव कुमार | | २२५००० |
| १४ | २०७९/०३/२५ | २३६ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम उद्यमीको स्तरोन्नती (आवश्यकता पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम) | चुनचुन बाबु ठाकुर | | ८०६६० |
| | | | | | | १७११८१६० |

| | | | | |
|---|---|---|---|---|
| २४ | | | **पेश्की फर्स्यौट :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेस्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको १५ दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल, भरपाई र कागजात सहितको प्रमाण सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने र कार्यालयले आवश्यक जाँचबुझ गरी पेस्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्वास्थ्य सम्बन्धी कार्यक्रम गर्न विभिन्न कर्मचारीहरुलाई पेस्की दिएकामा निर्दिष्ट समयमा नै कार्यसम्पन्न गरी फर्स्यौट गर्ने गरेको देखिएन। अत: तोकिएको समयमा नै कार्यक्रम सम्पन्न गर्ने सक्ने कार्यक्रमका लागि मात्र पेस्की दिने व्यवस्था गर्नु पर्दछ। | |
| २५ | | | **जिन्सी व्यवस्थापन :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छात्यस्तै | |

<table>
<tr><td></td><td></td><td></td><td>जिन्सी श्रेस्ता व्यवस्थित गर्न म.ले.प.फा.नं. ४०१ देखि ४१८ सम्म फारामहरु लागू भएको छ भने जिन्सी हिसाब तथा श्रेस्ता राख्नको लागि महालेखा नियन्त्रक कार्यालयले मिति २०७७।४।१ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेकोमा पालिकाले PAMS को प्रयोगमा ल्याएको भएपनि शुरुदेखिको एकीकृत जिन्सी विवरण तयार गरेको छैन भने चालु आ.व.को मात्र जिन्सी अभिलेख तयार गरेको देखिएकोले पालिका गठन हुन अगाडिदेखिको एकीकृत सम्पत्ति विवरण तयार गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>आर्थिक सहायता :- कुनै व्यक्ति तथा संस्थालाई आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भएको देखिदैन। आर्थिक सहायता तथा वितरणमुखी कार्यक्रमले पुँजी निर्माणमा योगदान पुर्याउने अंश घट्न गई पुँजीगत कार्य प्रगतिमा असर गर्ने अवस्था एकातिर देखिन्छ भने अर्को तर्फ यस्तो खर्चले प्रतिफल नदिने हुन्छ। यस्तो वितरणमुखी एवं आर्थिक सहायता वितरण प्रक्रियालाई नियन्त्रण गर्नुपर्ने भनी गतविगतमा सुझाव दिंदै आएकोमा यो वर्ष १२० जनालाई रु.१ करोड ७४ लाख १० हजार विनियोजन गरेकोमा रु.६ लाख ८७ हजार र अन्य सामाजिक सहायता शीर्षकबाट विभिन्न ३३ जनालाई रु.२ लाख ७३ हजार विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको देखिन्छ। यस्तो खर्चलाई निश्चित विधि र मापदण्डको विकास गरी नियन्त्रण र प्रतिफलमुखी बनाउनुपर्दछ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>पेश्की बाँकी :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेस्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.८ करोड ५७ लाख १३ हजार १३५ बाँकी रहेको देखिन्छ। सो मध्ये निम्नानुसारको पेस्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.
<table>
<tr><th>पेश्की मिति</th><th>गो.भौ.नं.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिनेको नाम</th><th>पद</th><th>पेश्की रु</th></tr>
<tr><td>२०७८/०७/१५</td><td>२</td><td>विधुत लाइन विस्तार तथा मर्मत</td><td>अनिल कुमार गुप्ता</td><td>सहायक चौथौ</td><td>५००००</td></tr>
<tr><td>२०७८/०७/१५</td><td>२</td><td>विधुत लाइन विस्तार तथा मर्मत</td><td>पुरुषोत्तम राय</td><td>कार्यालय सहायक</td><td>५००००</td></tr>
<tr><td>२०७८/०७/१५</td><td>२</td><td>विधुत लाइन विस्तार तथा मर्मत</td><td>राम पृत सिंह</td><td>सहायक पाँचौ</td><td>१०००००</td></tr>
<tr><td>२०७८/०८/१६</td><td>१०१</td><td>पदाधिकारी सुबिधा</td><td>भरत मंडल</td><td>हलुका सवारी चालक</td><td>१५००००</td></tr>
<tr><td>२०७९/०१/०७</td><td>११७</td><td>पोषण संवेदनशील (खानेपानी तथा सरसफाइ, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरू सञ्चानल)</td><td>महेन्द्र प्रसाद कुशवाहा</td><td>सहायक</td><td>१८००००</td></tr>
<tr><td>२०७९/०३/०२</td><td>१५४</td><td>मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला र निशुल्क गर्भपतन कार्यक्रम</td><td>वैजु शंकर राउत</td><td>हेल्थ असिस्टेन्ट</td><td>४८०००</td></tr>
<tr><td>२०७९/०३/०५</td><td>४४२</td><td>पदाधिकारी सुबिधा</td><td>भरत मंडल</td><td>हलुका सवारी चालक</td><td>१५००००</td></tr>
<tr><td>२०७८/०८/२७</td><td>१८</td><td>भो.क.ज. प्रा. विधालय व्यवस्थापन गर्ने कार्य</td><td>भो.क.ज.नि.मा.वि.सिसौटिया</td><td></td><td>६०००००</td></tr>
</table></td><td>२२,१६१,१२५</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| २०७८/०९/०१ | ३० | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रबृत्ति (आवासीय तथा गैरआवासीय) | श्री बेणी भोला नमुना मा.वि. | प्रधानाध्यापक | ४८०००० |
| २०७८/०९/०१ | ३० | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | श्री बेणी भोला नमुना मा.वि. | प्रधानाध्यापक | २०४८५० |
| २०७८/०९/०५ | ४२ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | सार्वजनिक प्रा वि रामवनटोल | | २६८६५० |
| २०७९/०२/२५ | १४३ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | सामाजिक सामुदायिक प्रा. वि. जयपुर | | १४३००० |
| २०७९/०२/२६ | १४५ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | भगवति प्रा.वि मनहर्वा सिसौटिया | | १६०००० |
| २०७९/०३/०५ | १५ | केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान | जनता न. मा. वि. सिमरा भगवतीपुर | | ७०००००० |
| २०७९/०३/०९ | १६७ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | श्रीमति सरस्वतीदेवी कुशवाहा सामुदायिक आधारभुत विद्यालय | | ८२८००० |
| २०७९/०३/२० | १८३ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | राम जानकी आ.वि. बगदह | | ४५०००० |
| २०७९/०३/२० | १८४ | तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान | जनता आ. वि. जयपुर | | ६२९६२५ |
| | | | २८ | महरानी स्थानको गेट निर्माण र कम्पाउण्ड वाल निर्माण तथा प्लाष्टर | ५००००० | | ५००००० | २०७९।०९।२१ | ३ | |
| | | | २९ | भैपरी आउने पुजीगत | ५००३८०७।१८ | बनिया कुटीमठ निर्माण | ५००००० | २०७८।०८।१६ | ८ | |
| | | | | | | भोलेनाथ मंदिर जाने पोखरीकोदक्षिण डिलमा सडक मर्मत | १५०००० | २०७८।०८।२१ | १० | |
| | | | | | | भगलु जीको टेकामा जाने बाटोस्तरोन्नती | ४००००० | २०७८।०८।२१ | १२ | |
| | | | ३० | मुस्लिमटोल सडक निर्माण | १०००००० | वडाकार्यालय भवन निर्माण | २००००० | २०७८।११।२२ | ७ | |
| | | | ३१ | विविध | ८००००० | अविद दर्जीको घर देखी नाला सम्म सडक ढलान | १५०००० | २०७८।११।०२ | ८ | |
| | | | | | | नरेश मिश्रको घर देखी हुलाकी सडकसम्म नाला निर्माण | २५०००० | २०७८।०८।१६ | ८ | |
| | | | | | | बगदह सडक देखी कमलेश झाको घरसम्म सडक ढलान | ३००००० | २०७८।०८।१६ | ८ | |
| | | | ३२ | सडक मर्मततथा ग्रेभल वडा नं.०८ | ५००००० | सडक मर्मततथा ग्रेभल | ५००००० | २०७८।०८।१६ | ९ | |
| | | | ३३ | ज्योतीश्रेष्ठको घर नजिक नाला निर्माण | २००००० | ज्योतीश्रेष्ठको घर नजिक ग्रेभल | २००००० | २०७८।०९।२१ | १० | |
| | | | जम्मा रकम | | ११७००००० | जम्मा रकम | ७०२५००० | | | |
| ३८.२ | | | निम्नानुसार भौतिक पूर्वाधार निर्माण कार्यमा विनियोजित वजेटवाट निर्णय वेगर फरक शिर्षक पारी खर्च लेखेको अनियमित देखिएको रु. | | | | | | | ४,१३८,२८३ |

| गो. भौ . नं। मिति | खर्च लेखेको | विनियोजित वजेटको शिर्षक | वडा | रकम |
|---|---|---|---|---|
| १२०- ०७८।११।०४ | क्रिकेट समाग्री खरिद वापत भुक्तानी | वर्षायाम्मा माटो तथा ग्राभेल | १० | ६०००० |
| २३३- ०७९।१।०७ | भाँडाकुडा वितरण | अन्य सार्वजनिक निर्माण | ५ | ९९७२९ |
| ३१७- ०७९।०३।२० | पोल तथा तार जडान | वन तथा वातावरण संरक्षण | | ९६१८८९ |
| ३२१- ०७९।३।२१ | वडा नं १० सडक ग्राभेल | जितराको कुण्डी सरमकारी | १० | ३९०००० |
| ३४३- ०७९।३।२४ | ह्युम पाईप खरिद | कम्पाउण्ड वाल मर्मत | ७ | ३३०४४४ |
| ३४४- ०७९।३।२४ | ह्युमपाईप खरिद | कम्पाउण्ड वाल मर्मत | ७ | ९८७०७५ |
| ३४६- ०७९।३।२४ | टेवल खरीद वापत महादेव स्टोसलाई भुक्तानी | कम्पाउण्ड वाल मर्मत | | ३९१५५० |
| ३४८- ०७९।३।२४ | हयाण्डपम्प जडान वडा १ | विविध र विउविजन वितरण | | ८४९३४६ |
| ३४९- ०७९।३।२४ | जानकी टोल चौतारा निर्माण ०७ | महादेव राउतको घरदेखि सडक निर्माण | | ६८२५० |
| जम्मा | | | | ४१३८२८३ |

३९

**अधुरो योजना कार्यान्वयन र सम्पन्न स्थिति-**

पालिकाले गतबिगतमा आंशिक कार्य भई अधुरा रहेका योजनाहरुमा यस बर्ष न्युन बजेट विनियोजन गरी उपभोक्ता समितिमार्फत भौतिक संरचनाहरू निर्माण गर्दा केही योजना पुरा भएको तथा केही पुन: अधुरो हुनेगरी कार्य गरेको देखियो । गत विगतमा अधुरो रहेका उक्त योजनाहरुको अध्यावधिक नापी किताब लगायतका विवरणहरु संलग्न नगरी यस्ता योजनाहरु सञ्चालन गर्दा ओभरल्याप हुन सक्ने समस्या देखिन्छ भने गुणस्तरीयता समेत नहुन सक्ने देखिन्छ । पर्याप्त बजेट बिनियोजन नगरी कार्य गर्दा अधुरो योजनाहरुको निर्माण कार्य पुरा गर्न धेरै बर्ष लाग्ने तथा वार्षिक रूपमा बजेट विनियोजनको सुनिस्चितता समेत नहुने देखिन्छ । योजना छनौट गर्दा पर्याप्त बजेट तथा सम्पन्न हुने हिसाबले गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। गत विगतमा अधुरो रहेका र यसवर्ष बजेट विनियोजन गरी खर्च गर्दा समेत पुन अधुरो नै हुन गएका केही योजनाहरु देहायअनुसार रहेका छन ।केही उदाहरणहरु-

| गो भौ नं.।मिति | कार्यविवरण | लागत अनुमान रु | कार्य सम्पन रु | भुक्तानी रकम रु | नापी अनुसारको हालको कार्य |
|---|---|---|---|---|---|
| १०१।०७८।१०।१७ | समत नजिक अधुरो भवन निर्माण | १०८१४०४ | १११२४०९ | ९७५००० | ढलान र माटो पुने कार्य |
| १२६।०७८।१०।१७ | शिवजीमहाराजको मठ निर्माण | ३२५१०९ | २९७३४१ | २९२५०० | रंगरोगन झ्याल ढोका माटो |
| १३२।०७८।११।१० | अधुरो धर्मशाला निर्माण | ३२६३०९ | ३२६०३४ | २९२२५३ | गारो प्लाप्टरु र झ्याल ढोकाको कार्य |
| १४९।०७८।११।२६ | दलित धर्मशाला रंगरोगन | २१६९७० | २१३१५० | १९१५८८ | झ्यालढोका कम्पाउन्ड वाल रङरोगन को कार्य |
| १६६।०७८।१२।०१ | भाट टोलो मस्जिद ढलान | ७५९६४३ | ८३५२९९ | ६८२५०० | छत ढलान तथा गारोको कार्य |
| १६९।०७८।१२।०१ | साना किसान नजिकको धर्मशाला मर्मत | ८६७३४६ | ८९५२०७ | ७८०००० | प्लाष्टरझ्यालढोका तथा इटाको कार्य |
| २०५।०७८।१२।०१ | नासीचोकमा अधुरो गेट निर्माण | ४३४०४६ | ४४४३०७ | ३८००० | गारो ढलान र निर्माणकार्य |
| २१६।०७८।१२।२९ | पुरानो मसुजिद मर्मत संभार | ४४९८२७ | ४१९५३२ | ३७७००० | ढलान गेट निर्माण तथा प्लाष्टरको कार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| २२४।०७९।०१।०६ | जानकी नगर सामुदायिक भवन निर्माण | ४३०९३० | ४४२११८ | ३९०००० | प्लाष्टरझ्याल ढोकाको कार्य |
| २४९।०७९।०१।०९ | सामुदायिक भवनमा प्लाषटर | ६६३१७४ | ६४६२६३ | ५७०००० | प्लाष्टरझ्यालढोकाको कार्य |
| २६७।०७९।०१।२५ | बनिया कुटी मर्मत तथा प्लाष्टर | ५३६६७९ | ५५९५२० | ४८७५०० | रंगरोगन को कार्य |
| २८७।०७९।१।२५ | दलित सामूदायिक भवन प्लास्टर तथा रंगरोगन | २१६७३१ | २०६७८६ | १८६००० | प्लाष्टररटायलको कार्य |
| ३२२।०७९।०३।२९ | रामजानकी अधुरो मन्दिर निर्माण | १३०२२५८ | १३०२५३९ | ११७००० | प्लाष्टररसोलिङको कार्य |
| ३७०।०७९।०३।२५ | अधुरो अपांग भवन निर्माण | १०८५०३९ | ९०५६८९ | ८१४८५० | ढलान झ्याल ढोकाको कार्य |
| | | ८६९५४६५ | ८६०६१९४ | ६१९४१९१ | प्लाष्टर झ्याल ढोकाको कार्य र माटो पुर्ने कार्य |

४०

**नम्स अनुसारको बिल भरपाई पेश नगरेकोले असुल गर्नुपर्ने**

१५५,६२७

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ ।नमुना छनौट गरी परीक्षण गर्दा कार्यालयले निम्नानुसारको निर्माण कार्यको भुक्तानी दिंदा गुणस्तर परीक्षण नगरेको तथा नापी किताव र नम्स अनुसार लाग्ने सामग्री भन्दा घटी विल संलग्न गरेपनि उपभोक्ता समितिलाई नम्स वमोजिमकै रकम भुक्तानी गरेको देखियो ।वास्तविक लाग्ने भन्दा कम सामाग्री (रड, सिमेन्ट) प्रयोग गरेको देखिएकोले गुणस्तरियता कायम समेत नहुने देखिन्छ। तसर्थ नम्स अनुसार खरिद गरेको नदेखिएकोले निम्नानुसार असुल गर्नुपर्ने देखिएको रु

| गो. भौ . नं . मिति | योजनाको नाम | वडा नं | कार्य विवरण | नापी परीमाण | नापी अनुसार लागने परिमाण | श्रेस्ता साथ सम्लग्न विल परिमाण | नपुग विल | भ्पाट समेत नपुग रकम रु |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०६-०७८।१०।२७ | वडा नं २ को वडा स्तरीय सडक ढलान | १२ | pcc१ : १ : ५ : ३ | ४८.३१ | ३३६ | २८० | ५६ | ५५३७० |
| १०७-०७८।१०।२७ | सडक ढलान मुख्य ठाउ | १२ | " | ४८.६८ | ३४५ | ३२० | २५ | २४७१८ |
| १७०-०७८।१२।०९ | सलेस मन्दिर निर्माण | ६ | Reinforce mein | १२३३ | १२३३ | १०२४ | २०९ | २९२८५ |
| १९२-०७८।१२।०९ | माधेपुर सडक ढलान | ११ | Reinforce mein | ७८७ | ७८७ | ७५० | ३७ | ४४६९ |
| २५३-०७९।१२।०९ | महेन्द्र प्रसाद यादवको दरवाजा देखि अभिर महतोको घरसम्म ढलान | ३ | Reinforce mein | १२५७ | १२५७ | १२२५ | ३२ | ३८६५ |
| २९६-०७९।३।०७ | सुरेन्द्र सिंहको घरदेखि गलेन्द्र सिंहको घर सम्म ढलान | ६ | pcc१ : १ : ५ : ३ | ४३.९५ | ३०३ | २८० | २३ | २२७४१ |
| २९७-०७९।३।०७ | शिवचन्द्र झाको घरदेखि विनय राउतको घर सम्म ढलान | ८ | " | २३.३७ | १६३ | १५४ | १९ | ८८९८ |
| ३६८-०७९।३।२५ | धनुसलालको घर नजिक ढलान | ५ | Reinforce mein | ७१५.०६ | ७१५.०६ | ६६३ | ५२ | ६२८१ |
| | | | | | | | | १५५६२७ |

| | | | | |
|---|---|---|---|---|
| ४१ | | | **मूल्य अभिवृद्धिकर रकम वढी भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर रकम कट्टी गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले उपभोक्ता समितिसंग सम्झौता गर्दा निर्माण कार्यमा प्रयोग हुने सामग्रीहरु सिमेन्ट छड र सिमेन्टमा मूल्य वृद्धि कर जोडी लागत अनुमान तयार गरी सम्झौता गरेको छ। उपभोक्ता समितिहरुले कार्य सम्पन्न पश्चात योजना फरफारक को लागि यस गरेको विल भरपाई अनुसार लागत अनुमान अनुसार लाग्नेभन्दा घटिको मूल्य अभिवृद्धि कर तिरेको बिल पेश गर्दा समेत लागत अनुमानमा समावेश भएको मूल्य अभिवृद्धि कर रकम भुक्तानी दिएको देखियो। तसर्थ उपभोक्ताले वास्तविक रूपमा तिरेको भन्दा बढी मूल्य अभिवृद्धि कर भुक्तानी भएको देखिएकोले सो रकम असुल गर्नुपर्ने देखिएको रु | २७४,००७ |

| गो. भौ. नं. मिति | योजनाको नाम | वडा नं. | कार्य विवरण | परिणाम | नर्म्स अनुसारलाग्ने इकाइ संख्या | समावेश भ्याट | संलग्न भ्याट | भुक्तानी भ्याट | बिलबेगर भुक्तानीभ्याट रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ७८।०७८।१०।२० | इनारदेखि राकेश पंडितको घर सम्म ढलान | ९ | PCC 1:1.5:3 | ३३ | ७ | २६३०३ | २००३६ | ६२६७ | ६२६७ |
| ७९।०७८।१०।२० | बैधनाथपडितको घरदेखि ढलान | ९ | PCC 1:1.5:3 | ३५ | ७ | २७४३२ | १५१९० | १२२४२ | १२२४२ |
| ८७।२०७८।१०।२६ | कलामकोघर देखि सरोजको घर सम्म सोलिग | ११ | PCC 1:1.5:5 | १९ | ७ | १५३४६ | १२५४८ | २७९८ | ४१०४ |
| | | | इटा | १२९ | १३० | ७५६४ | ६२४० | १३०६ | |
| १०७।०७८।१०।२६ | मुख्यसडक सडक ढलान (पेडबिल अनुसार) | १२ | PCC:1:1.5:3 | ५० | ३२० | ३६४०० | २३७१२ | १२६८० | १२६८० |
| १०६।०७८।११।२७ | मुख्यसडक सडक ढलान (पेडबिल अनुसार) | १२ | PCC:1:1.5:3 | ४९ | २८० | ३१८५० | २२९३२ | ८९१८ | ८९१८ |
| १२४।०७८।११।८ | आत्मारामकोघरदेखी चन्देश्वरको घरसम्मढलान | १० | इटा सोलिग | १७२ | ६४३४ | १०३५६ | ६२४० | ४११६ | ४११६ |
| १४२।०७८।११।१२ | माइकलकोघर देखि ढलान | १० | PCC:1:1.5:3 | २७ | ७ | २१६३० | १७४०३ | ४२२६ | ४२२६ |
| १६८।०७८।१२।०१ | लोहासिंहको घर नजिक ढलान | ७ | PCC:1:1.5:4 | ४३ | ६९४ | ३३६६१ | २०३७७ | १३२८४ | १३२८४ |
| २२३।०७८।०१।०६ | बगदहुलाकि सडक देखि गोडैता बजारसम्म ढलान | ८ | PCC:1:1.5:5 | २२१ | ७ | १६७६७ | १०१५१७ | ६६१४८ | ७७८८० |
| | | ८ | इटा | १०६९ | ३८ | ६२५६२ | ५०८३० | ११७३२ | |
| २७।०७८।०९।०५ | देबेन्द्रकोघरदेखि मुल बाटो सम्म ढलान | १० | इटा सोलिग | १९८ | ३८ | ११५६० | ९३६० | २२०० | २२०० |
| ३६।०७८।०९।२१ | कुर्मीटोल महादेब राउतको घरदेखि सडक ढलान | ७ | PCC:1:1.5:3 | ५१ | ७ | ४०५९२ | २५५४७ | १५०४५ | |
| | कुर्मीटोल महादेब राउतको घरदेखि सडक ढलान | ७ | इटा सोलिग | ३६४ | ३७ | २१२५८ | १७१६० | ४०९८ | १९१४३ |
| ३६।०७८।०९।२१ | बाबाकामेश्वर मंदिर निर्माण | ८ | PCC:1:1.5:3 | ३० | ७ | २३६२९ | १९८०८ | ३८२० | ३८२० |
| ५२।०७८।१०।०९ | मुस्लिमटोलको सडक निर्माण | ७ | PCC:1:1.5:3 | ४८ | ७ | ३७९२३ | २४४२० | १३५०३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | मुस्लिमटोलको सडक निर्माण | ७ | इटा सोलिग | १९२ | ३७ | ११२३४ | ९३६० | १८७५ | १५३७८ |
| १०२।०७८।१०।२७ | बुधनठाकुर सोनारको घर देखि सडक ढलान | ८ | PCC:1:1.5:3 | २८ | ७ | २२३४५ | १४६९६ | ७६९८ | ७६९८ |
| १०४।०७८।१०।२७ | मोहनअंसारीको घर देखिसडकढलान | १२ | PCC:1:1.5:3 | २८ | ७ | २२३५६ | १३३८ | ९०१८ | १०१९२ |
| | | १२ | इटा सोलिग | १३६ | ३७ | ७९३४ | ६७६० | ११७४ | |
| १८४।०७८।१२।२० | भगवतिपुरमहाविर स्थान देखी मठ सम्म इटासोलिग | ३ | PCC:1:1.5:3 | १३ | ७ | १०३६५ | ४५६३ | ५८०२ | ५८०२ |
| २०६।०७८।१२।२७ | महाबीरमंदिर देखि टोल सम्मढलान | ७ | PCC:1:1.5:3 | ७५ | ७ | ५९४०४ | ४०४६९ | १८९३५ | १८९३५ |
| २२५।०७९।१।६ | अर्विन्ददर्जीको घर देखी नाला निर्माण | ८ | Pcc 1:1.5:3 | १३ | ६ | १०००५ | ७३५० | २७५४ | २७५४ |
| २५३।०७९।१।२६ | महेशप्रशादको दरवाजा देखी अमिरि महतोको घर सम्म | ३ | Pcc 1:1.5:3 | ४९ | ७ | ३८९५० | २१४५० | १७५०० | १७५०० |
| २९६।०७९।३।७ | सुरेन्द्र सिंहको घरदेखि शैलेन्द्र | ७ | Pcc 1:1.5:3 | ४४ | ७ | ३१८५० | २११४८ | १०७०० | १०७०० |
| २९७।०७९।३।६ | शिबचन्द्र झाको घरदेखीविनागी राउतको घरसम्म ढलान | ८ | Pcc 1:1.5:3 | २३ | ७ | ३१८५० | २११४८ | १०७०१ | १०७०१ |
| ३१०।०७९।३।१७ | लखनहजारीके घर देखी दक्षिण जगदिश महतोको घर सम्म ढलान | ३ | Pcc 1:1.5:3 | २६ | ७ | २०३३५ | १७२३८ | ३०९६ | ३०९६ |
| ३६८।०७९।३।२५ | धनुषलालको घर नजिक ढलान | ५ | इटा सोल | १७४ | ६५०० | १०१७१ | ७८०० | २३७१ | २३७१ |
| | | | | | | | | २७४००७ | २७४००७ |

| | | | | |
|---|---|---|---|---|
| ४२ | | | **न्युन बजेट विनियोजन गरी योजनाहरु अधुरो हुन गएको–** | |

| | | | | |
|---|---|---|---|---|
| | | | नगरपालिकाले यस वर्ष बजेट विनियोजन गरी खर्च लेख्दा अधिकांश योजनाहरू अपुरो हुने गरी न्युन रकमको बजेट विनियोजन गरेको छ। खरिद तथा निर्माण आवश्यकता समेतको पहिचान गरी कार्य सम्पन्न हुने गरी बजेट विनियोजन नगर्नाले प्रत्येक वर्ष बजेट विनियोजनको सुनिश्चितता नहुने, पूर्ण कार्य गराउँदा नापी किताब लगायतको अभिलेख व्यवस्थित नभई लागत अनुमान तयार गर्न र पुष्ट्याई गर्न समस्या हुने, गुणस्तरीयता समेत कमजोर हुन सक्ने समस्या देखिन सक्ने हुन्छ । तसर्थ पर्याप्त बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न हुने गरी कार्य गर्नुपर्ने देखिएको छ। नमुना छनौट गरी परिक्षण गर्दा निम्न योजनाहरुमा पर्याप्त बजेट नछुट्याई न्युन वजेट विनियोजन गरेकोले केही कार्य मात्र भई अपुरो रहन गएको छ । वर्षेनी श्रोत सुनिश्चितताको अवस्था नहुनसक्ने हुनाले न्युन वजेट विनियोजन नगरी कार्यसम्पन्न हुने पद्दतीवाट बजेट विनियोजन र कार्यान्वयन हुनुपर्ने देखिन्छ ।केही उदाहरणहरु- | |

| भौ न | योजनाको नाम | लागत अनुमान | कार्यसम्पन्न रकम | भुक्तानी रकम | अध्यावधिक कार्य |
|---|---|---|---|---|---|
| १२१।०७८।११।५ | बिन टोलको धर्मशाला निर्माण | ५३८२९१ | ५१८११४ | ४६१००० | पिल्लर उठाइ ढलान मात्र गरेको |
| १५९।०७८।१२।१ | सामुदायिक भवन निर्माण वडानम्बर १० | ३२८४१६ | ३२८८५८ | २९२५०० | डिपिसी गरी छड ठड्याई राखेको |
| २०८।०७८।१२।१७ | सलेशमन्दिर निर्माण वडा नम्बर १२ | ३२२६९९ | ३९१७९१ | २६२५०० | पिलर ढलान तथा गारोको कार्य गरेको |
| २१४।०७८।१२।९ | कन्चन मर्ने मन्दिर निर्माण वडानम्बर१२ | २१४६१९ | २२४३३५ | १९५००० | फाउन्डेसन र गाह्रो को कार्य |
| २७८।०७९।२।१८ | विशहर वावामन्दिर निर्माण वडा नम्बर १० | २१७७८४ | २३७२२८ | १९५००० | डिपिसीसम्म कार्य |

| | | | | |
|---|---|---|---|---|
| ४३ | | | **झोलुङ्गे पुल निर्माण** | |
| ४३.१ | ८ | २०७८-१२-२९ | वेलवा पिपरनाथ सेती झोलुंगे पुल निर्माणको लागि पालिकाले मिति रु ५२९१६८१ को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग मिति २०७८।१।२४ मा सम्झौता गरेकोमा यस वर्ष रु १०४७३२६ को विल संलग्न गरी रु १०८१०५३ भुक्तानी गरेको छ। अघिल्लो रनिङबिलमा बजेट अभाव भएकोले यस रनिङ विलवाट पुरानो वक्यौता समेत रु १०८१०५३ भुक्तानी गरेकोमा हालसम्मको मूल्याँकन रु २०२१४८३ र भुक्तानी रु १९८१०५३ रहेको छ । लागत अनुमान अनुसार निर्धारित समयमा कार्यसम्पन्न गराउन नगरपालिकाले ध्यान दिनुपर्ने देखिएको छ। | |
| ४३.२ | | | उपभोक्ता समितिले यसवर्ष रु १०४७३२६ को कार्य मूल्यांकन संलग्न गरेकोमा रु ८४३१०३ को मात्र बिल भरपाई संलग्न भएकोले नपुग बिल भर्पाइ रु २०४२३३ सम्बन्धमा पालिकाले यकिन गर्नुपर्ने देखिएको रु | २०४,२३३ |
| ४४ | | | **तराई मधेश समृद्दि कार्यक्रम** | |
| ४४.१ | | | गरिवको लागी घर निर्माण कार्यक्रम-नगरपालिकाले यस वर्ष गरिबको लागि सामुदायिक भवन निर्माण कार्यक्रमको लागि प्रतिघर रु ५२४९६६ को लागत अनुमानको दरले १३ वटा घरको लागि रु ६८२२३६५ कुल लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएकोमा रु ६८२४५६८ को कार्य मूल्यांकन संलग्न गरी रु ५८५०००० भुक्तानी दिएको छ। यसरी वितरणमुखी कार्य गर्दा लाभग्राही छनोटको आधार संलग्न हुन आएन । प्रदेश कार्यालय तथा संघीय कार्यालयहरुले समेत लाभग्राहीहरुको घर निर्माणको कार्य गर्ने हुँदा उक्त निकायहरुसँग समन्वय गरेको प्रमाण कागजातहरु संलग्न भएको देखिएन। लाभग्राही छनौट गर्दा मापदण्डको आधार तय हुनुपर्ने र वास्तविक हुनुपर्ने तथा दोहोरो नहुने पद्धतिबाट कार्य गराउनु पर्ने देखिन्छ । | |
| ४४.२ | २९ | २०७९-३-२५ | उपभोक्ता समितिबाट जटिल कार्य- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) अनुसार श्रममूलक प्रकृतिको काम र उपनियम १०बमोजिम उपभोक्ताले लिएको काम आफैले सम्पन्न गर्नुपर्ने र निर्माण व्यवसायी प्रयोग गर्न नहुने उल्लेख छ । यसबर्ष नगरपालिकाले डिप बोरिङको कार्य समेत उपभोक्ता समितिवाट गराएको छ। उक्त कार्यको लागि रु २६५५३५६ प्रति वोरिङको लागत अनुमान तयार | ४,८७५,००० |

<table>
<tr><td></td><td></td><td></td><td>गरी २ वटाको लागि रु ५३१०६९२ कुल लागत अनुमान तयार भएकोमा उपभोक्ता समितिसँग निर्माण कार्यको लागी सम्झौता गरेको छ। डिप वोरिङ कार्य श्रममूलक नभएको हेभी मेसिन प्रयोग गर्नुपर्ने , जटिल प्रकृतिको भएको , सम्पूर्ण कार्य निर्माण व्यवसायी स्वाभिमान ड्रिलिङ पाइलिङ कम्पनी मलंगवाको रु ५३१०६९२ को विल विजक संलग्न गरी रु४८७५००० भुक्तानी गरेको देखियो। यसरी सम्पूर्ण कार्य निर्माण व्यवसायीबाट गराई उपभोक्ता समितिको योगदान नहुने जटिल प्रकृतिको कार्य गराएको सार्वजनिक खरिद नियमावली विपरित नियमसम्मत नदेखिएको रु</td><td></td></tr>
<tr><td>४४.३</td><td></td><td></td><td>लागत सहभागिता नभएको- तराई मधेश समृद्ध कार्यक्रम निर्देशिका २०७७ को परिच्छेद २ बुँदा नं ५ मा लागत साझेदारी सम्बन्धी व्यवस्था रहेको छ। सोअनुसार आयोजना कार्यक्रम गर्नको लागि कार्यक्रमको तर्फबाट अधिकतम ९०% र स्थानीय तहबाट न्युनतम १०% लागत सहभागिता रहने उल्लेख छ। नगरपालिकाले यसबर्ष तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत निम्नानुसारको कार्यहरु गरेकोमा सम्पूर्ण रकम कार्यक्रमको तर्फबाट मात्रै व्यहोरेको देखियो। तसर्थ नगरपालिकाको लागत साझेदारी वापत हुन आउने रकम नेपाल सरकार संघीय कोषमा दाखिला हुनुपर्ने देखिएको रु
<table>
<tr><th>भौ न मिति</th><th>योजनाको नाम</th><th>वडा</th><th>लागत अनुमान रु</th><th>मूल्यांकन रु</th><th>भुक्तानी रकम रु</th><th>नगरपालिकाबाट हुनु पर्ने लागत साझेदारी रु</th></tr>
<tr><td>२८।०७९।३।२५</td><td>गरिबको लागि भवन निर्माण</td><td>३</td><td>६८२२३६५</td><td>६८२४५६८</td><td>५८५००००</td><td>५८५०००</td></tr>
<tr><td>४।०७८।९।२८</td><td>अमिरी रायको घरदेखि शिवजी बैठकको खेतसम्म सडक ढलान</td><td>३</td><td>५४०५९१३</td><td>५४१८४८७</td><td>४८७५०००</td><td>४८७५००</td></tr>
<tr><td>२९।०७९।३।२५</td><td>डिप वोरिङजडान वडानम्बर ३ र ९</td><td>३र ९</td><td>५३१०६९३</td><td>५३१०६९२</td><td>४८७५०००</td><td>४८७५००</td></tr>
<tr><td colspan="5">जम्मा रकम</td><td>१५६०००००</td><td>१५६००००</td></tr>
</table></td><td>१,५६०,०००</td></tr>
<tr><td>४५</td><td>१४</td><td>२०७८-९-२८</td><td>उपभोक्तालाइ ओभरहेड भुक्तानी-<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर,ओभरहेड तथा कन्टेन्जेन्सी कट्टी गेरर मात्र दिनुपर्ने व्यवस्था रहेको छ। नगरपालिकाले अमिरी रायको घरदेखि शिवजी बैठकको घरसम्म सडक ढलान कार्य गर्दा roadway excavation in ordinary rock as per drawing and technical specification encoding all left and leading को लागि rate analysis गर्दा रु २०१ को दररेट प्रयोग गर्नुपर्नेमा overhead समेत समावेश गरेकोले बढी दरले भुक्तानी हुन गएको (३१*४४१.३४) असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु</td><td>३१,६८९</td></tr>
<tr><td>४६</td><td>६</td><td>२०७८-९-१८</td><td>गहुँ खरिद<br><br>विपत व्यवस्थापन कोष उपशीर्षकको चुल्हा सेट वितरण कार्यक्रमबाट ठेक्का नं.१/२०७८/७९ को ११२।५० मेट्रिक टन गहुँको विउँ आपुर्ति गर्ने कार्यका लागि लागत अनुमान तयार नगरी बजेटलाई नै आधार मानी राष्ट्रिय स्तरको पत्रिकामा मिति २०७८।११।१२ मा सूचना प्रकाशन गरी सबैभन्दा घटी रकम कबोल गर्ने प्रस्तावदाता भनी सफु एग्रोभेटसँग मिति २०७८।८।३ गते प्रति टन रु.८०,००० का दरले आपुर्ति गर्ने गरी रु.९० लाख बराबरको सम्झौता गरी ५० प्रतिशत बरबारको रकम गो.भौ.नं.२।२०७८।९।१८ बाट रु.८,४२,०५५ र गो.भौ.नं.६।२०७८।९।१८ बाट रु.२६,५७,१४५ गरी कूल रु.३४,९९,२०० भुक्तानी दिई वाँकी सम्बन्धित लाभग्राहीबाट सोझै फर्मलाई रकम भुक्तानी दिएको छ। त्यस्तै उक्त खरिद गरेको गहुँको बिउले नपुग भएको भनी खरिदको कुनै प्रकृया नअनाई सोही सेन्टरबाट प्रति के.जि. रु.४० का दरले रु.९,९८,४०० भुक्तानी दिएकोमा देखिएका व्यहोरा निम्नानुसार छन् :-<br>• लाभग्राही छनौट खुल्ला पारदर्शी एवं सबैको पहुँच स्थापित हुनेगरी नगरेको तथा खरिद आवश्यकताको किसिम र परीमाण समेत यकिन नगरी खरिद प्रकृया अगाडी बढाएको,<br>• खरिद कानून बमोजिम लागत अनुमान तयार नगरी खरिद प्रकृया अगाडी बढाएकोले मितव्ययी भयो वा भएन तुलना गर्न नसकिएको,</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>• बोलपत्र जमानत रकम रु.२,२५,००० माग गर्नुपर्नेमा रु.१,१३,००० मात्र माग तथा पेश गरेको छ । त्यस्तै कार्यसम्पादन जमानत बापत रु.४,५०,००० जम्मा गर्नुपर्नेमा रु.२,२५,००० मात्र जम्मा गरेको छ,<br>• प्रचलित ऐन कानून अनुसारको खरिद सम्बन्धि बोलपत्र कागजात तयार गरेको छैन भने बोलपत्रदाताको प्रस्तावित रकमहरुलाई मात्र आधारमानी सम्झौता गरेको छ । मुल्याङ्कनको कुनै प्रकृया पुरा गरेको छैन,<br>• उक्त खरिदको भुक्तानी गर्दा कुनै धरौटी कट्टी पनि गरेको छैन भने सो गहुँको उमार शक्ति पनि परीक्षण गरेको छैन,<br>अत: उल्लिखित व्यहोराहरु देखिएकोले खरिद कार्य गर्नु भन्दा अगावै उपयुक्त प्रकृयाद्वारा लाभग्राही छनौट गरी अनिवार्य रुपमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम खरिद कार्य र वितरण गरी लक्षित वर्गले प्राप्त गरे नगरेको तथा सो को उपयोगिता सुनिश्चत गर्न पालिकाले अनिवार्य रुपमा अनुगमन मुल्याङ्कन प्रकृयालाई प्रभावकारी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४७</td><td></td><td></td><td>ग्यास सहितको सिलण्डर वितरण<br><br>पालिका पुँजीगत वजेट उपशीर्षकको चुल्हा सेट वितरण कार्यक्रम अन्तर्गत देहाय बमोजिम ग्यास सहितको सिलण्डर आपुर्ति गर्ने कार्यका लागि बजेटलाई नै लागत अनुमान कायम तथा स्वीकृत गरी एक स्थानीय पत्रिकामा सूचना प्रकाशन गरी सबैभन्दा घटी रकम कबोल गर्ने प्रस्तावदाता भनी सुनिल ग्यास सेन्टरसँग सम्झौता देहाय बमोझिम भुक्तानी दिएकोमा देखिएका व्यहोरा निम्नानुसार छन् :-
<table>
<tr><td>गो भौ नं र मिति</td><td>खरिदको विवरण</td><td>भुक्तानी पाउन</td><td>भुक्तानी रु</td></tr>
<tr><td>२४३।२०७९।१।१९</td><td>GM/Gas stove/11/2078/79 को ३०५ थान ग्यास वितरण कार्य</td><td>सुनिल ग्यास सेन्टर</td><td>१५,६६,२०८</td></tr>
<tr><td>२४५।२०७९।१।१९</td><td>GM/Gas stove/10/2078/79 को ३०५ थान ग्यास वितरण कार्य</td><td>सुनिल ग्यास सेन्टर</td><td>१८,४३,१८४</td></tr>
</table>
• ठेक्का सम्झौता भई सकेपछी मात्र स्थानीयवासीहरुबाट माग सङ्कलन गरेको,<br>• ठेक्का नं २२ को कार्यसम्पादन जमानत बापत रु.७८,३१० पेश गर्नुपर्नेमा रु.३८,३१० मात्र जम्मा गरेको छ,<br>• सम्बन्धित लाभग्राहीको नाममा ग्यासको विमा गरेको कागज प्रमाण छैन । जसले गर्दा सम्भावित घटना भएमा त्यसको क्षति कसले व्यहोर्ने भन्ने अन्योलता सिर्जना भएको देखिन्छ,<br>• Defect liability period , Refilling of gas लगायतका विषयमा केही उल्लेख नगरी सम्झौट्टा गरेको छ,<br>• ग्यास प्राप्ति पछी कुनैपनि सामान ग्यास सिलिण्डर, चुला, पाईप, लाईटर आदिको गुणस्तर परीक्षण गरेको छैन,<br>• स्थानीयबासीका लागि खरिद गरेको ग्यास सेट मध्ये दुवै ठेक्काबाट १०/१० वटा सेट विभिन्न संस्थाहरुलाई समेत वितरण गरेको,<br>• पुँजीगत बजेट उपशीर्षकबाट प्रतिफल प्राप्त हुने विकास निर्माणका कार्यहरु गर्नुपर्नेमा वितरणमुखी कार्य गराएको,<br>पालिकाले खरिद कार्य गर्नु अगाडि नै माग सङ्कलन गरेरमात्र प्रचलित ऐन, नियमको पालना गरी खरिद कार्य गर्नु पर्दछ भने आन्तरिक आय नबढाई यस्ता वितरणमुखी कार्यमा नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>जनता मावि रामवनको भवन</td><td></td></tr>
<tr><td>४८.१</td><td></td><td></td><td>विद्यालय भवन निर्माण कार्यको लागि रु २४१४३२९ को लागत अनुमान तयार गरी विजी. आरके. भी. जेभी मानपुर ३ सर्लाहीको रु १६६३२००७ को प्रस्ताव स्वीकृत गरी २०७८।१।७ मा सम्झौता मितिले १८ महिना सम्म सम्पन्न गर्ने गरी पालिकाले खरिद सम्झौता गरेकोमा सम्बन्धित अवधिमा निर्माण कार्यको सम्पन्न नहुने स्थिति देखिएकोले २०८० असार मसान्त सम्म म्याद थप गर्ने नगरसभाले मिति २०७९।३।१० मा निर्णय गरेको पालिकाले जनाएको छ । निर्माण व्यवसायीलाइ गत वर्ष रु ३२ लाख मोविलाइजेशन पेश्की दिइएकोमा यो वर्ष प्रथम रनिङ विल वापत रु २९८४५०० भुक्तानी गरेकोमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन् ।</td><td></td></tr>
<tr><td>४८.२</td><td></td><td></td><td>कुल सम्झौता रकम रु १६६३२००७ मध्ये यस आर्थिक वर्षमा रु २९८४५०० अर्थात १७।९४ प्रतिशत मात्र प्रगती भएको देखियो । समयमा गुणस्तरीय निर्माण कार्य सम्पन्न गराउने पर्नेतर्फ पालिकालेले ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ४८.३ | | | सम्झौताअनुसार कार्यसम्पादन जमानतको अवधि निर्माणकार्य सम्पन्न भएको १३ महिना अर्थात त्रुटी सच्याउने अवधिसम्म हुनुपर्नेमा मिति २०८०।७।१ सम्म मात्र भएको देखिएकोले कार्यसम्पादन जमानत रु २७७६४७३ को मिति २०८१।४।३१ सम्म कार्यसम्पादन जमानतको भएको प्रमाण पेश हुनु पर्दछ। | |
| ४८.४ | | | निर्माण कार्यको बिमाः सार्वजनिक खरीद नियमावली २०६४ को नियम ११२ अनुसार रु १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निजलाइ निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गर्ने मिति सम्म निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुध्द प्रतिस्थापन खर्चको पन्ध्र प्रतिशतले हुने रकम समेटीने गरी बिमा गराउनु पर्ने व्यवस्था छ निर्माण व्यवसायीले निर्माण कार्यको मिति २०२२।१०।१७ + १३ महिना सम्म मात्र निर्माण कार्यको विमा गरेको प्रमाण कागजात श्रेस्ता साथ संलग्न भएको देखियो। त्रुटी सच्याउने अवधिसम्म निर्माण कार्यको हानी नोक्सानीको जोखिम बिरुध्द तोकिएको अवधीभरको रकम समेटीने गरी बिमा गराउनुपर्दछ | |
| ४८.५ | | | पेश्की रकम जोखिममा परेको- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम ४ बमोजिम पेश्की बैंक जमानत को मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेश्की फछ्यौट गर्नुपर्ने अवधि भन्दा कम्तिमा एक महिनाभन्दा बढी भएको हुनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले विद्यालय भवन निर्माण कार्यको लागि निर्माण व्यवसायीलाई रु ३२००००० पेश्की रकम उपलब्ध गराएकोमा जमानतको म्याद २०७९।१।०८ मा समाप्त भइसकेको देखियो। यसरी पेश्की जमानतको म्याद थप नगरी पेश्की जोखिममा पारेको देखिएकोले नियमकानुन अनुसार पेश्की रकम व्यवस्थापन गर्नुपर्ने देखिएको रु | ३,२००,००० |
| ४८.६ | | | गुणस्तर परीक्षण- निर्माण व्यवसायीले निर्माण कार्य गर्दा Quality assurance plan र खरिद सम्झौता अनुसार निर्माण कार्यको गुणस्तर नियन्त्रण र व्यवस्थापन गर्नुपर्दछ । खरिद सम्झौता गर्दा गुणस्तर परीक्षणको किसिम र त्यसको पटक र संख्या समेत उल्लेख भएको गुणस्तर योजना निर्माण व्यवसायीले उपलब्ध गराउनु पर्ने र सो योजनालाइ परीक्षण गरी योजना प्रमुखवाट स्वीकृत गराइसोही अनुसार गुणस्तर प्रक्रिया संचालन गर्नुपर्नेमा निर्माण व्यवसायीले उक्त योजना पेश गरेको पाइएन ।यसवाट निर्माण कार्यको गुणस्तर परीक्षण Quality assurance plan ले तोकेको frequency अनुसार भएको सुनिश्चित हुने आधार रहेन। निर्माण कार्यको गुणस्तर परिक्षण पश्चात मात्र भुक्तानी दिने व्यवस्था अनिवार्य रुपले पालना गर्नुपर्ने देखियो । | |
| ४८.७ | | | नन फाईलर भुक्तानी - मूल्य अभिवृद्धि कर ऐन,२०५२को दफा १मा भुक्तानीमा प्राप्त मूल्यवृद्धिको विवरण भुक्तानी पाएको अर्को महिनाको २५गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले निर्माण व्यवसायी प्यान न ६१५८४६०५७ मिति २०७८।९।११ देखि नन फाइलर रहेकोले मुल्य अभिबृद्दि कर भुक्तानी रु ३४३३५० को कर समायोजन प्रमाण पेश हुनुपर्ने रु | ३४३,३५० |
| ४९ | | | **अन्य निकाय खर्च-**<br><br>कुनै पनि कार्यालयले खर्च लेख्दा आवश्यकता तथा औचित्यताको आधारमा खर्च लेख्नुपर्ने तथा सम्बन्धित कार्य प्रयोजनको लागि मात्र खर्च लेख्नुपर्दछ ।नगरपालिकाले रकम खर्च लेख्दा सम्बन्धित निकायबाटै बजेट विनियोजन हुने तथा कार्यक्षेत्रमा नपर्ने निकायमा समेत खर्च लेखेको अनियमित रु | १,००५,४८६ |

| गो. भौ . नं . मिति | खर्च विवरण | रकम | कैफियत |
|---|---|---|---|
| ३८- ०७८।०९।२१ | श्री सिटर खरिद | १२५००० | जिल्ला प्रशासन कार्यालयमा हस्तान्तरण गरिको |
| २८३- ०७९।०२।२३ | समाग्री खरिद भुक्तानी दराज कुर्सी ब्याट्री इन्भटर लगायत खरिद। विल संलगन सम्बन्धीत संस्थाको जिन्सी दाखिला समेत नरहेको | २००००० | महिला वचत तथा ऋण सहकारी संस्था सिसौरिया सर्लाही |
| २९४- ०७९।०३।०६ | भवनको छाना लगाउने कार्य | ४८५४८६ | ससस्त्र प्रहरी वल नेपाल १० को हेड क्वाटर सर्लाहीको भवनमा छाना छाउने काम ल ई ४८५४७६ क स तथा मु ४८५४७६ दाहा निर्माण सेवा |
| २३७- ०७९।०३।२५ | रेडक्रस भवन रंगरीगन वडा नं ११ | १९५००० | ल ई रु २१७३२९ कार्यसम्पन्न रु२१८३८५ |

| | | | |
|---|---|---|---|
| | | १००५४८६ | |

५०

**बिल भरपाई तथा खर्चको पुष्ट्याईं**

६,१५३,२७४

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७७ को नियम ३९(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने अबस्था छ। नगरपालिका पूंजिगत शीर्षकबाट निम्नानुसारको खर्च लेख्दा खर्चको पुष्ट्याई संलग्न नगरी खर्च लेखेकोले प्रमाणकागजात पेश हुनुपर्ने रु

| गो. भौ. न. | मिति | खर्चको प्रयोजन | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १०९ | ०७८।१०।०१ | रामपृत सिहलाइ भुक्तानी | ९६१४५ | रिभर्स गरेकोउल्लेख गरी पुन अर्को भौचरवाट रकम भुक्तानी दिएकोमा रिभर्स भएकोनदेखिएकोले प्रमाण पेश हुनुपर्ने |
| ११० | ०७८।१०।०१ | फुलमत उ.स | २९२५०० | रिभर्स गरेकोउल्लेख गरी पुन अर्को भौचरवाट रकम भुक्तानी दिएकोमा रिभर्स भएकोनदेखिएकोले प्रमाण पेश हुनुपर्ने |
| ११९ | ०७८।११।०८ | कर दाखिला | १०७६४० | भौचर पेश हुनुपर्ने। |
| १५० | ०७८।११।२७ | कर दाखिला | ३६७०० | भौचर पेश हुनुपर्ने। |
| १५१ | ७८११२७ | कर दाखिला | २२७५५ | भौचर पेश हुनुपर्ने। |
| १९९ | ७८।१२।२७ | कर दाखिला | ३९२०९४ | भौचर पेश हुनुपर्ने। |
| २७२ | ७८।१२।१३ | कर दाखिला | ३१९५० | भौचर पेश हुनुपर्ने। |
| २१२ | ७८।१२।२८ | कर दाखिला | ४९००४७ | भौचर पेश हुनुपर्ने। |
| ३३५ | ७८।२।३२ | कर दाखिला | १३८५५५ | भौचर पेश हुनुपर्ने। |
| ३४३ | ७९।३।२४ | ह्यूम पाइप खरिद | ४७८५२५ | जडान प्रतिबेदन नभएको |
| ३४४ | ७९।३।२४ | ह्यूम पाइप खरिद | ३३०४४४ | गोश्वारा भौचर नभएको |
| ३५७ | ७९।३।२४ | ह्यूम पाइप खरिद | ३३०४४४ | जडान प्रतिबेदन नभएको |
| ३८५ | ७९।३।२५ | ह्यूम पाइप खरिद | ९८७०७५ | जडान प्रतिबेदन नभएको |
| ३८६ | ७९।३।२५ | ह्यूम पाइप जडान खर्च | २०००० | वडा सचिबउपेन्द्र महतोलाइ भुक्तानी गरेकोमा जडान लगायतको प्रमाणकागजात नभएको |

| | | | | |
|---|---|---|---|---|
| ३८८ | ७९।३।२५ | संदेश मुलक तालिम | ३९९३०० | पिछडिएकोउत्थान समाजलाइ रकम भुक्तानी गरेकोमा कार्यक्रम संचालन भएको स्पष्ट पार्ने प्रमाण, खर्चको तेरिज समेत तयार नगरेकोले नगरपालिकाले यकिन गरी पेश गर्नुपर्ने |
| ३८९ | ७९।३।२८ | वालविवाह मुक्त घोषणा | ३९९३०० | समाज जागरण नेपाल गैसस लागि रकम भुक्तानी गरेकोमा कार्यक्रम संचालन भएको स्पष्ट पार्नेप्रमाण, खर्चको तेरिज समेत तयार नगरेकोले नगरपालिकाले यकिन गरी पेश गर्नुपर्ने |
| ३९८ | ०७९।३।३१ | अगर वती बनाउने तालिम | ४९९९०० | यूवा सामाजिक संस्थालाइ रकम भुक्तानी गरेकोमा कार्यक्रम संचालन भएको स्पष्ट पार्नेप्रमाण, खर्चको तेरिज समेत तयार नगरेकोले नगरपालिकाले यकिन गरी पेश गर्नुपर्ने |
| १०९ | ०७८।१०।०१ | मैनवती बनाउने तालिम | ४९९९०० | जन उत्थानसंस्था नेपालालाइ रकम भुक्तानी गरेकोमा रकम भुक्तानी गरेकोमा कार्यक्रम संचालन भएको स्पष्ट पार्ने प्रमाण, खर्चको तेरिज समेत तयार नगरेकोले नगरपालिकाले यकिन गरी पेश गर्नुपर्ने |
| ११० | ०७८।१०।०१ | अन्य सार्वजनिकनिर्माण कार्य पेश्की दिईएको हरी नारायण मा.वि | ६००००० | कार्यपालिकाकेवैठकको मिति २०७८।०८।१६ को निर्णय अनुशार पेश्की उपलब्ध गराइएकोमा निर्माण कार्यको नापी लगायतका कागजात पेश हुनुपर्ने |
| | | | ६१५३२७४ | |

| | | | | |
|---|---|---|---|---|
| ५१ | | | **ह्याण्डपम्प जडान**<br><br>स्यालो ट्युवेल/पम्पसेट/मोटर/ईनार कार्यक्रम संचालन विधि, २०७७ को दफा २ मा कार्यक्रममा सहभागी हुन चाहने सेवाग्राहीलाई दफा ३ मा उल्लेखित तोकिएको योग्यता समावेश गरी १५ दिनको सार्वजनिक सूचना आव्हान गरी योग्य सेवाग्राहीलाई अनुदान भुक्तानी गर्दा दफा ९ अनुसार जडान कार्य सम्पन्न प्रतिवेदन तथा बिल भरपाई र जडान/निर्माण भएको स्यालो ट्युवेल/पम्पसेट/ ईनारको जि.पि.एस. कोडको अभिलेख राखी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले यस देहाय अनुसारको स्यालो ट्युवेल र ह्याण्ड पम्प जडान गर्दा कार्यक्रम संचालन विधिमा उल्लेखित सूचना प्रकाशन गरी योग्य सेवाग्राहीलाई अनुदान भुक्तानी गरेको पाइएन । साथै स्यालो ट्युवेल/पम्पसेट जडान कार्यको कार्य सम्पन्न प्रतिवेदन र सोको जि.पि.एस. कोडको सहितको अभिलेख राखी भुक्तानी दिएको समेत पाइएन । पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी विभिन्न स्थानमा ५२६ वटा ह्याण्ड पम्म जडान वापत रु ६४ लाख को लागत सम्झौतामा रु ६४ लाख १५ हजारको मुल्याँकन संलग्न गरी रु ५७ लाख ६०हजार खर्च लेखेको छ । यसरी निर्माण गराइ खर्च लेख्दा विभिन्न ब्यक्तिहरुको निजी जग्गामा जडान गरेको व्होरा सहित भरपाई समेत गराएको देखियो । सार्वजनिक निकायले विकास निर्माण तथा योजना संचालन गरी खर्च लेख्दा सार्बजनिक हित तथा बहुउपयोग हुनेगरी गर्नुपर्नेमा लाभग्राही छनौटको आधार समेत तय नगरी निजी जमिन भएका सिमित व्यक्तिहरुको स्वामित्व हुनेगरी वितरणमुखी कार्यक्रम गरेको देखियो । निर्माण कार्यको अभिलेखहरु नापी किताब , ठेक्का बिल तथा कार्यसम्पन्न प्रतिवेदनमा मिति समेत उल्लेख नगरी निर्माण कार्य गराएको देखियो । योजना छनौट र वजेट विनियोजन पूर्व अत्यधिक लाभग्राहीहरुलाई उपयोग हुने पद्धतिको योजनाहरु छनोट गर्नुपर्ने , वोरिङ तथा ह्याण्डपम्प जडान लगायतका कार्यहरु निर्माण गर्नुपर्ने नै भए सार्वजनिक जग्गा तथा जनहितमा उपयोग हुने गरी तथा खरिद आवश्यकता तथा औचित्यताको समेत पहिचान गरी गर्नुपर्नेमा सीमित व्यक्तिहरुलाई लाभ हुने गरी वितरण गरेको देखियो।तसर्थ आधारबेगर वितरणमुखी क्रियाकलापमा सार्वजनिक स्रोतसाधन प्रयोग गरेको नियमसम्मत देखिएन। नियमकानूनको परिपालना गरी लाभग्राहिको छनौटको आधार समेत संलग्न गरी कार्य गर्नुपर्ने देखियो । | |

| गो. भौ . नं . मिति | कार्य विवरण | संख्या | लागत अनुमान रु | कार्यसम्पन्न रकम रु | भुक्तानी रकम रु |
|---|---|---|---|---|---|
| ५९।०७८।१०।१२ | हयाण्ड पम्प जडान वडा नं १ | ४२५ | २७०९४३८ | २७२३०९५ | २४३७५०० |
| ३४८।०७९।०३।२४ | हयाण्ड पम्पवडा नं १ | १०१ | ३६९१११८ | ३६९२१२१ | ३३२२९०८ |
| | | | ६४००५५६ | ६४१५२१६ | ५७६०४०८ |

५२

**अमानतबाट कार्य गरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ मा अमानत बाट कार्य गराउने सम्बन्धी व्यवस्था रहेको छ जसअन्तर्गत उपनियम १ मा सार्वजनिक निकायले अमानत बाट कार्य गर्दा एक तह माथिको स्वीकृती लिनुपर्ने तथा उपनियम २ मा सार्वजनिक निकायले अमानत बाट काम गर्नुपर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामग्री सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनुपर्ने उल्लेख छ ।पालिकामा अमानतबाट कार्य गर्नुपरेको खण्डमा नियमावलीमा व्यवस्था भए बमोजिम निर्माणसम्बन्धी आवश्यक सामग्री खरिद नियम कानून अनुसार उपलब्ध गराई ज्याला मार्फत काम गराउनु पर्नेमा सो व्यवस्थाविपरीत पालिकाले वडा सचिव, कार्यालय सहयोगीहरु तथा अन्य व्यक्तिहरु मार्फत सामाग्री खरिदको भरपाइ तथा डोर हाजिरी संलग्न गरी प्राविधिक मुल्यांकनको आधारमा रकम भुक्तानी दिएको छ । यसरी गरीएको अमानत वापतको भुक्तानीमा अनुगन प्रतिवेदन, कार्य सम्पन्न हुनु पूर्व तथा कार्यसम्पन्न पश्चातको तस्विर लगायतको पुष्ट्याइ समेत भएको देखिएन। यसरी पटके रुपमा गर्नुपर्ने मर्मत अन्य कार्यहरु गर्दा श्रमदान संलग्न नहुने तथा मितब्ययी समेत भएकोले नदेखिने र सार्बजनिक खरिद नियमकानुनको पालना भएको देखिएन । तसर्थ नियमकानुनको परिपालनामा गरी कार्य गराउन ध्यान दिनुपर्ने देखिएको छ ।

| भौ.नं/मिति | कार्य विवरण | वडा | लागत अनुमान | कार्य सम्पन्नरकम | भुक्तानी रकम | भुक्तानीपाउने | पद |
|---|---|---|---|---|---|---|---|
| ६।०७८।०७।३० | वडान २ र ३ जोडने लक्ष्यको निर्माण | २।३ | ७५३०८ | ७५२५८ | ७०००० | राम पृत सिंह | वडा सचिव |
| १२।०७८।०८।१६ | पोखरीघाट मर्मत माटो पुर्ने | ११ | १५१९१९ | १५१९१९ | १५०००० | भिखारी राउत | |
| २२।०७८।०८।२९ | भगवितमंदिरमा टाइल्स गाउने कार्य | ८ | १०९३६७ | १०३४६५ | ९२५०० | शम्भु मिश्र | कार्यालय सहयोगी |
| २४।०७८।०९।०१ | बिधुतबति जडान | ६ | ४९८३२ | ४९८३२ | ४९८३२ | राजेश राय | |
| ३०।०७८।०९।०६ | भगवितपुरबजारमा माटोपुर्ने कार्य | ३ | ४४०७४ | ४४०७४ | ३९००० | सुरेश महतो | वडा सचिव |
| ३२।०७८।०९।२८ | पोखरीसफाइ कार्य | ४ | १२७८६४ | १२७६६१ | १२७६६१ | उपेन्द्र महतो | वडा सचिव |
| ४६।०७८।०९।२८ | टुक्राइटा पुर्ने कार्य | १२ | ७६७१० | ७८५९६ | ७४५८६ | शम्भुनारायण कुशवाहा | वडा सचिव |
| ६४।०७८।१०।१६ | मडवानिर्माण कार्य | ५ | ९९६५५ | ९९२२८ | ९९२२८ | देबेन्द्र कुमारमल्लिक | वडा सचिव |
| ६९।०७८।१०।१६ | बृक्षारोपणकार्य | ५ | १५६०१० | १५५६६१ | १५५६६१ | देबेन्द्र कुमारमल्लिक | वडा सचिव |
| ७५।०७८।१०।१७ | सामुदायिकभवन माटो पुर्ने तथा रंगरोगन | २ | ९६२०९ | ९६१४५ | ९६१४५ | राम पृत सिंह | वडा सचिव |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९७।०७८।१०।७ | जगनाथराजकुमारि मा वि गेट चर्पी ह्यूम पाइप जडान | ४ | ५१०९३ | ५०९९१ | ५०९९१ | उपेन्द्र महतो | वडा सचिव |
| ११५।०७८।११।०३ | स्वास्थयचौकी मर्मत | ६ | ३३४८३ | ३१३२० | ३१३२० | शंकर झा | स्वा चौकी कर्मचारी |
| २३९।०७८।१।८ | पाइप जडान | ८ | | | ५०००० | गौरी शकरराउत | वडा सचिव |
| २४८।०७९।१।८ | रंगरोगन | २ | ४२४२६ | ४२४२६ | ४०००० | राम पृतसिंह | वडा सचिव |
| २७९।०७९।२।१८ | वजारकोअधुरो प्रतिक्षालय निर्माण | ४ | ९७७५८ | ९७७५८ | ९७५०० | उपेन्द्रमहतो | वडा सचिव |
| ३०३।०७९।३।१६ | सडक मर्मतर ह्यूमपाइप जडान | २ | १०८२५६ | १४३४०८ | १४३४०८ | पुरुषोतमराय | वडा सचिव |
| ३४१।०७९।३।२४ | हनुमानमन्दिरको रंगरेगन | ११ | ६१०१८ | ६१०१८ | ६००० | राम दिनेशराय | पुजारी |
| ३४२।०७९।३।२४ | प्रा.विजानकी नगरको रंगरोगन | ७ | ९९३६३ | ९८४४८ | ९८४४८ | नखुलेको | नखुलेको |
| ३४९।०७९।३।२४ | जानकीनगरमाचौतारा निर्माण | ७ | ७६८०५ | १०८८७० | ६८२५० | सर्पलालमहतो | नखुलेको |
| ३५०।०७९।३।२४ | वडा नं १मा ग्राभेल कार्य | १ | ९८५७९ | ९५७०६ | ९५७०७ | अनिल कुमारगुप्ता | का सचिव |
| ३६५।०७९।३।२५ | नासी टोलमातार तान्ने कार्य | ६ | १०७७०३ | ४८२५७ | ४३४०० | श्यामवावुराउत | |
| ३७३।०७९।३।२५ | वडाकायार्यालय धारा जडान | २ | ९५६३९ | ९५८१५ | ९५८१५ | राम एकवालराय | वडा सचिव |
| ३७४।०७९।३।२५ | वडाकार्यालयमा वति जडान | ७ | ५०७९३ | ४९३६१ | ४९३६१ | राम पृतसिंह | वडा सचिव |
| ३७५।०७९।३।२५ | वडाकार्यालयमा धारा जडान | ७ | | | ५४०७५ | राम पृतसिंह | वडा सचिव |
| ३७६।०७९।३।२५ | भगवतीपुरसडकमर्मत | ३ | ९७८७३ | ९७५९८ | ९७५०० | पुरुषोतमराय | वडा सचिव |
| ३७७।०७९।३।२५ | सडक मर्मत | ३ | ९७७२९ | ९७७२९ | ९७५०० | पुरुषोतमराय | वडा सचिव |
| ३८४।०७९।३।२५ | इनार मर्मत | ३ | ८९४३८ | ५८३८२ | ५९२०० | पुरुषोतमराय | वडा सचिव |
| ३९०।०७९।३।२५ | ग्रेभलकार्य | १२ | ९९८९३ | ९८५३९ | ९८५०० | किशेरी राय | वडा सचिव |
| ३९१।०७९।३।२५ | सडक मर्मत | ६ | ९९७०२ | ९८२५८ | ९८५०० | किशोरी राय | वडा सचिव |
| ३९१।०७९।३।२५ | सडक मर्मतलचका | ७ | ९९५२४ | ९८२३८ | ९८५०० | राम पृतसिंह | वडा सचिव |
| | | | २४९४०२३ | २४५३९६१ | २४२८५८८ | | |

५३

**बिद्युत सामाग्री खरिद तथा जडान**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिए वमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा वढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य, गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ ।

पालिकाले यसवर्ष विद्युत् लाइन मर्मत, जडान कार्य, स्ट्रिटलाइट, विद्युत विस्तार तथा मर्मत लगायतका कार्यहरुमा नगरपालिका तथा वडाहरु बाट विनियोजित बजेटबाट सम्भावित प्याकेज तयार नगरी पटक-पटक रुपमा केही कार्यक्रमको कोटेशन संलग्न गरी तथा केहीको सोझै खरिद गरी खर्च लेखेको देखीयो। एउटै प्रकृतिका कार्यहरूको सम्भावित प्याकेज तयार गरी प्रतिस्पर्धात्मक रुपमा खरिद गरी गुणस्तरीय कार्य गराउन पर्नेमा खरिद योजना समेत तयार नगरी एउटै कार्यक्रममा विनियोजित वजेटवाट समेत पटकपटक टुक्र्याएर रु७७ लाख १५ हजारको लागत अनुमानमा रु ७६ लाख ८१ हजारको सम्झौता गरि भुक्तानी गरेको नियमसम्मत देखिएन । खरिद गरिएका विद्युत पोल स्ट्रिट लाइट लगायतका सामग्रीहरु जिन्सी खातामा आम्दानी बाँधेर मात्र खर्च लेख्नु पर्नेमा सोअनुरुप नभएको देखिएकोले पालिकासँग छलफल गर्दा जिन्सी आम्दानी नगरिकन नै निर्माण कार्य गराएको प्रतिक्रिया प्राप्त भएको छ। खरिद गरिएका जिन्सी सामग्रीहरूको आम्दानी बाँधेर मात्र खर्च लेख्नु पर्ने देखिएको छ। निम्नानुसारका सामाग्रीहरुको प्याकेज तयार नगरी खर्च लेखेको देखिएकोले नियम कानूनको परिपालना गरी खरिद व्यवस्थापन हुनुपर्ने देखिन्छ।

| गो भौ नमिति | कार्य विवरण | वडा न | लागत अनुमान रु | सम्झौता तथा भुक्तानी रु | अपूर्तीकर्ता |
|---|---|---|---|---|---|
| १७।०७८।६।२४ | बिधुत लाइन तथा मर्मत कार्य बति जडान | ७ | ७५१९९ | ७५१९९ | शुभकामना सप्लायर्स गोडैता ७ |
| १३।०७८।८।१६ | बिधुत लाइन तथा मर्मत कार्य बति जडान | ११ | ९५७५० | ९५०५० | ऋषभ इलेक्टोनिक्स गोडैता ११ |
| १९।०७८।८।२७ | बिधुत लाइन तथा मर्मत कार्य बति जडान | ८ | ४९८३७ | ४९८९७ | जानकी सप्लायर्स गोडैता ११ |
| २०।०७८।८।२७ | नासी टोलमा भेपरलाइट जडान | ६ | ३९३८०९ | ३८८८७४ | प्रयाग सप्लायर्स कबिलासी ११ |
| २४।०७८।०९।३ | बिधुत लाइन मर्मत तथा बिस्तार १-१२ | ६ | ४९८३२ | ४९८३२ | जया गोपाल टेडर्स |
| ३३।०७८।०९।१२ | बिधुत लाइन मर्मत तथा बिस्तार १-१४ | ९ | ७२२५० | ७२२५० | शैलेन्द्र किराना स्टोर्स |
| ४२।०७८।०९।२५ | बिधुत लाइन मर्मत तथा बिस्तार १-१५ | १० | ६५४५६ | ६५०५६ | पृधि टेडर्स गोडेता ७ |
| ७०।०७८।१०।११ | स्टीट लाइट मर्मत बिभिन्न स्थान | | ३११०८९ | ३११०८९ | जानकी सप्लायर्स गोडैता ११ |
| ११८।०७८।११।०४ | बिधुत बिस्तार तथा मर्मत १-१२ | १ देखि १२ | ४९७५०७ | ४९७५०७ | एस के स्टोर्स मलंगवा |
| १३६।०७८।११।१६ | वडा न १२ मा street Light जडान कार्य (कोटेशन) | १ देखि १२ | १२१५५४४ | १२१५५४४ | मा गायत्री निर्माण सेवा रौतहट |
| २०२।०७८।१२।२२ | बिधुत लाइन बिस्तार तथा मर्मत १ देखि १२ | १ देखि १२ | २३४१११ | २३४१११ | एस के स्टोर्स मलंगवा |
| २४९।०७९।१।९ | बिधुत लाइन बिस्तार तथा मर्मत १ देखि १२ (कोटेशन) | | १२५२४५२ | १२५२४५२ | जय मा दुर्गा सप्लायर्स गोडैता ७ |
| २७६।०७९।२।१३ | बिबिध शिर्षकबाट कार्यालमाबिधुत सामाग्री खरीद(कोटेशन) | | ३२८९४७ | ३२८९४७ | सृजना सप्लायर्स मलंगवा |

| | | | | | |
|---|---|---|---|---|---|
| २९८।०७९।३।१० | बिधुत लाइन बिस्तार तथा मर्मत १ देखि १२ | | १३३४१३९ | १३३४१३९ | प्रयाग सप्लायर्स कबिलासी ११ |
| ३१७।०७९।३।२० | पोल तथा कन्डक्टर जडानबन तथा वातावरणसंरक्षण शिर्षकबाट (कोटेशन) | | १३४९६०३ | १३३९४६९ | शुभकामना सप्लायर्स गोडैता ७ |
| ३६६।०७९।०३।२५ | ४ फेज तार जडान कार्य | १२ | ३८९८९३ | ३७२५०८ | तुलसी निर्माणसेवा बसबरिया |
| | | जम्मा | ७७१५४१८ | ७६८१९२४ | |

५४ **गैर सरकारी संस्थावाट कार्य गराएको**

५४.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९९ मा गैर सरकारी संस्थाबाट काम गराउने सम्बन्धी व्यवस्था रहेको छ। नियमावली ९९ को उपनियम १ अनुसार गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि , कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यस वर्ष निम्नानुसारको कार्य गैरसरकारी संस्थाबाट गराएकोमा नियमावलीमा उल्लेख भए अनुसार लागत अनुमान तयार नगरेको तथा खरिद आबश्यकताको पहिचान गरी कार्य गरेको देखिएन। सम्बन्धित वडा अध्यक्षहरुले नै संस्था छनौट गरेको तथा केवल संस्थाहरुको प्रस्ताव संलग्न गरी सोही आधारमा कार्य गराएको देखियो। नगरपालिकाले यस वर्ष पुजिगत शिर्षकमा बजेट विनियोजन गरी गैर सरकारी संस्थामार्फत कार्य गराइ रु ४८,८४,७५० भुक्तानी गरेको छ। खरिद आवश्यकताको पहिचान, कार्यालयबाट उपरोक्त कार्यहरु नगर्नाको कारणहरु, गैर सरकारी संस्था वाट कार्य गराउनुपर्नाको कारणहरु समेत स्पष्ट गरी नियम कानून बमोजिम मात्र खर्च लेख्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| गो. भौ . नं . मिति | कार्यक्रम | गैससको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ३२६- ०७९।३।२२ | महिला हिंसा सम्वन्धी तालिम ५ दिने वडा १० | एनिज उत्थान समाज नेपाल | ४९७००० |
| ३२८- ०७९।३।२२ | चेलिबेटी बेचविखन सम्वन्धी सचेतिकरण तालिम वडा ११ ५ दिने | जागृति महिला विकास केन्द्र मलंगवा | ४९७००० |
| ३३०- ०७९।३।२२ | लैगिक हिंसा तथा सचेतनामुलक तालिम वडा ११ | हेड नेपाल मलंगवा सर्लाही | ४९७००० |
| ३३१- ०७९।३।२२ | महिला चेलिबेटी बेचविखन सम्वन्धी तालिम वडा ११ | समुदायिक दिगो विकास सेवा समाज | ४९७००० |
| ३८२- ०७९।३।२५ | वाल विवाह मुक्त वडा घोषणा कार्यक्रम वडा ४ | तराई मधेश उत्थान संजाल गोडैता ९ सर्लाही | ३९९३५० |
| ३८३- ०७९।३।२५ | अगरवत्ति वनाउने तालिम वडा ४ | " | ३९९९५० |
| ३८५- ०७९।३।२५ | मैनवत्ती वनाउने तालिम वडा ४ | पिछडिएको समाज उत्थान संस्था | ३९९३०० |
| ३८६- ०७९।३।२५ | वाल विवाह मुक्त वडा घोषणा कार्यक्रम वडा ४ | समाज जागरण नेपाल गोडैता | ३९९३०० |
| ३८७- ०७९।३।२५ | अगरवत्ति वनाउने तालिम वडा १२ | आशा उत्थान संजाल नेपाल | २९९९५० |
| ३८८- ०७९।३।२५ | अगरवत्ति वनाउने तालिम वडा ६ | युवा सामाजिक संस्था वडा ६ | ४९९००० |
| ३८९- ०७९।३।२५ | मैनवत्ती वनाउने तालिम वडा ६ | जन उत्थान संजाल नेपाल गोडैता ८ | ४९९९०० |

| | | | | |
|---|---|---|---|---|
| | | | ४८८४७५० | |

५४.२ यसरी गैरसरकारी संस्थावाट कार्य गराई खर्च लेख्दा संचालित तालिम तथा कार्यक्रमहरूको नगरपालिकाबाट अनुगमन, श्रेस्ता परीक्षण नगरी संलग्न भुक्तानी गर्ने गरेको देखियो। अनुगमन तथा कार्य प्रगति बारे विश्लेषण नगरी भुक्तानी गर्दा आन्तरिक नियन्त्रण कमजोर भई दुरुपयोग हुन सक्ने, उद्देश्य अनुरुपको क्रियाकलापहरु सञ्चालन नहुन सक्ने भएकोले यस सम्बन्धमा जिम्मेवार पक्षले ध्यान दिए स्रोत-साधन को उद्देश्य मुलक उपलब्धि सम्वन्धमा विश्वस्त हुनुपर्दछ।

५४.३ घटी कर कट्टी- आयकर ऐन २०५८ तथा मूल्य अभिबृद्ध कर ऐन २०५२ बमोजिम दर्ता भएको करदाताले रीतपूर्वक कर विजक जारी गर्नुपर्ने व्यवस्था छ। आयकर ऐन २०५८ को दफा ८८ बमोजिम परामर्श शुल्क भुक्तानी गर्दा कर विजक पेश भएमा १.५% र अन्यथा १५% अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारका गैरसरकारी संस्थाबाट सोझै प्रस्ताव मार्फत कार्यक्रम सञ्चालन गर्दा संस्थाको कर विजक नभएकोमा १५% अग्रिम करकट्टी गर्नुपर्नेमा घटी कट्टी गरेकोले नपुग कर रकम असुल गरी दाखिला गर्नुपर्ने रु १,००२,३५९

| गो. भौ . नं . मिति | कार्यक्रमको नाम | गैससको नाम | भुक्तानी रकम रु | कट्टी कर रु | नपुग रकम रु |
|---|---|---|---|---|---|
| ३२६- ०७९।३।२२ | महिला हिंसा सम्वन्धी तालिम ५ दिने वडा १० | एनिज उत्थान समाज नेपाल | ४९७००० | २०७०० | ५३८५० |
| ३२८- ०७९।३।२२ | चेलिबेटी बेचविखन सम्वन्धी सचेतिकरण तालिम वडा ११ ५ दिने | जागृति महिला विकास केन्द्र मलंगवा | ४९७००० | २०४०० | ५४१५० |
| ३३०- ०७९।३।२२ | लैगिक हिंसा तथा सचेतनामुलक तालिम वडा ११ | हेड नेपाल मलंगवा सर्लाही | ४९७००० | १७१०० | ५७४५० |
| ३३१- ०७९।३।२२ | महिला चेलिबेटी बेचविखन सम्वन्धी तालिम वडा ११ | समुदायिक दिगो विकास सेवा समाज | ४९७००० | २०७०० | ५३८५० |
| ३८२- ०७९।३।२५ | वाल विवाह मुक्त वडा घोषणा कार्यक्रम वडा ४ | तराई मधेश उत्थान संजाल गोडैता ९ सर्लाही | ३९९३५० | १४००० | ४५९०२ |
| ३८३- ०७९।३।२५ | अगरवत्ति वनाउने तालिम वडा ४ | तराई मधेश उत्थान संजाल गोडैता ९ सर्लाही | ३९९९५० | १२००० | ४७९९२५ |
| ३८५- ०७९।३।२५ | मैनवत्ती वनाउने तालिम वडा ४ | पिछडिएको समाज उत्थान संस्था | ३९९३०० | ११२०० | ४८६९५ |
| ३८६- ०७९।३।२५ | वाल विवाह मुक्त वडा घोषणा कार्यक्रम वडा ४ | समाज जागरण नेपाल गोडैता | ३९९३०० | १२१८० | ४७७९५ |
| ३८७- ०७९।३।२५ | अगरवत्ति वनाउने तालिम वडा १२ | आशा उत्थान संजाल नेपाल | २९९९५० | १०००० | ३४९९२ |
| ३८८- ०७९।३।२५ | अगरवत्ति वनाउने तालिम वडा ६ | युवा सामाजिक संस्था वडा ६ | ४९९००० | १२४५० | ६२४०० |
| ३८९- ०७९।३।२५ | मैनवत्ती वनाउने तालिम वडा ६ | जन उत्थान संजाल नेपाल गोडैता ८ | ४९९९०० | ११६३५ | ६३३५० |
| | | | | | १००२३५९ |

५५ **नन फाईलरलाई मुल्य अभिबृद्दि कर भुक्तानी** ४८२,९३५

मूल्य अभिवृद्धि कर ऐन,२०५२को दफा १मा भुक्तानीमा प्राप्त मूल्य वृद्धिको विवरण भुक्तानी पाएको अर्को महिनाको २५गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न फर्म तथा निर्माण व्यवसायीहरुलाई मूल्य अभिवृद्धि कर रकम समेत भुक्तानी दिएकोमा लेखापरीक्षणको क्रममा आन्तरिक राजस्व विभागको वेभसाइटमा पान सर्च गर्दा उक्त फर्महरुले कर विवरण नबुझाई Non Filer रहेको देखियो। कानूनी व्यवस्थाअनुसार उक्त कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| वजेट शीर्षक | गो. भौ . नं . मिति | योजना | व्यवसायीको नाम | भुक्तानी रकम रु | मुअकर रकम रु | प्यान नं | नन्फाइलर मिति |
|---|---|---|---|---|---|---|---|
| तराइ मधेश समृद्दी कार्यक्रम | २९।०७९।३।२५ | डिप वोरिङ कार्य | स्वाभिमान डिलिङ र पाइलिङ कम्पनी मलंगवा सर्लाही | ४८७५००० | २१०९९२ | ३०४५३०८८३ | २०७९।m।१ |
| प्रकोप व्यवस्थापन | ४।०७९।३।२५ | डिप वोरिङ कार्य | स्वाभिमान डिलिङ र पाइलिङ कम्पनी मलंगवा सर्लाही | २१४५००० | २७१९४३ | ३०४५३०८८३ | २०७९।m।१ |
| | | | | | ४८२९३५ | | |

५६

**पुँजीगत शीर्षकबाट बितरणमुखी कार्यक्रम**

१,१६८,३७६

नगरपालिकाले यसवर्ष पुँजीगत बजेटमा विनियोजित रकमबाट विभिन्न वितरणमुखी कार्यक्रमहरु समेत गरेको पाइयो। यसरी वितरणमुखी कार्यक्रमहरु गर्दा मापदण्ड निर्धारण नगरेको, लाभग्राही छनोटको आधारहरु स्पष्ट नराखेको, पालिकाबाट वितरणमुखी कार्यक्रमहरूको अनुगमन नभएको, वितरणमुखी कार्यक्रमलाई पर्याप्त पुष्ट्याइँ गर्ने तस्बिर, प्रतिवेदन लगायतका विवरणहरु संलग्न भएको देखिएन। यसरी पर्याप्तरुपमा आधारभूत कागजातहरु संलग्न नगरी केवल वितरण भरपाई मात्र संलग्न गरी विगत शीर्षकबाट विनियोजन गरेको बजेटबाट खर्च लेखेको अनियमित देखिएको रु

| गो भौ न ।मिति | कार्यविवरण | वडा | वितरण संख्या | रकम | कैफियत |
|---|---|---|---|---|---|
| ४०।०७८।९।२१ | साडी ब्लाउज वितरण | ७ | ३९० | ४८३५९७ | |
| ९०।०७८।१०।२६ | खेलकुद सामाग्री वितरण | ९ | विभिन्न | ९९७७९ | |
| २६३।०७८।१०।२६ | ट्वाइलेटको रिङ तथा ढक्कन वितरण | ११ | ६७५ | ५८५००० | जडान गरेको विवरण समेत नभएको |
| | | | | ११६८३७६ | |

५७ | २४७ | २०७८-३-२५

**स्यानिटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले सर्शत चालु वजेट उपशीर्षकबाट रु२४,८४,९८५ (मु अ कर समेत) मा खरिद गरी सर्वदा मेडिको फर्मालाई भुक्तानी गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरी मौज्दातमा राखेको देखिन्छ। यसरी स्यानितटरी प्याड खरिदमा देखिएक अन्य व्यहोरा देहाय बमोजिम छन्:-

| | | | | |
|---|---|---|---|---|
| | | | • लागत अनुमानको स्वीकृत नर्म्स वा के आधार प्रयोग गरिएको हो स्पष्ट छैन,<br>• लागत अनुमान रु.२४,८४,९८६ स्वीकृत गरेकोमा रु.२४,८५,००० को ठेक्का आव्हान गरेको छ भने लागत अनुमानको तुलनामा रु.१ मात्र घटीमा सम्झौता भई भुक्तानी भएको छ,<br>• नियमानुसार खरिद मूल्याङ्कनका प्रकृया पुरा गरेको छैन,<br>• प्राप्त गरिएको सामानको गुणस्तर परीक्षण गरेको छैन,<br>• कार्यसम्पादन जमानतको म्याद २ महिना अर्थात मिति २०७९।५।१७ सम्मको मात्र छ,<br>खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन। तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको अक्षरस पालना गरेरमात्र आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ। | |
| ५८ | १८<br>१ | २०७८-१२-७ | **एम्वुलेन्स खरिद**<br><br>पालिका पुँजीगत शीर्षकबाट एम्वुलेन्स खरिदका लागि रु.२२ लाखको लागत अनुमान स्वीकृत गरेकोमा क्याटलग विधिबाट प्रस्ताव माग गरी सबैभन्दा घटी रकम प्रस्ताव गर्ने प्रस्तावदाता अग्नि इन्कर्पोरेटड प्रा.लि.सँग मिति २०७८।११।१२ मा रु.१९,८९,४७० मा सम्झौता गरी सोही बमोजिम भुक्तानी दिएको छ। जसमा एम्वुलेन्स आईसकेपछी प्राविधिक परीक्षण गरेको प्रतिवेदन छैन जसले गर्दा माग बमोजिम एम्वुलेन्स आयो वा आएन यकिन गर्न सकिएन। त्यस्तै सो साधन खरिदको भुक्तानी गर्दा धरौटी बापतको रकम कट्टा गरिएको छैन। एम्वुलेन्स संचालन सम्बन्धित कुनै कार्यविधि बनाएको पाइएन। अत: सबै नागरिकको एम्वुलेन्स प्रयोगमा पहुँच स्थापित हुनेगरी कार्यविधि बनाई, प्रयोगको लगबुक तथा आयव्यव व्यवस्थित गरी एम्वुलेन्स संचालन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ। | |
| ५९ | ३६<br>९ | २०७९-३-३१ | **पोषण मैत्री स्वास्थ्य संस्था कार्यक्रम**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेस्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको १५ दिनभित्र आफूले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल, भरपाई र कागजात सहितको प्रमाण सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने र कार्यालयले आवश्यक जाँचबुझ गरी पेस्की फर्स्यौट गर्नुपर्ने व्यवस्था छ। स्वास्थ्य चौकी वेल्वाजब्दीमा पोषण मैत्री स्वास्थ्य संस्था अवधारणा अनुरुप कार्यक्रम बापत रु.१,३८,००० वैजु शंकर राउतको पेश्की फर्स्यौट गरेकोमा रकम बुझाएको भरपाई र कर बिजक मात्र छ। कार्यक्रम सञ्चालनको विवरण, सहभागिताका लागि गरेको पत्राचार, कार्यक्रमको व्यानर, कार्यपत्र, फोटो, कार्यसम्मपन्न प्रतिवेदन, सम्बन्धित वडा पालिकाबाट उदेश्य अनुरुप कार्यक्रम सम्पन्न भएको पत्र लगायतका प्रमाण पेश गर्नुपर्ने रु. | १३८,००० |
| ६० | | | **बिबिध खर्च**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(६) मा नगरपालिकाले योजना तर्जुमा गर्दा योजना सम्भाव्यताको आधारमा स्रोत साधनको पूर्व अनुमान, योजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन र मूल्यांकन योजना समेत तयार गर्नुपर्ने उल्लेख छ। यो वर्ष नगरपालिकाले बजेट तथा नीति तथा कार्यक्रम तयार गर्दा प्रस्तावित बजेट तथा कार्यक्रममा पुजिगत शिर्षकबाट बिबिध खर्चमा रु ७०७५००० विनियोजन गरी रु६४२०००० खर्च लेखेको छ। यसरी खर्च लेख्दा केही योजना संचालन तथा खरिद, नया जनप्रतिनिधिहरुको स्वागत कार्यक्रम , विभिन्न समयमा शुभकामना आदान प्रदान, कार्यालयको खाजाखाना खर्च लगायतको भुक्तानी गरेको देखियो। आवश्यकता पहिचान तथा स्थान एकिन नगरी एकमुष्ट बजेट विनियोजन गरी नगर प्रमुख तथा कार्यपालिकाको निर्णय अनुसार पटक पटक निर्णय गरी खर्च गरेको देखियो। नगरसभाबाट विस्तृत रुपमा योजनागत तथा कार्यक्रमगत रकम बाँडफाँड नगरी एकमुष्ट रुपमा बजेट विनियोजन गरी नगर प्रमुखले पटक पटक निर्णय गरी बिभिन्न भौचरबाट खर्च गरेकोले खर्च पारदर्शी, मितब्ययी र प्रभावकारी छ भन्न सकिएन। अतः विबिध प्रकृतिको खर्च आबश्यक परेको खण्डमा चालु शिर्षकमा विनियोजन गरी नियमकानुन अनुसार खर्च लेख्नुपर्नेतर्फ ध्यान दिनुपर्ने देखिएको छ।<br><br>विनियोजित क्षेत्र / वजेट रु / खर्च रकम रु<br>नगरपालिका / ८००००० / ८००००० | |

| | | |
|---|---|---|
| वडा न १ | ५००००० | ५००००० |
| वडा न २ | १३००००० | १०१८००० |
| वडा न ३ | ७००००० | ६६९००० |
| वडा न ४ | ३००००० | २९७००० |
| वडा न ५ | २००००० | १९८००० |
| वडा न ६ | १००००० | २००००० |
| वडा न ७ | ५००००० | ५००००० |
| वडा न ८ | ८००००० | ८००००० |
| वडा न ९ | १०००००० | ९९९००० |
| वडा न ११ | ३००००० | १३६००० |
| वडा न १२ | ५७५००० | ३०३००० |
| | ७०७५००० | ६४२०००० |

६१ **कर्मचारी व्यवस्था**

पालिकाले आफ्नो नियमित कार्य संचालन गर्न कार्यबोझ, कार्य प्रकृति तथा कार्य परिमाण समेतको आधारमा संगठनात्मक सर्वेक्षण गरी दरबन्दी कायम गरेको पाइएन। संघीय मामिता तथा सामान्य प्रशासन मन्त्रालयले पठाएको दरबन्दी अनुसारको पदपुर्ति तथा रिक्तको स्थिति देखिने गरी विवरण तयार गरेको पाइएन। रिक्त पदपुर्ति गर्न के कस्तो प्रयास भएको छ सो विवरण समेत लेखापरीक्षणको क्रममा उपल्ध हुन सकेन। रिक्त पद समयमा नै पदपूर्ति गरी दरबन्दी भन्दा बढी हुनेगरी पदपूर्ति नगरी कर्मचारी व्यवस्थापनलाई चुस्त र दुरुस्त बनाउनु पर्दछ।

६२ **डोर हाजिरी**

पालिकाले डोर हाजिरी फारम नियन्त्रण खाता म ले प फा नं १७५ राख्ने गरेको छैन भने डोर हाजिरी फारममा सिलसिलेवार नम्बर कायम गरी राखेको समेत छैन। यसले गर्दा आयोझनामा के कति डोर हाजिरी फारमहरु को कसकोनाममा र कुन कामको लागि कहिले जारी भए तथा डोर हाजिरी फारम जारी गर्नुको उद्देश्य अनुसार काम भए नभएको यथार्थ मूल्याङ्कन गर्ने अवस्था रहेन। पेश भएका डोर हाजिर अधिकांशमा ल्याप्चे छाप मात्र रहेको , सम्बन्धित सुपरभाइजर, उपभोक्ता वा पालिकाबाट प्रमाणित समेत हुने गरेको छैन। त्यस्तै कुन अवधिको डोर हाजिर हो मिति उल्लेख हुने नगरेकोले डोर हाजिरी नियन्त्रण खाता राखी मागफारमको आधारमा नम्बरगत रुपमा जारी गरी तोकिए अनुसार काम भए नभएको अनुगमन मूल्याङ्कन गर्ने तथा डोर हाजिर प्रमाणित गर्ने व्यवस्था हुन आवश्यक देखिन्छ।

६३ **कर्मचारी स्तर वृद्धि**

पालिकामा कार्यरत कर्मचारिको स्तर वृद्धि गर्दा लोकसेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ। लोक सेवा आयोगको परामर्श वेगर पालिकामा कार्यरत कर्मचारीहरुको समायोजन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ को दफा ३ को उपदफा २ अनुसार तपशिलका पालिका तर्फका ११ जना स्थायी कर्मचारीहरुको स्तर वृद्धि गरेको छ। आगामी दिनमा लोकसेवाको परामर्श लिएर मात्र स्तर वृद्धि गर्नु पर्दछ।

| **नाम** | **साबिक तह** | **स्तर उन्नती भएको तह** | **निर्णय मिति** | **सेवा/समुह** |
|---|---|---|---|---|
| रमेश प्रसाद यावद | अधिकृत्ट छैठौ /इन्जिनियर | अधिकृत सातौ/इन्जिनियर | २०७८।३।२५ | प्राविधिक/सिभिल जेनेरल/ईन्जिनियर |
| साधो मिश्र | चौथो/खरिदार | पाँचौ/नायव सुब्वा | २०७८।३।२५ | प्रशासन/सामान्तय प्रशासन |
| अनिल कुमार गप्ता | चौथो/खरिदार | पाँचौ/नायव सुब्वा | २०७८।३।२५ | प्रशासन/सामान्तय प्रशासन |
| उपेन्द्र महतो | चौथो/खरिदार | पाँचौ/नायव सुब्वा | २०७८।३।२५ | प्रशासन/सामान्तय प्रशासन |
| राम एकवाल राय | चौथो/खरिदार | पाँचौ/नायव सुब्वा | २०७८।३।२५ | प्रशासन/सामान्तय प्रशासन |
| पुरुषोत्तम राय | चौथो/खरिदार | पाँचौ/नायव सुब्वा | २०७८।३।२५ | प्रशासन/सामान्तय प्रशासन |
| रामपृत सिंह | चौथो/खरिदार | पाँचौ/नायव सुब्वा | २०७८।३।२५ | प्रशासन/सामान्तय प्रशासन |
| गौरी शंकर राउत | चौथो/खरिदार | पाँचौ/नायव सुब्वा | २०७८।३।२५ | प्रशासन/सामान्तय प्रशासन |
| देवन्द्र कुमार मल्लिक | चौथो/खरिदार | पाँचौ/नायव सुब्वा | २०७८।३।२५ | प्रशासन/सामान्तय प्रशासन |
| फेकन राय | सहायक प्रथम/पियन | सहायक द्वितीय/का स | २०७८।३।२५ | प्रशासन/सामान्तय प्रशासन |
| शंकर प्रसाद गुप्ता | सहायक प्रथम/पियन | सहायक द्वितीय/का स | २०७८।३।२५ | प्रशासन/सामान्तय प्रशासन |

६४ **पारिश्रमिक कर** १२२,४५३

आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर योग्य आयमा पहिलो १ लाखमा १० प्रतिशत त्यस पछिको २ लाखमा २० प्रतिशत र ७ लाख ५० हजार देखि २० लाखसम्म ३० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ। पालिकाका देहायका कर्मचारीहरुको बार्षिक तलब भत्ता, प्रोत्साहन भत्ता तथा अन्य सुविधा बापतको रकममा देहायको पारिश्रमिक कर कट्टा गरी दाखिला हुनुपर्नेमा घटी कर कट्टी भएको देखिएकोले नपुग कर असुल गरी दाखिला हुनपर्ने रु.

| क्र सं | कर्मचारीको नामथर | पद | खुद आय | दाखिला कर | वाँकी कर |
|---|---|---|---|---|---|
| १ | राजकिशोरसाह | अ.हेवं | ६१६५३६ | ६१६५ | २१६४२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | प्रमोदकुमार यादव | अ.हेवं | ६०१५९७ | ६०१६ | १४५०० |
| ३ | भिखारीराउत | ना.सु. | ५७६८७७ | ५७६९ | १४५०० |
| ४ | रामलोचनमहतो | सव.ई. | ५६५००६ | ५६५० | १४५०० |
| ५ | सुनिताकुमारी ठाकुर | ना.सु. | ४९३७८२ | ४९३८ | ३९४० |
| ६ | अंगदकुमार यादव | कअपरेटर | ४९६८९४ | ४९६९ | ४२२० |
| ७ | मधुरेन्द्रकुशवाहा | सव.ई. | ४९६८९४ | ४९६९ | ४२२० |
| ८ | पुस्तिकाकुमारी चौधरी | सव.ई. | ४९६८९४ | ४९६९ | ४२२० |
| ९ | निरोजखड्का | सव.ई. | ४८१९११ | ४८१९ | २८७२ |
| १० | सुरेन्द्रपटेल | खरिदार | ४६६९३४ | ४६६९ | १५२४ |
| ११ | राधेश्यामयादव | खरिदार | ५१४९३४ | ५१४९ | ५८४४ |
| १२ | रत्नेश्वरपडिंत | खरिदार | ५०३६८९ | ५०३७ | ४८३२ |
| १३ | शत्रुधनकुमार महतो | खरिदार | ५१४९३४ | ५१४९ | ५८४४ |
| १४ | विवेकमहतो | स.ले.पा | ४८४६१२ | ४८४६ | ३११५ |
| १५ | सुनिलकुमार यादव | अस. इन्जि | ४७२९०७ | ४७२९ | २०६२ |
| १६ | संजीतकु. मंडल | अमिन | ४७२९०७ | ४७२९ | २०६२ |
| १७ | नागेन्द्रसाह | अस. इन्जि | ४७२९०७ | ४७२९ | २०६२ |
| १८ | भाग्यनारायण राय | पशुसेवा का.स | ५०८२९६ | ५०८३ | ५२४७ |
| १९ | भाग्यनारायण मिश्र | का.स | ५०८२९६ | ५०८३ | ५२४७ |
| | कुलजम्मा रु. | | | | १२२४५३ |

६५

**करार सेवा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसारपसार,सरसफाई,टेलिफोन, विद्युत र धाराको सञ्चालन तथा रेखदेख,पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख टाइपिङ वा क्युटरटाईप जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपर्नेमा सार्वजनिक निकायको व्यक्ति फर्म संस्था वा कम्पनिसँग करार गरी

<table>
<tr><td></td><td></td><td></td><td>सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिँदा त्यस्तो सेवाको आवश्यकता किसिम समयावधि गुणस्तर सेवा सञ्चालन विधि लाग्ने मोटामोटी खर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ। सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ। तर पालिकाले उक्त व्यवस्थाको कार्यानवयन गरेको देखिएन। त्यस्तै पालिकाले कार्य परिमाण तथा कार्य बोझ समेतको आधारमा आफैले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा आवश्यक दरवन्दी कायम समेत नगरी पालिकाले यो वर्ष करार सेवा शुल्कमा रु.७० लाख खर्च गरेको छ। लेखापरीक्षइको क्रममा करार नियुकती सम्बन्धी सम्झौता तथा म्याद थप सम्बन्धी कागजात पेश नभएकोले करार नियुक्ती गर्ने तथा भैरहेकालाई म्याद थप्दै जाने प्रवृतिले पालिका कोषमा व्ययभार बढ्दै जाने देखिन्छ। इनपुट मार्फत खर्च बढी रहने तर आउटपुटल स्पष्ट नहुने प्रणालीको अन्त गरी करार सेवा प्रणालीलाई व्यवस्थीत बनाउनु पर्दछ।</td><td></td></tr>
<tr><td>६६</td><td></td><td></td><td>पदाधिकारी सुविधा<br><br>मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्गा गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ। तर पालिकाले यो वर्षक निम्नानुसार आन्तरिक आम्दानी भन्दा बढी पदाधिकारी सुविधा अन्तर्गत खर्च गरेको छ।
<table>
<tr><td>विवरण</td><td>खर्च व्यहोर्ने स्रोत</td><td>विनियोजन रु.</td><td>खर्च रकम रु.</td></tr>
<tr><td>पदाधिकारी अन्य सुविधा</td><td>राजश्व बाँडफाँड</td><td>२२५०००००</td><td>१९२७८२४५</td></tr>
<tr><td>पदाधिकारी अन्य भत्ता</td><td>राजश्व बाँडफाँड</td><td>५०००००</td><td>०</td></tr>
<tr><td>इन्धन (पदाधिकारी)</td><td>राजश्व बाँडफाँड</td><td>१२०००००</td><td>४७४५२०</td></tr>
<tr><td colspan="2"></td><td>२४२०००००</td><td>१९७५२७६५</td></tr>
</table>
पदाधिकारी सुविधामा यो वर्ष रु १ करोड ९७ लाख ५२ हजार खर्च गरेको छ जुन पालिकाको यो वर्षको आन्तरिक आय र ४९ लाख ४१ हजारको तुलनामा ४०० प्रतिशत रहेको देखिन्छ। उक्त कानूनेले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजश्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ। तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ।</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>कर्मचारी प्रोत्साहन भत्ता<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६(२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ। तर पालिकाले कानून तथा कार्यविधि नबनाई कर्मचारीहरुलाई रु.३१ लाख ९६ हजार ७२२ प्रोत्साहन तथा पुरस्कार बापत खर्च गरेको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी यस्तो सुविधा कानूनद्वारा व्यवस्थित बनाइनुपर्दछ।</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>गहुँको बिउँ खरिद<br><br>पालिकाले ११२४.८० क्विन्टल गहुँ प्रति क्विन्टल रु ८००० को दरले ५० प्रतिशत लागत साझेदारीमा खरिद गरी गो.भौ.नं. ०६ विविध खर्च खाता बाट रु. ३५२२१४५ र भौ.नं. ०२ प्रकोप व्यवस्थापन कोष बाट रु. ८४२०५५ गरी कुल रु. ४३६४२०० सफु एग्रोभेट गडैतालाई भुक्तानी गरेको देखिन्छ। यसरी बिउँ खरिद गरी बितरण गर्दा कार्यालयको क्षेत्रभित्र कृषि कार्यमा संलग्न सबै कृषकहरु मध्येबाट केही कृषक पटक-पटक नदोहोरिने गरी तथा सबै कृषकलाई लाभको बितरण समानुपातिक तथा औचित्यपूर्ण तबरले हुने गरी कृषक छनौटको भरपर्दो र बैज्ञानिक प्रणाली बिकास गरेको पाइएन। यस्तो प्रणाली नँहुदा सूचना र कार्यालयमा पहुँच हुने केही कृषकहरुले मात्र पटक पटक लाभ प्राप्त गर्न सक्ने देखिएकोले कृषक छनौटको बिश्वसनीय र बैज्ञानिक आधार बिकास गरी कार्यान्वयन गरिनुपर्दछ। त्यस्तै</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११ वमोजिम सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनको अधिनमा रही सम्वन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अधिल्लो वर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानीय वजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र मालसमान आपुर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । तर सो अनुरुप लागत अनुमान तयार नगरी बोलपत्रको माध्यमद्वारा खरिद गरेको पाइयो । साथै सम्झौतामा बिउँको प्रकार बिजय र आदित्य हुनुपर्ने, बिउँ प्रमाणित प्रथम पुस्ताको हुनुपर्ने तथा बिउँ मान्यता प्राप्त कम्पनी वा सहकारीको हुनुपर्ने व्यस्था भएतापनि खरिद बिलमा बिउँको प्रकार नखुलेको तथा मान्यता प्राप्त कम्पनी वा सहकारी भए नभएको प्रमाण संलग्न समेत नभएकोले बिउँ सम्झौता अनुरुपको नै थियो भनी आश्वस्त हुन सकिएन । तसर्थ खरिद प्रक्रिया पुरा नगरेको तथा सम्झौता अनुरुप सामाग्री प्राप्त भए नभएको समेत यकिन नगरी खर्च लेखेको देखिन्छ।</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>भ्रमण भत्ता र खर्च शीर्षक<br><br>भ्रमण खर्च नियमावली, २०६४ को दफा ७ अनुसार सरकारी कामको सिलसिलामा कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका कर्मचारीहरुले दैनिक भत्ता पाउने व्यवस्था छ । नगरपालिकाको सहलेखापाल विवेक महतोको दैनिक हाजिरी रजिष्टरमा मिति ०७८।८।१७-०७८।८।१९ सम्म मलंगवा काजमा र मिति ०७८।८।२०-०७८।८।२३ उपस्थिति देखिएको छ। सोही मितिमा काठमाण्डौ काजमा खटिएको वापत दैनिक भ्रमण भत्ता रु. ३४८०० भुक्तानी भएको र सो रकम प्रकोप व्यवस्थापन कोषवाट भुक्तानी गर्न नमिलनेमा भुक्तानी गरिएकोमा काजमा खटिएको एकिन गर्न सकिएन सो भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु.</td><td>३४,८००</td></tr>
<tr><td>७०</td><td></td><td></td><td>भ्रमण भत्ता<br><br>भ्रमण खर्च नियमावली २०६४ को दफा ७ अनुसार सरकारी कामको सिलसिलामा कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका कर्मचारीहरुले दैनिक भत्ता पाउने व्यवस्था छ । पालीकामा विभिन्न ५ कर्मचारीहरुको दैनिक हाजिरी रजिष्टरमा उपस्थिति देखिएको र सोही मितिमा दैनिक भ्रमण भत्ता भुक्तानी भएकोले सो रकम असुल गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th rowspan="2">गो.भौ.नं./मिति</th><th rowspan="2">भ्रमण जानेको नाम</th><th colspan="2">अवधि</th><th rowspan="2">असुल गर्नुपर्ने रकम</th></tr>
<tr><th>देखि</th><th>सम्म</th></tr>
<tr><td>६०९- ०७९।३।२५</td><td>रमेश प्रसाद यादव</td><td>०४/१८<br>०५/२५<br>०९/०२</td><td>०४/२३<br>०६/०२<br>०९/१०</td><td>४७४००</td></tr>
<tr><td>"</td><td>रजनिश कुमार मिश्रा</td><td>१०/१४</td><td>१०/१५</td><td>२४००</td></tr>
<tr><td>"</td><td>निरोज खडका</td><td>०३/९</td><td>०३/१६</td><td>१०७००</td></tr>
<tr><td>६२८- ०७९।३।२५</td><td>पप्पु कुमार श्रीवास्तव</td><td>०३/१३</td><td>०३/१९</td><td>८६५०</td></tr>
<tr><td>६२८- ०७९।३।२५</td><td>विवेक महतो</td><td>०२/१५<br>११/१३</td><td>०२/१८<br>११/१८</td><td>११०००</td></tr>
</table></td><td>८०,१५०</td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | | | ८०१५० | |
| ७१ | | | **सफ्टवेयर खरिद**<br><br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनुपर्ने व्यबस्था रहेको छ। यस पालिकाले सोझै खरिदको माध्यमबाट दर्ता चलानी सफ्टवेयर सेवा प्रदायक वेब हाउस बाट रु.४५७६५०। सम्झौता गरी सफ्टवेयर निर्माण गराएकोमा उक्त सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन। साथै हाल उक्त सफ्टवेयर प्रयोगमा समेत आएको नदेखिएकोले थप व्ययभार पारेको देखिन्छ। यस्ता सफ्टवेयर खरिद तथा जडान पूर्व सूचना प्रविधि विभागबाट स्वीकृति लिएर उपयोगमा आउन सक्ने मात्र सफ्टवेयर खरिद तथा जडान गर्नु पर्दछ। | |
| ७२ | | | **सूचना उत्पादन तथा प्रशारण**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरेरमात्र खर्च गर्नुपर्दछ। त्यस्तै ऐ. नियमावलीको नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शीर्षकबाट देहाय बमोजिम सूचना उत्पादन तथा प्रशारण गरेबापत तपरिसल बमोजिमका सेवा प्रदायकलाई भुक्तानी गरेकोमा उत्पादन भएको प्रमाण र उक्त संख्यामा प्रशारण भएको हो भन्न् खर्चलाई पुष्ट्याई गर्ने प्रमाण पेश गर्नु पर्ने रु. | ३६५,०८७ |

| भौ नं र मिति | सूचनाको किसिम | उत्पादन संख्या | प्रशारण संख्या | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १८।२०७८।६।२४ | सामाजिक सुरक्षा भत्ता नविकरण म्बन्धि सूचना | ५०० | २१६० | माउटेन ब्रोडकास्टिङ नेटवर्क | २५९७८७ |
| १२२।२०७८।८।२४ | शुभकामना शन्देश | ५०० | २१६० | माउटेन ब्रोडकास्टिङ नेटवर्क | १०५३०० |

| | | | | |
|---|---|---|---|---|
| ७३ | | | **डिपिआर निर्माण**<br><br>सार्वजनिक खरिन नियमावलीको परिच्छेद ६ मा परामर्श सेवा खरिद सम्बन्धी व्यवस्था गरेको छ। पालिकाले विभिन्न मितिमा विभिन्न कामको लागि विभिन्न परामर्शदाता छनौट गरी यो वर्ष देहाय बमोजिमको भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नासार छ। | |

| गोभौनं मिति | योजना | रकम | सेवा प्रदायक | कैफियत |
|---|---|---|---|---|
| ४९७।२०७९।३।१६ | वडा नं ड को पोखरी सौन्दर्यिकरणको डिपिआर निर्माण | ४९७२०० | जियोटेक्निकल एण्ड इन्फ्रास्ट्रक्चर सलुसन नेपाल | हालसम्म पनि कार्यान्वियनमा नआएको |

• डिफिआर निर्माणको लागि लागत अनुमान नै तयार नगरी खरिद प्रकृया अगाडि बढाएको छ। तयार गरेको लागत अनुमानमा पनि कार्यसम्पादन गर्न लाग्ने आवश्यक जनशक्ति निर्धारण सहितको स्वीकृत नर्म्स लेखापरीक्षणका बखत पेश भएन । तसर्थ लागत अनुमान यथार्थपरक नहुँदा र नबाउँदा खरिद कार्य मितव्ययी भएको छ भनी एकिन गर्न सकिएन ।

<table>
<tr><td></td><td></td><td></td><td>

• पालिकाका प्राविधिक जनशक्तिले गर्न नसक्ने योजनामामात्र आउट सोर्सिङ्ग गरी कार्य गराउन पर्नेमा सो मूल्याङ्कन नगरी यस आयोजनाको अध्ययन प्रतिवेदन परामर्शदातबाट गराएको देखियो।

• परामर्शदाताबाट पेश भएको प्रतिवेदनहरु कार्यालयको जिन्सी खातामा दाखिला हुनुपर्नेमा दाखिला नभएकोले सो दाखिला हुनुपर्दछ । अध्ययन भएका उक्त योजना कार्यान्वियन भएको देखिएन। यसले गर्दा कार्यान्वियन हुन सक्ने आयोजनाको मात्र डिपीआर तयार गर्नु पर्दछ।

</td><td></td></tr>
<tr><td>७४</td><td></td><td></td><td>

**सभा सञ्चालन खर्च**

पालिकाले यस वर्ष सभा सञ्चालनको लागि रु.१० लाख खर्च गरेको पाइयो। जसमा ६५ सभा सदस्य रहेको नगरसभाको लागि बैठक भत्ता, खाजा लगायतमा खर्च भएको देखिन्छ। उक्त शीर्षकबाट नगरसभा सदस्य र कर्मचारीको लागि भनी १२० थान व्याग ६५ थान छाता ७०/७० थान डायरी/पेन रु.४,५०,५०० मा खरिद गरेको देखिन्छ। आन्तरिक आय कमोजिर रहेको पालिकाले आवश्यकता बढी खर्च गर्नु उचित देखिएन। यस्तो खर्चमा नियन्त्रण गरी मितव्ययीता कायम गर्नु पर्दछ।

</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>

**वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। पालिकाले विपद व्यवस्थापन, कोभिड-१९ राहत पुर्नस्थापना, आर्थिक सहयोग जस्ता शीर्षकबाट देहाय बमोजिम खरिद गरी गरिब तथा विपन्न वर्गका विभिन्न व्यक्तिहरुलाई वितरण गरी रु.५६२६३३९ भुक्तानी दिएको छ। कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ। वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ।

<table>
<tr><th>बितरण सामाग्री</th><th>परिमाण</th><th>खर्च रकम</th></tr>
<tr><td>चना</td><td>२५३० केजि</td><td>४२९९३०</td></tr>
<tr><td>च्वनप्रास</td><td>१५० थान</td><td>१३१०००</td></tr>
<tr><td>ग्यास सिलिण्डर र चुला</td><td>६१० सेट</td><td>५०६५४०९</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५६२६३३९</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>

**औषधि खरिद**

पालिकाले यसवर्ष ठेक्का नं ३/२०७८/७९ अत्यावश्यक औषधि खरिद गर्ने कार्यका लागि रु.४४,९७,२५०।८० लागत अनुमान तयार गरी राष्ट्रिय स्तरको पत्रिकामा मिति २०७८।८।२९ मा सूचना प्रकाशन गरी सबैभन्दा घटी रकम कबोल गर्ने प्रस्तावदाता भनी अनमोल मेडिकल हलसँग मिति २०७८।१०।२ गते रु.४४,६६,६४३ बराबरको सम्झौता गरी गो.भौ.नं. ४३२।२०७९।२।३१ बाट रु.३२,००,५११ र गो.भौ.नं.५० बाट रु.१२,९१,०८९ गरी कूल रु.४४,९१,६०० मुल्यको औषधि तथा स्वास्थ्य उपकरण खरिद गरेको छ। विभिन्न औषधीहरु नि:शुल्क वितरण गर्ने नेपाल सरकारको नीतिलाई कार्यान्वयन गर्नको लागि पालिकाले समयमै औषधि खरिद गरेको देखिदैन। पालिकाले औषधि खरिद गर्दा गरेकोमा सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११ वमोजिम सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा स्पेशिफिकेशनको अधिनमा रहि सम्बन्धित सार्वजनिक निकाय वा त्यस्तो सार्वजनिक निकाय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोहि

</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत स्थानिय वजारमा प्रचलित दरभाउ, अन्य वजारको प्रचलित दरभाउ र मालसमान आपुर्ती गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले सो अनुरुप लागत अनुमान तयार गरेको देखिएन । लागत अनुमान तयार गर्दा खरिद भएका औषधिको माग अनुसार उपलव्धता, वितरण, उपयोगको अवस्था र मौज्दात (म्याद सकिएको, कम म्याद भएको औषधी) को स्थिति सम्वन्धमा आवश्यक विवरण प्राप्त हुन नसकेकोले खर्च र यसको उपयोगिताको यथार्थता विश्लेषण गर्न सकिएन । त्यस्तै सम्झौताको शर्तहरुमा औषधी WHO GMP Certify Company बाट उत्पादन भएको हुनुपर्ने तथा निःशुल्क छाप लगाएको हुनुपर्ने जस्ता विषय समेत समावेश नगरी सम्झौता गरेको पाइयो । यसरी सम्झौता गरी भुक्तानी दिने प्रवृत्तिमा सुधार गर्दै पालिकाले हस्तान्तरण गरेको औषधि सम्वन्धित स्वास्थ्य चौकिहरुले आफ्नो जिन्सि खातामा आम्दानी बाँधी नागरिकलाई निःशुल्क वितरण गरेको सुनिश्चित गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>राष्ट्रिय परिचयपत्र कार्यक्रम<br><br>राष्ट्रिय परिचयपत्र कार्यक्रम संचालन कार्यविधि, २०७७ बमोजिम स्थानीय तहलाई परिचयपत्र कार्यक्रम संचालनको लागि कुनै खर्च गर्ने जिम्मेवारी दिएको देखिदैन । तर पालिकाले सो कार्यका लागि विहान देखि वेलुका सम्म र विदाका दिनहरमा समेत कार्य गर्नु परेकोले खाना खाजा बापतको रकम भुक्तानी गर्न भनी विभिन्न कर्मचारीहरुलाई भुक्तानी दिएको छ। पालिकाले पेश गरेका श्रेस्ताहरु मध्ये नमूना छनौट गरी परीक्षण गर्दा देहाय बमोजिम भुक्तानी गरेको देखिएकोले संघीय कार्यालय, प्रदेश कार्यालयहरु सँग दोहोरो नपर्ने गरी खर्च गर्ने तर्फ ध्यान दिनु पर्दछ ।
<table>
<tr><td>भौ नं र मिति</td><td>भुक्तानी लिने</td><td>खर्चको व्यहोरा</td><td>भुक्तानी रु.</td></tr>
<tr><td>३९७।२०७९।१।२१</td><td>शम्भु नारायण प्रसाद कुशवहा</td><td>खानाखाजा</td><td>५६४९०</td></tr>
<tr><td>४००।२०७९।१।२२</td><td>उपन्द्र महतो वडा सचिव</td><td>खाना खाजा</td><td>५०००००</td></tr>
<tr><td>४५१।२०७९।३।६</td><td>वडा सचिव आकाश मिश्र</td><td>खानाखाजा टेन्ट</td><td>४००००</td></tr>
<tr><td>४५९।२०७९।३।२४</td><td>वडा अध्यक्ष केशव कुमार</td><td>खानाखाजा काजल होटल</td><td>१०५००</td></tr>
</table></td><td></td></tr>
<tr><td>७८</td><td></td><td></td><td>जनप्रतिनिधिलाई अवलोकन भ्रमण<br><br>स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३(१) मा अनुसूची बमोजिमको रकममा नबढ्ने र दोहोरो नपर्नेगरी सुविधा पाउने व्यवस्था छ । त्यस्तै ऐ. ऐनको दफा १४ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा नपाउने उल्लेख छ । यस पालिकाले वडा नं १ का जनप्रतिनिधलाई अवलोकन भ्रमणका लगि सोही वडाका वडाध्यक्ष रमेश कुमार यादवलाई गत आ.व.मा दिएको पेस्की रु.४,५०,००० फर्स्यौट गर्दा निम्नानुसार देखिएकोले अनियमित देखिएको रु.<br>• कार्यक्रम प्रस्ताव अनुसार अवलोकन भ्रमणको उद्देश्य योजना निर्माणमा सघाउने स्थानीय तहलाई सबल बनाउने तथा अनुभव आदानप्रदान गर्ने रहेको देखिन्छ ।<br>• तर मिति २०७८।६।२० देखि मिति २०७८।६।२६ सम्म निज जनप्रतिनिधिको अवलोकन भ्रमण प्रतिवेदन अनुसार वडा पालिकाको विकासमा सघाउ पुर्याउने गरी कही कतैपनि अनुभव आदानप्रदान गरेको प्रमाण तथा फोटो छैन । विभिन्न मठमन्दिर दर्शन गरेको कुरामात्र उल्लेख छ ।<br>• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ अनुसार पदाधिकारी अवलोकन भ्रमणका लागि पदाधारीलाई पेश्की दिन मिल्ने देखिदैन ।</td><td>४५०,०००</td></tr>
<tr><td>७९</td><td></td><td></td><td>बिल भरपाई<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) बमोजिम सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरेरमात्र खर्च गर्नुपर्दछ । त्यस्तै ऐ. नियमावलीको नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन</td><td>२४०,०००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पारिश्रमिक कर्मचारी शीर्षकबाट परिषदको निर्णयानुसार न.पा. भित्रका स्वास्थ्य संस्थाहरुलाई कार्यालय सञ्चालन बापत रु.२०,००० का दरले खर्च शीर्षक फरकपारी बिल भरपाई वेगर भुक्तानी दिएकोले नियमिति गरी बिल भरपाई पेश गर्नुपर्ने रु
<table>
<tr><td>स्थास्थ्य संस्थाको नाम</td><td>रकम रु.</td></tr>
<tr><td>वहादुरपुर स्वास्थ्य चौकी</td><td>२००००</td></tr>
<tr><td>बेलवा जवदी स्वास्थ्य चौकी</td><td>२००००</td></tr>
<tr><td>सा. स्वा. इकाई बेल्हा</td><td>२००००</td></tr>
<tr><td>सि. भगवतीपुर स्वास्थ्य चौकी</td><td>२००००</td></tr>
<tr><td>रोहुवा स्वास्थ्य चौकी</td><td>२००००</td></tr>
<tr><td>रामवन स्वास्थ्य चौकी</td><td>२००००</td></tr>
<tr><td>वगदह स्वास्थ्य चौकी</td><td>२००००</td></tr>
<tr><td>आ. स्वा. केन्द्र गोडैता ७</td><td>२००००</td></tr>
<tr><td>गोडैता स्वास्थ्य चौकी</td><td>२००००</td></tr>
<tr><td>सिसौटिया स्वास्थ्य चौकी</td><td>२००००</td></tr>
<tr><td>मधुवनी स्वास्थ्य चौकी</td><td>२००००</td></tr>
<tr><td>आ. स्वास्थ्य ई. वकैनिया</td><td>२००००</td></tr>
<tr><td>जम्मा</td><td>२४००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>८०</td><td></td><td></td><td>इन्धन खर्चको मापदण्ड<br><br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७७ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले उल्लिखित व्यवस्थाको पालना नगरी यस वर्ष भौचरसाथ लगबुक समेत संलग्न नराखी पालिकाले इन्धन कार्यालय प्रयोजनको शीर्षकबाट रु.१४,९९,३९८ र इन्धन पदाधिकारी शीर्षकबाट रु.४,७४,५२० गरी कूल रु.१९,७३,९१८ खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

८१

**मर्मत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। सोही वमोजिम पालिकामा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा प्रमुख प्रशासकीय अधिकृतबाट मर्मत आदेश स्वीकृत गराई मर्मत खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले मर्मत कार्यको भुक्तानी गर्दा म.ले.प.फा.नं.४१५ तयार नगरी मर्मत आदेश मर्मत अभिलेख तयार नगरी सवारी साधन शीर्षकबाट रु.१०,३८,१४३ मेशिनरी तथा औजार शीर्षकबाट रु.८,९३,७६६, खर्च लेखेको छ। पालिकाले पेश गरेको श्रेस्ता मध्ये नमूना छनौट गरी परीक्षण गर्दा सवारी साधनको मर्मत कार्य गराँउदा सम्बन्धित फर्मलाई भुक्तानी नगरी सवारी प्रयोगकर्ता कर्मचारीहरुलाई र जनप्रतिनिधलाई समेत भुक्तानी दिएको देखिन्छ। कार्यविधि तथा मापदण्ड बनाएर मर्मत अभिलेख व्यवस्थित गरेर मात्र यस्तो खर्च लेख्ने तर्फ पालिकाको ध्यान दिनुपर्दछ।

| भौचर मिति | गो.भौ.नं. | खर्चको व्यहोरा | जम्मा रु |
|---|---|---|---|
| ०८/०५/२०७८ | ७८ | सवारी साधन मर्मत वापतको रकम अमण कुमार झा लाइ भुक्तानी | ५१२४५ |
| ०८/२४/२०७८ | ११९ | सवारी साधन मर्मत खर्च वापतको रकम विजय कुमार महत्तोलाइ भुक्तानी | ४६५६६ |
| ०९/२८/२०७८ | १९१ | कार्यपालिकाका मिति २०७८।९।२१ को निर्णयको आधारमा वि ओ पि बलराउधोरणको सवारी मर्मतको रकम हरिवन अटो वर्कशपलाई भुक्तानी | ६३१५० |
| १०/२०/२०७८ | २२२ | सवारी मर्मत खर्च वापतको रकम श्री जयसवाल इन्टरप्राइजेजलाइ भुक्तानी | १५१२४० |
| ११/१८/२०७८ | २७६ | सवारी मर्मत वापतको रकम पाथीभरा मोटर्स लाइ भुक्तानी | १५८७३४ |
| १२/०१/२०७८ | ३१० | २०७८ श्रावण देखि फाल्गुण सम्मको विभिन्न शिर्षकको रकम संलग्न कागजात र आ.ले.प. शाखाको सिफारिस समेतका आधारमा सम्बन्धित कर्मचारीहरुलाई भुक्तानी | ८११०० |
| १२/०२/२०७८ | ३१७ | कार्यालय संचालनमा रहेको भाडाको सवारी साधन जीपको मर्मत खर्चको रकम विजय स्पेयर पार्टसलाइ भुक्तानी | ५६००० |
| ०९/१८/२०७८ | १४७ | जेनेरेटर तथा स्टेपलाइजर मर्मत वापत को रकम प्रविण कु. पंडितलाइ भुक्तानी | ६२४०० |
| ०९/१८/२०७८ | १५० | मेसिनरी औजार मर्मत वापतको रकम प्रविणा कुमार पंडितलाइ भुक्तानी | ६४२५० |
| १२/१५/२०७८ | ३२८ | संलग्न कागजातको आधारमा कार्यालय समान खरिद वापतको रकम मनिषा कम्प्यूटर एण्ड इन्टरप्राइजेजलाई भुक्तानी | ९९६६६ |
| १२/२७/२०७८ | ३४१ | कार्यपालिकाको मिति २०७८।९।२१ तेको निर्णय बमोजिम एम्बुलेन्स मर्मतको रकम सिप्रदि ट्रेडिगं प्रा लिलाइ भुक्तानी | १००००० |
| ०१/०८/२०७९ | ३७५ | सुचना प्रविधि अधिकृतको सिफारिसको आधारमा मेसिनरी [illegible] कम्प्युटर एण्ड इन्टरप्राइजेजलाइ रकम भुक्तानी | १२०००० |
| ०३/१९/२०७९ | ५०४ | विभिन्न शिर्षकको रकम सम्बन्धित कर्मचारीहरुलाई भुक्तानी | ५०७०० |
| ०३/२४/२०७९ | ५५९ | सम्झौता अनुसारको रकम बिशाल साहलाइ रकम भुक्तानी | २५०००० |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा रकम — १३५५०५१ | |
| ८२ | ६४ | २०७८-१०-१६ | **सूचना प्रकाशन खर्च :-**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ बमोजिम आवश्यक बिल भरपाई राखेर मात्र खर्च लेख्नु पर्दछ। आत्यावश्यक औषधि तथा औषधिजन्य सर्जिकल सामाग्रीहरु सिलबन्दी दरभाउपत्र मार्फत खरिदका लागि मिति २०७८/०८/२९ गते सार्वजनिक खरिद ऐन,२०६३ को दफा १४ मा बोलपत्र सम्वन्धी सूचना राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था बमोजिम एक राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन भएकोमा पुन: सोही सूचना स्थानीय स्तरको पत्रिकामा समेत प्रकाशन भएको छ। अत : कानूनले स्पष्ट रुपमा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गर्नुपर्ने भनी उल्लेख भएको सूचना स्थानीय स्तरको पत्रिकामा समेत प्रकाशन गरी थप रु. ४०,३४१ व्ययभार बढेको देखिन्छ। यस्ता विषयमा कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ। | |
| ८३ | ७४ | २०७८-१०-२६ | **न्यानो झोला कार्यक्रम-**<br><br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका ४ वटा बर्थिङ सेन्टरका लागि मिति २०७८/०९/२५ गते कोटेशन विधिबाट खरिद गरेको देखिन्छ। गतवर्ष पालिकाको बर्थिङ्ग सेन्टरमा प्रसुती भएका संख्यालाई आधारमानी यस वर्षको प्रसुती संख्या अनुमान गरी खरिद गर्नुपर्नेमा पालिकाले हनुमान गार्भेन्ट उद्योग नेपालञ्ज बाँकेसँग भ्याट सहित रु. ८९२.७० का दरले ५५० थान न्यानो झोला खरिद गरेको देखिन्छ। अत: माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी समयमा नै गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ। | |
| ८४ | ४६ | २०७८-९-१८ | **गत आ.व.को भुक्तानी :-**<br><br>आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को दफा ३९(१३) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने भएमा सम्वन्धित कार्यालयले संलग्न विल भरपाई बमोजिम अघिल्लो वर्षको भुक्तानी स्विकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिन भित्रमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी राख्नुपर्ने व्यवस्था रहेको छ। कर्मचारी आवश्यकता सम्वन्धी सूचना मिति २०७७/०७/०३ मा अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशन भएको देखिन्छ। मिडिया जर्नल प्रा.लि.ललितपुरले यस पालिकालाई २०७७/०७/१७ मा रु. ८७५७०।- भुक्तानीको लागि पत्रचार गरेकोमा सो रकम सो आ.व.मा भुक्तान नभई यस आ.व.मा मात्र भुक्तानी भएको देखिन्छ। अत: गत आ.व.को भुक्तानी दिन बाँकी कच्चावारी प्रमाणित नभएको एवं पालिकाको सभाबाट स्वीकृती नभई खर्च लेखेको रकमलाई नियमित गर्नुपर्ने देखिएको रु. | ८७,५७० |
| ८५ | ५५ | २०७८-९-२९ | **प्रोत्साहन रकम :-**<br><br>पालिकाले नगरसभाबाट निर्णय गरी मासिक २० प्रतिशत रकम प्रोत्साहन वापत उपलब्ध गराउने निर्णय गरेको भनी तपसिलका कर्मचारीहरुलाई भौचर न. ५५,७२ र १३२ बाट २०७८ साल श्रावण देखि २०७९ बैशाखसम्म तलव भत्ताको २० प्रतिशतले हुन आउने रकम प्रोत्साहन बापत भुक्तानी गरेको छ। प्रोत्साहन बापतको रकम कहिले देखि कुन कुन कर्मचारीलाई उपलब्ध गराउने हो पालिकासँग निर्णय माग गर्दा पेश भएन। यस्ता प्रकृतीका खर्च रकम पालिका चालुबाट भुक्तानी गर्नुपर्नेमा संघीय ससर्त चालुबाट खर्च गरेको देखिन्छ। अत: नगरसभाको निर्णय पेश नगरी ससर्त चालुबाट भुक्तान भएको रकम नियमीत गर्नुपर्ने रु. | ३७०,८३६ |

| क्र.स. | पद | नाम | मासिक तलव भत्ता | २० प्रतिशतले हुन आउने १० महिनाको रकम |
|---|---|---|---|---|
| १ | प्र.प्र.अ. | रमेश प्रसाद यादव | ५९००४ | ११८००८ |

| | | | | |
|---|---|---|---|---|
| | | | <table><tr><td>२</td><td>अ.छैटौ</td><td>प्रमोद पण्डित</td><td>४८१२६</td><td>९६२५२</td></tr><tr><td>३</td><td>ले.पा.</td><td>रजनिश कुमार मिश्र</td><td>३५२३०</td><td>७०४६०</td></tr><tr><td>४</td><td>ज.स्वा.नि</td><td>बैजु शंकर राउत</td><td>४३०५८</td><td>८६११६</td></tr><tr><td colspan="4">कुल जम्मा</td><td>३,७०,८३६</td></tr></table> | |
| ८६ | ६२ | २०७८-१०-१२ | **प्रमाण कागज :-**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ ।पालिकाले मतदाता नामावली, घरेलु हिसा र पोषण सम्वन्धी सूचना प्रसारण र उत्पादन गरेवापत रु.५०,०००।–माउन्टेन ब्रोडकस्टिङ्ग नेटवर्कलाई भुक्तानी गरेको छ। गौश्वरा भौचरसाथ बिल रकममात्र रहेको देखिँदा सो सम्वन्धी पालिका र मिडिया हाउसबिच भएको सम्भौता, प्रसारण गरेको विषयवस्तु देखिएन। अत: सार्वजनिक रुपमा प्रसारण गरीने यस्ता सामाग्री प्रसारण भएको भए सोको विषयवस्तु प्रसारण अवधी र प्रसारण भएको जिङ्गलको क्लिप समेतका प्रमाण कागज पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रु | ५०,००० |
| ८७ | | | **मेडपा कार्यक्रम :-** | |
| ८७.१ | १८<br>२ | २०७९-३-२० | मेडपा कार्यक्रम :- गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को परिच्छेद ६ लघु उद्यमीको स्तरोन्नती सम्वन्धी व्यवस्था रहेको छ । जसमा विगतमा गठन भएका लघु उद्यमी समुहको आवश्यकता पहिचान गरी स्तरोन्नती कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था रहेको देखिन्छ । पालिकाले उद्यमशिलता विकास कार्यक्रम अन्तर्गत वडा नं. २ मा ७ वटा, वडा नं. ४ मा १४ वटा र वडा नं.१२ मा १२ बटा गरी कुल ३३ बटा बाख्रा खरिद गर्न रु. ५०००।– का दरले रु. १६५,०००।- खर्च गरेको छ । उद्यम समुहका सदस्यले रु. १२५०।– का दरले रु. ४१,२५०।– लागत सहभागिता गरी बाख्रा खरिद भएको देखिन्छ ।स्थलगत रुपमा बाख्राको अवस्था के कस्तो रहेको छ प्रतिवेदन सामेल छैन् । वितरण गरिएका बाख्राको स्वास्थ्य अवस्थाको सम्वन्धमा प्राविधिक चेकजाँच भएको देखिएन । पशुविमा गरेको नदेखिँदा हाल सो बाख्राको अवस्थाको सम्वन्धमा यकिन हुन सकिएन । अत: हालको बाख्राको अवस्था देखिने गरी सम्वन्धित कर्मचारीलाई नगद विरतण गरेको उद्यमीको घरमा स्थलगत अनुगमन गरी फोटो सहितको प्रतिवेदन पेश गर्नुपर्ने रु. | २०६,००० |
| ८७.२ | | | वडा नं. १२ मा घुम्ती खरिदका लागि ५ जनालाई रु. ४३०० का दरले र वडा नं. ४ मा २ जनालाई ४३५० का दरले रु. ३०,२००।- नगद वितरण गरेको देखिन्छ । घुम्ती खरिद गरे नगरेको प्रमाण कागज पेश भएको छैन । घुम्ती खरिद भए नभएको सम्वन्धमा पालिकाबाट यकिन गर्नुपर्ने देखिन्छ । | |
| ८८ | १६<br>० | २०७९-३-७ | **प्रविधी हस्तान्तरण :-**<br><br>गरिवी निवारणका लागि लघू उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ४१(२) मा उपलब्ध गराईने प्रविधीको कुल लागतको कम्तीमा २० प्रतिशत रकम स्वयंले व्यहोर्नु पर्नेछ भन्ने उल्लेख भएको छ । लघू उद्यमतर्फ प्रविधी हस्तान्तरण कार्यक्रमका लागि नयाँ र पुरानो समुहका लागि १४ थान स्प्रे टंकी, १४ थान सिलकटाई मेशिन गरी कुल रु. २७१,२३०।– खर्च भएको देखिन्छ । स्प्रे टंकी र सिलाई मेशिन प्राप्त गर्ने उद्यमीसँग निर्देशिकाले तोके बमोजिम सम्भौता भएको देखिएन । सम्भौताको प्रमाण कागज पेश गर्नुपर्ने देखिन्छ । साथै निर्देशिकाले तोकेको २० प्रतिशतले हुने रु. ५४,२४६।– सम्बन्धित लघु उद्यमी समुहबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ५४,२४६ |
| ८९ | | | **खर्च शीर्षक फरक भुक्तानी** | १,७१४,२३० |

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४१ मा सरकारी रकम खर्च गर्दा स्वीकृत भएको कार्यक्रम तथा शीर्षकमा खर्च भए नभए यकिन गरी मात्र खर्च लेख्नु पर्ने व्यवस्था छ। पालिकाले देहाय बमोजिम अनियमित देखिएको रु.

| गो.भौ.नं. र मिति | भुक्तानी भएको खर्च शीर्षक | भुक्तानी गर्नुपर्ने शीर्षक | भुक्तानीको व्यहोरा | रकम रु. |
|---|---|---|---|---|
| ६०१-०७९।३।२५ | पदाधिकारी सुविधा | कार्यक्रम | सशर्तमा तोकिएको कार्यक्रम चालुवाट शंकर राउतलाई भुक्तानी | ७२८०० |
| ६०४-०७९।३।१४ | पदाधिकारी सुविधा | विविध | खाजा खर्च वापत किशोरी रायलाई भुक्तानी | ७३८५० |
| ६०५-०७९।३।२५ | पदाधिकारी सविधा | कार्यक्रम | पोषण कार्यक्रम वापत प्रमोद पंडितलाई भुक्तानी | ३९३०० |
| ६०६-०७९।३।२५ | पदाधिकारी सविधा | अनुगमन मुल्याकंन ,इन्धन ,सञ्चार | स्वास्थ्य शाखाका कर्माचरी काजमा खटिए वापत कान्ति पंडितलाई भुक्तानी | ४९२०० |
| ६०७-०७९।३।२५ | पदाधिकारी सविधा | अनुगमन मुल्याकंन ,इन्धन ,सञ्चार | स्वास्थ्य शाखाका कर्माचरी काजमा खटिए वापत प्रमोद पंडितलाई भुक्तानी | ११०००० |
| ६०९-०७९।३।२५ | पदाधिकारी सविधा | अनुगमन मुल्याकंन ,इन्धन ,सञ्चार र मर्मत सम्भार | २८ जना कर्मचारीलाई दैनिक भ्रमण भत्ता ,इन्धन ,सञ्चार र मर्मत सम्भार वापत भुक्तानी | ४९२५०० |
| ६१०-०७९।३।२५ | पदाधिकारी सविधा | इन्धन | कर्मचारीलाई इन्धन खर्च वापत विजय प्रसाद यादव भुक्तानी | ९८५० |
| ६१५-०७९।३।२५ | पदाधिकारी सविधा | अनुगमन मुल्याकंन ,इन्धन ,सञ्चार र मर्मत सम्भार | स्वास्थ्य शाखाका कर्माचरी काजमा खटिए वापत बैजु शंकर राउत लाई भुक्तानी | २०००० |
| ६१६-०७९।३।२५ | पदाधिकारी सुविधा | विविध | खाजा खर्च वापत अजय प्रसाद चौधरी लाई भुक्तानी | ४७४०० |
| ६१८-०७९।३।२५ | पदाधिकारी सुविधा | औषधी खरीद | औषधी खरीद वापत सर्वदा मेडिकल फर्मालाई भुक्तानी | ६१८४८० |
| ६२०-०७९।३।२५ | पदाधिकारी सुविधा | विविध | खाजा खर्च वापत अजय प्रसाद चौधरी लाई भुक्तानी | ९७५०० |
| ६२८-०७९।३।२५ | अन्य अनुदान | अनुगमन मुल्याकंन ,इन्धन ,सञ्चार र मर्मत सम्भार | ६ जना कर्मचारीलाई दैनिक भ्रमण भत्ता ,इन्धन ,सञ्चार र मर्मत सम्भार वापत भुक्तानी | ८३३५० |
| | जम्मा | | | १७१४२३० |

९० **सामाजिक सुरक्षा**

९०.१ भत्ता वितरणः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २६ बमोजिम सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा आर्थिक बर्षको अन्त्यमा रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। यो वर्ष सामाजिक सुरक्षा भत्ता वडा नं.१ देखि १२ सम्मको लागि सेन्चुरी बैंक मार्फत भत्ता वितरण गर्न रु. १९३१७७८९८ निकासा भएको छ।

| | | | | |
|---|---|---|---|---|
| ९०.२ | | | समाजिक सुरक्षा कार्यक्रम संचालनः समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची-८ मा स्थानीय तह र बैंक बिच हुने सम्झौताको दफा ६ मा नगरपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरणसहित बाँकी रकम भए नगरपालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगतकट्टा भएमा लगतकट्टा भएको मिति र पाउने रकम समेतको जानकारी नगरपालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सोको जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछि रकम नगरपालिकामा फिर्ता पठाउने तथा बैंकले निष्क्रिय खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र नगरपालिकालाई दिनुपर्ने व्यवस्था छ। कार्यालयबाट विभिन्न त्रैमासिकमा विभिन्न बैंकलाई रकम जम्मा गर्न पठाएको रकम मध्ये भुक्तानी नभई निष्क्रिय खातामा रहेको रकम रु. १३९१४२३.४४ संघीय सञ्चित कोषमा दाखिला भएको छ। लगत अद्यावधिक गरी रकम निष्क्रिय नहुने व्यवस्था गर्नुपर्दछ। | |
| ९०.३ | | | लाभग्राहीको खातामा रकम जम्माः समाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ को दफा २५ मा बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नम्बर र जम्मा भएको रकम सहितको विवरण अनुसूची १३ बमोजिम त्रैमासिक रुपमा सम्बन्धित स्थानीय तहलाई विधुतीय माध्यमबाट अनिवार्य रुपमा पठाउनु पर्नेछ र यसै विवरणलाई रकम वितरण भएको भरपाई मानिने व्यवस्था छ। नगरपालिकाले समाजिक सुरक्षा शीर्षकबाट जम्मा ९००९ लाभग्राहीको खातामा रकम भुक्तानी गर्न बैंकलाई प्रत्येक वडाको विवरण सहित रु १९३१७७८९८ निकासा दिएकोमा बैंकबाट निम्नानुसार रु १३९१४२३.४४ फिर्ता गरेको छ। बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको विस्तृत विवरण नगरपालिकामा पठाएको छैन।नगरपालिकाले बैँकबाट लाभग्राहीको खातामा रकम जम्मा गरेको विस्तृत विवरण माग गरी फिर्ता रकम यकीन गरी फिर्ता गर्न बाँकी रकम तत्काल फिर्ता गर्न लगाउनुपर्दछ। | |
| ९०.४ | | | लगत कट्टाः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ बमोजिम स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्नेमा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिलाले विवाह गरेमा, बालबालिकाको उमेर ५ वर्ष पुगेमा, बैंकबाट वितरण भएकोमा लगातार १ बर्ष सम्म खाता निष्क्रीय भएमा, सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति बसाई सरी अन्यत्र गएमा र अयोग्य ब्यक्ति भत्ता प्राप्त गरेको प्रमाणित भएमा स्थानीय तहको वडा कार्यालयमा ३५ दिन भित्र घटना दर्ता गराएमा वा कुनै लाभग्राहीले घटना दर्ता नगराएको अवस्थामा स्थानीय तहका वडा अध्यक्ष, वडा सदस्य वा वडा सचिव वा कार्यरत कर्मचारीले घटना भएको जनकारी पाएमा सत्यतथ्य बुझी वडा कार्यालयबाट लगत कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले आर्थिक वर्ष २०७८।७९ मा लाभग्राहीको लगत कट्टा गरेको विवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले वास्तविक संख्या यकिन गर्न सकिएन । | |
| ९०.५ | | | अनुगमन तथा निरीक्षण र पारदर्शिताः सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा नगरपालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम नगरपालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने व्यक्तिले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था रहेको छ । यसवर्ष नगरपालिकाले सो बमोजिम कार्य गरेको देखिएन । | |
| ९१ | | | **भाडा रकम भुक्तानी**<br><br>पालिकाले यस वर्ष घरभाडा शीर्षकमा रु.१४,९४,९५० र सवारी साधन तथा मेशिनरी औजार भाडा शीर्षकबाट रु.१२,६१,६३२ खर्च लेखेकोमा लेखापरीक्षणको क्रममा भाडाको दर निर्धारणको तरिका र निर्णय पेश नभएकोले भुक्तानी भएको रकम यथार्थ हो भनी यकिन गर्न सकिएन । विगतदेखि नै भाडामा लिएपनि म्याद थप वा नयाँ सम्झौता नगरी भुक्तानी भएकोले भाडाको दर कायम गर्दा दर निर्धारण समितिबाट दररेट कायम गरेर मात्र सम्झौता गरी खर्च लेख्नुपर्दछ । | |
| ९२ | | | **वडा सञ्चालन खर्च**<br><br>पालिकाले विविध खर्च शीर्षकमा स्वास्थ्य चौकीहरुका लागि प्रति स्वास्थ्य चौकी रु.२०,००० का दरले र वडा कार्यालयहरु सञ्चालनको लागि रु.१५,००० का दरले जम्मा बजेट रु.५०,००,००० विनियोजन गरेकोमा १२ वटा वडा कार्यालयहरु र स्वास्थ्य संस्था मार्फत रु.४९,३३,५११ खर्च गरेको छ । त्यस्तै यो खर्च शीर्षकबाट मसलन्द तथा कार्यालय सामान, विविध, सवारी साधन मर्मत, ज्यालादारी, संचार, ईन्धन लगायतका खर्चहरु गरेको देखिन्छ । वडा सञ्चालन खर्च बापत विनियोजन हुने रकमलाइ आर्थिक संकेत वर्गिकरण तथा व्याख्या बमोजिम रकम विनियोजन गरी सोही बमोजिम खर्चको लेखाङ्कन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ९३ | २०१ | २०७९-३-२४ | **प्रमाण पेश नभएको :-** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/०७९ को क्रियाकलाप नं. २.७.१३.३ बमोजिम विद्यालय सिकाई सामाग्री तथा ल्याव व्यवस्थापन प्रति विद्यार्थी लागत अनुदान(9-12) को कार्यक्रम तर्फबाट शिक्षण सिकाई सामाग्री ल्याव असिस्टन्ट इक्युपमेन्ट्स र प्राक्टीकल मेटोरियल व्यवस्थापन प्रति विद्यार्थी रु.१५,०००।– का दरले तपसिलका विद्यालयमा अनुदान निकासा भएको देखिन्छ । जसमा व्यवहारिक अभ्यासका लागि सहभागी हुने विद्यार्थीका लागि प्रति महिना रु. १,०००।-सम्वन्धित विद्यार्थीको खातामा जम्मा गर्नुपर्ने र बार्षिक एक पटक रोष्टर प्रशिक्षकबाट बाह्य अनुगमन तथा मुल्याङ्कन गर्नुपर्ने भन्ने व्यवस्था रहेको देखिन्छ।भौचर साथ संलग्न कागजात बमोजिम विद्यालयले विद्यार्थीको संख्या खुल्ने प्रमाण पेश नगरेको र कार्यक्रम कार्यान्वयन पूस्तिकाको २.७.१३.३ को क्रियाकलापको २.६ ले तोके बमोजिम खर्च भएको समेत पुष्टि हुने कागज संलग्न गरेको देखिएन। त्यसैले विद्यार्थीको संख्या हाजिर अनुसार भिडान हुने अभिलेख तथा बाह्य मूल्याङ्कन प्रतिवेदन र विद्यार्थीको खातामा रकम जम्मा भएको प्रमाण कागज पेश गर्नुपर्ने रु. | २,८८०,००० |

| क्र.स. | विद्यालयको नाम | निकासा भएको रु. |
|---|---|---|
| १ | श्री वणीभोला न.मा.वि.गोडैता | १४४०,०००।- |
| २ | श्री जनता मा.वि. | १४४०,०००।- |
| कुल जम्मा | | २८,८०,०००।- |

| | | | | |
|---|---|---|---|---|
| ९४ | | | **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा विद्यालयको शैक्षिक गुणस्तर सुद्विढीकरण एवं कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान सम्वन्धी व्यवस्था छ । कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट तपसिलका विद्यालयलाई निम्न शीर्षकको व्यवस्थापनका रकम निकासा भएको देखिन्छ । उल्लेखित शीर्षकमा कार्यान्वयन पूस्तिकाले मार्गदर्शन गरे बमोजिम विद्यालयले कार्यसम्पन गरी सोको प्रतिवेदन तथा प्रमाण कागज पेश गर्नुपर्ने उल्लेख छ। विद्यालयहरुले आफुलाई प्राप्त अनुदान रकमको विल भरपाई तथा प्रमाण कागजात सहित कार्यसम्पन्न प्रतिवेदन पेश गरेका छैन। विद्यालयलाई समयमानै कार्यसम्पन्न गर्नका लागि पालिकाले अनुगमन गर्नुपर्ने तथा तोकिए बमोजिमको कार्य भए नभएको र गुणस्तर कायम गरे नगरेको अनुगमन गरी अनुदान रकमको प्रभावकारी उपभोगमा ध्यान दिनुपर्ने देखिन्छ। | |

| क्र.स. | विद्यालयको नाम | निकासा भएको शिर्षक | | | |
|---|---|---|---|---|---|
| | | कार्यसम्पादनमा आधारित प्रोत्साहन रु. | विज्ञान प्रयोगशाला | पुस्तकालय | उत्कृष्ट सिकाई उपलब्धी अनुदान रु. |
| १ | श्री सा.ज.आ.वि. बैनिया ९ | ५०,०००।- | - | - | |
| २ | श्री सा.सा.प्रा.वि.जयपुर २ | ५०,०००।- | ६५०,०००।- | - | |
| ३ | श्री प्रा.वि.जानकीनगर | ५०,०००।- | - | ६५०,०००।- | |
| ४ | जनता प्रा.वि.गडौता ४ | ५०,०००।- | - | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | श्री प्रा.वि.बकैनिया | ५०,०००।- | - | - | |
| ६ | श्री बैजनाथ मा.वि. मधुवनी | - | ६५०,०००।- | - | |
| ७ | श्री भो.क.ज.आ.वि. | - | ६५०,०००।- | - | |
| ८ | श्री जनता मा.वि. | | | | २००००० |
| कुल जम्मा | | ४५०,०००।- | १९५०,०००।- | ६५०,०००।- | २००००० |

| | | | | |
|---|---|---|---|---|
| ९५ | | | **दिवा खाजा :-**<br><br>कार्यक्रम कार्यान्वयन पूस्तिका, २०७८/०७९ अनुसार एक आर्थिक वर्षमा बढीमा १८० दिनसम्म दिवा खाजाको रकम निकासा दिन सकिने व्यवस्था रहेको छ । बालविकास देखि कक्षा ५ सम्मका कुल २५ वटा विद्यालयका विद्यार्थी संख्याको आधारमा प्रति विद्यार्थी रु. १५ का दरले दिवा खाजा अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष रु. १८१,८२,६६५। निकासा पठाएको छ । कोभिड-१९ को कारणले समेत विद्यालय कति दिन बन्द भएका थिए सो को कुनै अभिलेख राखेको छैन । पालिकाले विद्यालय संचालनको विवरण नराखी दिन समेत नखुलाई निकासा दिएको देखिन्छ । अत: विद्यालय संचालन भएको अवधी यकिन गरेर मात्र रकम भुक्तानी दिनेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । दिवा खाजा तोकिए बमोजिम खुवाएको भनि सुनिश्चितताका लागि पालिकाले अनुगमन गरी प्रतिवेदन तयार गरी पेश गर्नुपर्दछ । | |
| ९६ | १४६ | २०७९-२-२६ | **छात्रावृत्ति अनुदान-**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ७.२.१.१. मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र गैह आवासिय छात्रवृत्ति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ। पालिकाले EMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा देहायका विद्यालयमा छात्रा छात्रावृत्ति वापत रु. २४५५,६००।- र दलित छात्रवृत्ति वापत रु. ४६९,६०० गरी कुल रु. २९२५,२०० निकासा भएको छ । EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी छात्रवृत्ति अनुदान निकासा गरेको नियमसम्मत देखिदैन। साथै विद्यालयले छात्रावृत्ति वितरण गरेको भरपाई पेश गरेको छैन । अत: पालिकाले सत्यापन पश्चात तोकिएको दरमा रकम निकासा दिने र सोको अनुगमन पालिकाले गर्नुपर्दछ ।विद्यालयले छात्रावृत्ति वितरणगरेको नाम नामेसी उल्लेख भएको भरपाई पालिकामा पेश गर्नुपर्दछ । | |
| ९७ | १४६ | २०७९-२-२६ | **पाठ्यपुस्तक अनुदान-**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/७९ को क्रियाकलाप नं. २.४.६.१ मा EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन गराई यकिन संख्याका आधारमा दोस्रो चौमासिकभित्र विद्यालयहरुलाई निकासा दिने र यसरी निकासा दिँदा पहिलोपटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्याको मात्र निकासा दिने बाँकी २५ प्रतिशत रकम २०७९ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको आधारमा नपुग हुने रकममा थप निकासा दिन सकिने व्यवस्था छ । विद्यालयहरुले भर्ना भएका विद्यार्थीहरुको संख्या यकिन नगरी एकमुष्ट रु. ८०,८४,५९४.७० निकासा दिएको छ । विद्यालयमा विर्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक तोकिएको दरमा खरिद गरेको विल तथा वितरण गरेको प्रमाण पेश भएको छैन ।अत : विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको भरपाईको प्रमाण पेश गर्नुपर्ने रु. | ८,०८४,५९४ |
| ९८ | २१० | २०७९-३-२४ | **नमूना विद्यालय खर्च :-** | ६,०००,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | नमूना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ बमोजिम शैक्षिक सुधारका कार्यहरु गर्न नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यक्रम अनुदान रकम बापत तपसिलका विद्यालयहरुलाई जनही रु.३०,००,०००।- निकासा दिएको देखिन्छ। कार्यक्रम कार्यान्वयन पूस्तिका ०७८/०७९ को ९.१२ ले तोकेबमोजिम आ.ब.०७८/०७९ मा सम्पादन गर्ने कार्यक्रमहरु निर्धारण गरी स्थानीय तह र विद्यालय बिच सम्भौता गरी सम्भौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा नगरपालिका र विद्यालयबिच अनुदान रकमको खर्च सम्वन्धमा कुनै सम्भौता भएको देखिएन। निकासाको प्रभावकारी प्रयोगका लागि समय समयमा अनुगमन भएको समेत देखिदैन। अत: खर्चको प्रभावकारीताको लागि कार्यक्रम कार्यान्वयन पूस्तिकाले तोके बमोजिम समय समयमा अनुगमन गरी कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.<br><br>क्र.स. \| विद्यालयको नाम \| निकासा भएको रकम<br>१ \| श्री उ.मा.वि.गोडैता \| ३०,००,०००।-<br>२ \| श्री ज.न.मा.वि.सिमरा \| ३०,००,०००।- | |
| ९९ | ३० | २०७८-९-३० | **स्रोत कक्षा संचालन अनुदान :-**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८/०७९ को क्रियाकलाप नं. २.७.१३.१० को ५.६ मा स्रोत कक्षा संचालनका लागि अनुदान दिने व्यवस्था रहेको देखिन्छ। पालिकाको श्री वणी भोला नमुना मा.वि.मा संचालित विषेश कक्षामा अययनरत १२ जना विद्यार्थीलाई पुस्तिकाले तोके बमोजिम छात्रवृत्ति, शिक्षक आयालाई समेत गरी एकमुष्ट रु. ६८४,८५० निकासा भएको छ। विद्यार्थीको अभिलेख, खर्चका विवरण पेश भएको देखिएन अत: विद्यालयले खर्च गरेको विवरण र विद्यार्थीको लगत अद्यावधिक गरी राख्नुपर्ने देखिन्छ। | |
| १०० | | | **शिक्षकको तलबी प्रतिवेदन :-**<br><br>शिक्षकको तलबी प्रतिवेदन :- शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरिएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७/०७८ अनुसार स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन जिल्लाको शिक्षा तथा सम्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई प्राप्त तलवी प्रतिवेदनको आधारमा अनुदान दिने व्यवस्था मिलाउने उल्लेख छ। पालिकाले आर्थिक वर्ष २०७७/०७८ मा २५ वटा विद्यालयका शिक्षकको तलबी प्रतिवेदन पारित नगराई विद्यालयले माग गरेको आधारमा तलब भत्ता भुक्तानी गरेको छ। जसबाट निकासा भए बमोजिम शिक्षकको तलव र भत्ता ग्रेड रकम ठिक संख्यामा निकासा भएको छ भनी विश्वस्त हुन सकिएन। अत: पालिकाले तलबी प्रतिवेदन पारित गराएर मात्र शिक्षकहरुको तलव भुक्तानी गर्नुपर्दछ। | |
| १०१ | २१० | २०७९-३-२४ | **शुन्य दरबन्दी भएको विद्यालयलाई अनुदान :-**<br><br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ को ९.११ मा शुन्य दरवन्दी भएको विद्यालयलाई एकमुष्ट रु. १० लाख अनुदान दिने व्यवस्था रहेको छ। श्री भगवती प्रा.वि.गौडैता ११ लाई रु. १० लाख निकासा दिएको छ। विद्यालयले सो रकमबाट गरेको खर्च तथा सो को विल भरपाई एवं प्रतिवेदन पेश भएको छैन। अत कार्यप्रगती विवरण तथा विल भरपाई पेश गर्नुपर्ने रु… | १,०००,००० |
| १०२ | | | **शिक्षण सहयोग अनुदान -**<br><br>अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरबन्दी मिलानको प्रतिवेदन अनुरुप कुनै पनि दरवन्दी वा राहत अनुदान भएका गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शुन्य दरवन्दी भएका विद्यालय माध्यामिक तह. तह (९-१०) लाई न्युनतम २ र आधारभुत तह नि मा वि तह (६-८) लाई न्युनतम १ शिक्षकको अनुदान निकासा शिक्षक भर्ना भएपछि उपलब्ध गराउने उल्लेख छ। पालिकाले निम्नानुसारका विद्यालयमा कार्यविधि वमोजिम तलव भुक्तानीको लागि रकम निकासा गरेकोमा सो विद्यालयको | २,५५५,७६० |

<table>
<tr><td></td><td></td><td></td><td>दरबन्दी विवरण समावेश नगरेको, कतिजना कुन तहका शिक्षकलाई अनुदान दिएको हो कुनै प्रमाण कागज संलग्न छैन। सम्वन्धित विद्यालयले माग गरेको पत्र समेत सम्लग्न नगरी निकासा दिएको देखिन्छ। सो सम्वन्धमा प्रमाण माग गर्नुपर्ने र बढी भुक्तानी भएको देखिएमा असुल गर्नुपर्ने देखिएको रु.
<table>
<tr><td>क्र.स.</td><td>विद्यालयको नाम</td><td>निकासा भएको रु.</td></tr>
<tr><td>१</td><td>श्री श्रीमती स.देवी सा.आ.वी.</td><td>३३८,४००।-</td></tr>
<tr><td>२</td><td>श्री जनता आ.वि.जयपुर २</td><td>३३८४००।-</td></tr>
<tr><td>३</td><td>श्री रामजानकी आ.वि.बगदह</td><td>३३८,४००।-</td></tr>
<tr><td>४</td><td>बैजनाथ मा.वि.मधुवनी</td><td>४३१,८८०।-</td></tr>
<tr><td>५</td><td>श्री थो.क.ज.आ.वि.</td><td>३३८,४००।-</td></tr>
<tr><td>६</td><td>श्री नारायणहरी मा.वि.</td><td>७७०,२८०।-</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>२५,५५,७६०।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०३</td><td>२८५</td><td>२०७९-३-३१</td><td>खर्च रकमको पुष्टाई :-<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। विद्यालय स्वास्थ्य शिक्षा अन्तर्गत महिला स्वास्थ्य स्वय सेविकाका लागि सामाजिक व्यवहार परिवर्तन कार्यक्रम बापत बैजुशंकर राउतले पेश्की रकम फस्र्यौट गर्दा ६ थान खाजाको विल रकम राखी पेस्की फस्र्यौट गरेको देखिन्छ। कार्यक्रममा सहभागिको उपस्थिती,भरपाई, फोटो तथा प्रतिवेदन सहितको कार्यक्रमसँग सम्वन्धित प्रमाण कागज पेश गर्नुपर्ने रु.</td><td>१००,०००</td></tr>
<tr><td>१०४</td><td>१९५</td><td>२०७९-३-२४</td><td>जोखिम भत्ता:<br><br>कोरोना भाइरस (कोभिड १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को बुँदा ७ अनुसार ओसारपसारमा संलग्न तथा आइसोलेशनमा राखिएका र संक्रमण पुष्टि भई उपचाररत विरामीहरुको ओसारपसारमा संलग्न सवारी साधनमा कार्यरत जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु तलव स्केलको पचास प्रतिशत र प्रयोगशालामा कार्यरत जनशक्तिमध्ये प्रत्यक्ष रुपमा परीक्षण तथा प्रमाणिकरणमा संलग्न जनशक्तिलाई दोहोरो नपर्ने गरी नेपाल सरकारले तोकेको शुरु तलव स्केलको शतप्रतिशत जोखिम भत्ता उपलब्ध गराउने व्यवस्था गरिएको छ। यस पालिकाले ३२ जना स्वास्थ्यकर्मीलाई जोखिम भत्ताको व्यवस्था गरेको देखिन्छ।पालिकाले यस्तो खर्च लेख्दा उक्त बुँदामा भएको व्यवस्था अनुसार दोहरो नपर्नेगरी वितरण भएको सुनिश्चित हुने गरी अभिलेख व्यवस्थित गर्नुपर्छ। साथै स्वीकृत म.ले.प.फा.नं. २२१ मा भुक्तानी दिन बाँकी खर्चको खाता तथा कच्चावारी नाम नामेशी सहित अध्यावधिक गरी प्रमाणित गर्नुपर्नेमा पालिकाले एकमुष्ट बिगत आ.व. को भुक्तानी बाँकी कार्यक्रमको रकम प्राप्त गरी खर्च भुक्तानी दिएको देखियो।पालिकाले अघिल्लो आ.व.मा भुक्तानी नभएको प्रमाण कागज राखी दोहोरो भुक्तानी नभएको सुनिश्चित गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>१०५</td><td></td><td></td><td>सोधभर्ना-</td><td>२८७,७७२</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ मा संघीय सञ्चित कोषबाट स्थानीय तहमा वित्तीय हस्तान्तरण भएको रकममध्ये खर्च नभएको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले तपसिल बमोजिमको कार्यक्रम संचालन बाँकी रहेको रकम संघीय संञ्चित कोषमा दखिला गर्नुपर्नेमा स्थानीय सञ्चित कोषमा दाखिला भएको देखिन्छ । अत: स्थानीय सञ्चित कोषमा दाखिला भएको रकम संघीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने रु.
<table>
<tr><td>गौ.भौ.नं. /मिति</td><td>विवरण</td><td>संघीय संञ्चित कोषमा जम्मा गर्नुपर्ने रु.</td></tr>
<tr><td>२७५/२०७९-०३-२५</td><td>मातृ तथा नवशिशु कार्यक्रम संचालन गरी बाँकी रहेको रकम</td><td>४०,०००।-</td></tr>
<tr><td>२३७/२०७९-०३-२५</td><td>बैद्यनाथ मा.वि.लाई दिवा खाजा वापतको निकासा रकम पे.फ.हुदा जम्मा भएको</td><td>२४७,७७२।-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१०६</td><td></td><td></td><td>
औषधी खरिद :-<br>
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले खरिद गर्दा प्रतिस्पर्धा समिति हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २० लाख रुपैंयासम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने, नियम ८४(१क) मा रु.५० लाख रुपैंया सम्मको औषधीजन्य मालसामान सिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले यस वर्ष निम्न आपूर्तिकर्ताबाट रु. ४०३३,१३७।- को औषधीजन्य मालसामान सोझै खरिद गरेको छ । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था अनुसार राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा खरिद गरेको पाइएन । अत: ऐन तथा नियमावलीको व्यवस्था विपरीत भएको खरिद कार्यलाई नियमित गर्नुपर्ने रु.
<table>
<tr><td>क्र.स.</td><td>गौ.भौ.न./मिति</td><td>देखिएको व्यहोरा</td><td>रकम</td></tr>
<tr><td rowspan="3">१</td><td rowspan="3">१०३-२०७८/०६/१४</td><td>• स्वास्थ्य संस्थाहरुमा औषधी अभाव भएको भनी सिलबन्दी दरभाउपत्रबाट १४ प्रकारका औषधि खरिद भएको</td><td rowspan="3">४९९,४९०</td></tr>
<tr><td>• गितान्जली मेडिसिन ड्रिस्ट्रिव्युटर्सलाई खरिद गर्ने निर्णय भएको २ महिनापछि मात्र कार्यदेश दिएको देखिन्छ ।</td></tr>
<tr><td>• अत्यावश्यक औषधि खरिद भनेतापनि खरिद गर्न ४ महिना लगाएको देखियो।</td></tr>
<tr><td>२</td><td>११५</td><td>• निशा फार्मेशीबाट कोभिड-१९ सम्वन्धी १८ प्रकारका औषधि खरिद भएको</td><td>४९९५८०</td></tr>
<tr><td>३</td><td>१५०</td><td>• अनमोल मेडिकल हलसँग पुन: अत्यावश्यक औषधि खरिद गर्ने भनी कोटेशन विधी मार्फत औषधि खरिद भएको</td><td>१,२९१,०८९</td></tr>
<tr><td>४</td><td>२०७-</td><td>• सुमिता मेडिसिन डिष्ट्रिव्युटर्स प्रा.लि.सँग गर्भवती तथा सुत्केरी महिलालाई निशुल्क वितरण गर्न आइरन चक्की १७२००० थान रु. २.९ का दरले खरिद</td><td>४९८,८००</td></tr>
<tr><td>५</td><td></td><td>• आमा गर्भवती उत्प्रेरणा कार्यक्रम न्यायो झोला र निशुल्क गर्भवती कार्यक्रमबाट निशुल्क वितरणका लागि क्यालसियम चक्की खरिद ८३३३० थान रु. ६ का दरले</td><td>४९९९८०</td></tr>
<tr><td>६</td><td>२६६-</td><td>• स्वास्थ्य संस्थाका लागि औषधि खरिद अनर्व विजनेश एक्सप्लोर र गितान्जली मेडिसिन ड्रिस्ट्रिव्युटर्ससँग खरिद</td><td>७४४१९८</td></tr>
</table>
</td><td>४,०३३,१३७</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | ०३/२५/२०७९ | |
| १०७ | २०<br>३ | २०७९-३-२४ | **प्याकिङ्ग खर्च :-**<br><br>प्याकिङ्ग खर्च :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुने बिल, भरपाई, प्रमाण र कागजात सहित लेखा राख्नुपर्ने, नियम ३९(१०) बमोजिम बजेट खर्च गर्दा रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले औषधि तथा अन्य सामाग्री ढुवानी प्याकिङ्ग तथा रिप्याकिङ्ग वापत रु.२८५,६५५।– रकम खर्च लेखी शशर्त चालुबाट रु. १९३,८८० रकम प्रमोद पण्डितलाई भुक्तानी भएको छ जसमा निम्न व्यहोरा देखियो ।<br>• औषधीलाई स्वास्थ्य संस्थामा पुर्याउन यातायात खर्च भनी रु.१०८,०००।– खर्च भएको छ। कति दिनको यातायातको प्रयोग वापत रकम भुक्तानी गरियो स्पष्ट छैन । साथै पालिकामा भएको सवारीलाई प्रयोग गरेको देखिएन । एउटै क्षेत्रमा पर्ने स्वास्थ्य संस्थामा समेत फरक फरक दिनमा औषधि पुर्याएको भनी भुक्तानी गरेको देखिन्छ। यातायात वापतको रकम सवारीधनीको खातामा जम्मा नगरी नगदै वितरण गरेको देखिन्छ ।<br>• ज्यालादारी बापत रु. ३६०००।-,सुपरीवेक्षकले रु.३६,०००।- खानामा रु. ७८,५५०।- खर्च भएको छ। यसरी कार्ययोजना तयार नगरी तथा गरेको कार्यदिन नखुलाई खर्च गरेको देखिन्छ । अत: यसरी भएको खर्च रकमको सन्दर्भमा नगरपालिकाले सम्वन्धित कर्मचारीलाई जवाफदेही बनाई यथार्थ विवरण सम्वन्धित शाखाबाट माग्नुपर्ने देखिन्छ । | |
| १०८ | | | **पारिश्रमिक कर**<br><br>आयकर ऐन, २०५८ को दफा ८७ अनुसार आयकर कट्टी गरी दाखिला गर्नुपर्दछ। पालिकाले यस स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.केन्द्र र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलब भत्ता भुक्तानी गर्दा पारिश्रमिक कर कट्टी नगरी तलव भत्ता भुक्तानी भएको देखिन्छ ।अत: देहायका कर्मचारीहरुबाट पारिश्रमिक कर असुल गर्नुपर्ने रु. | २५३,५११ |

| सि.न. | कर्मचारीको नाम थर | पद | बार्षिक आम्दानी | कट्टी गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| १ | साहबुदिन मिकरानी | छ.कु.अ | ६५०९५२ | ३०१९० |
| २ | नागेन्द्र महतो | सि.अ.हे.ब | ४८८०७१ | ३८०७ |
| ३ | शंकर झा | सि.अ.हे.ब अ | ६५०९५२ | ३०१९० |
| ४ | रामविश्वास राय यादव | हे.अ. | ४६४५२३ | १४५२ |
| ५ | पवन कुमार साह | अ.हे.व | ४७४९६४ | २४९६ |
| ६ | सरोज कुमार यादव | ज.स्वा.नि | ५६२०७० | १२४१४ |
| ७ | राशनारायण राय | सि.अ.हे.ब | ४८८०७१ | ३८०७ |
| ८ | ममता कुमारी झा | अ.न.मी | ४७९८६१ | २९८६ |
| ९ | सुरेश प्र.कुशवाहा | अ.हे.व | ४७६२९७ | २६३० |

| | | | | |
|---|---|---|---|---|
| १० | रामवृक्ष महतो | सि.अ.हे.ब अ | ६५०९५२ | ३०१९० |
| ११ | रामप्रवेश महतो | सि.अ.हे.ब | ४८८०७१ | ३८०७ |
| १२ | मालती देवी | सि.अ.न.मी | ४७९८६१ | २९८६ |
| १३ | रतन कुमार महतो | अ.हे.व पाचौं | ४७६२९७ | २६३० |
| १४ | गोविन्द झा | सि.अ.हे.ब अ | ६५०९५२ | ३०१९० |
| १५ | सरीता कुमारी यादव | सि.अ.न.मी | ४७९८६१ | २९८६ |
| १६ | पारस नाथ प्र.साह | सि.अ.हे.ब. अ | ६५०९५२ | ३०१९० |
| १७ | सुनिता सिंह | सि.अ.न.मी | ४७९८६१ | २९८६ |
| १८ | जयराम महतो | सि.अ.हे.व अ | ६५०९५२ | ३०१९० |
| १९ | प्रभात चन्द्र झा | ज.स्वा.नि | ५०२८१५ | ५२८१ |
| २० | विन्दु रेखा यादव | सि.अ.न.मी | ५२६९५७ | ७६९६ |
| २१ | शम्भु राउत | सि.अ.हे.व | ४६४५२३ | १४५२ |
| २२ | राजेश राउत | सि.अ.हे.व | ४७६२९७ | २६३० |
| २३ | प्रेमकला मिश्र | सि.अ.न.मी | ५१५१८३ | ६५१८ |
| २४ | रामविनय साह | सि.अ.हे.ब | ४८८०७१ | ३८०७ |
| कुल रकम | | | | २५३५११ |

| | | | | |
|---|---|---|---|---|
| १०९ | २०६ | २०७९-३-२४ | **कार्टिज खरिद :-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले खरिद गर्दा प्रतिस्पर्धा समिति हुने गरी टुक्रा टुक्रा गरी खरिद गर्न नहुने व्यवस्था छ। पालिकाले पेश गरेका स्रेस्तामध्य नमूना छनौट गरी परीक्षण गर्दा आर्थिक वर्षको अन्त्यमा विभिन्न शीर्षकबाट रु. ४७९,९९०।- कार्टिज खरिद गरेको देखिन्छ। माग फारम तथा दाखिला प्रतिवेदन नभएको तथा खरिद गरी के कस्लाई बुझाएको हो सो को कुनै प्रमाण कागज समेत पेश नभएको देखिदा आवश्यकतामा आधारित भएर खरिद गरियो भनी भन्न सकिने अवस्था रहेको देखिएन।अत: खरिद कार्टेजको दाखिला एवं हस्तान्तरण फारम र संम्वन्धित संस्थाले आफ्नो जिन्सीमा आम्दानी बाधेको प्रमाण कागज पेश गर्नुपर्ने रु. | ४७९,९९० |

| क्र.स. | गौ.भौ.न. | विवरण | संख्या | दर रु. | भुक्तानी रु. |
|---|---|---|---|---|---|
| १ | २०६ | कार्टेज | २६ | ३२९८ | ८५७४८ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>२१३</td><td>कार्टेज</td><td>१५</td><td>३५००</td><td>५२५००</td></tr>
<tr><td>३</td><td>२३८</td><td>क्यानोन कार्टेज</td><td>१७</td><td>३५००</td><td>५९५००</td></tr>
<tr><td>४</td><td>२४४</td><td>क्यानोन कार्टेज</td><td>७</td><td>३२५०</td><td>२२७५०</td></tr>
<tr><td>५</td><td>२५१</td><td>कार्टेज</td><td>७</td><td>३८५००</td><td>२६९५००</td></tr>
<tr><td colspan="3">कुल जम्मा</td><td>७२</td><td></td><td>४७९९९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>११०</td><td></td><td></td><td>
वितरण भरपाई :-<br><br>
कृषि तर्फका साना व्यावसायिक उत्पादन पकेट विकास कार्यक्रम अन्तर्गत कृषकलाई वितरण गर्न भनी श्रीराम कृषक समुहबाट रु.३७७,५००।– मा तपसिल बमोजिमका सामान खरिद भएको देखिन्छ । सो मध्ये केही सामानहरुमात्र वितरण भई अन्य सामानहरु वितरण भएको देखिदैन । अत: पकेट विकास कार्यक्रमका लक्षित समुहलाई वितरण गरी सो को भरपाई पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गौ.भौ.न./मिति</th><th>विवरण</th><th>वितरण भएको</th><th>वितरण हुन बाँकी</th><th>रकम</th></tr>
<tr><td rowspan="4">२२८-०७९/३/२४</td><td>हुमिटन टौनिक</td><td>९८</td><td>१०२</td><td>१०२,०००</td></tr>
<tr><td>डेल्टा सोना</td><td>१११</td><td>८९</td><td>१२४६०</td></tr>
<tr><td>जिंक</td><td>१०६</td><td>२९४</td><td>४४१००</td></tr>
<tr><td>सुर्य ५२</td><td>१७४</td><td>१७६</td><td>१७६००</td></tr>
<tr><td>२२९-०७९/०३/२४</td><td>जिंक सल्फेट</td><td>१९१</td><td>३३४</td><td>६३७९४</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२३९,९५४।-</td></tr>
</table>
</td><td>२३९,९५४</td></tr>
<tr><td>१११</td><td>२१<br>८</td><td>२०७९-३-२४</td><td>
लागत सहभागिता-<br><br>
लागत सहभागिता- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना म्यानुअल, २०७७ को बुँदा ४.१.८ बमोजिम पकेट क्षेत्र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नु पर्ने व्यवस्था छ। पालिकाले मिति २०७८/१२/०७ मा स्थानीय पत्रिकामा धानको विउ खरिद सम्वन्धी १५ दिने सूचना प्रकाशन गरेको देखिन्छ । ईच्छुक बोलपत्र दाताले बोलपत्र स्वीकृत भएको ७ दिनभित्र धानको विउ उपलब्ध गराउनु पर्ने भनेकोमा सम्झौतामा १५ दिन भनी उल्लेख भएको देखिन्छ। विभिन्न धानको जात खुलाएर सूचना प्रकाशन भएको छ । पालिकाले व्योहोर्ने २० लाखमात्र रकम उल्लेख गरी सूचना प्रकाशन गरेकोमा कृषकले व्यहोर्ने ५० प्रतिशत रकम उल्लेख गरेको देखिएन । खरिद गर्दा कृषकको माग नभएको भनी रु. १२ लाखको मात्र धानको विउ खरिद गरेको देखिन्छ । धानको विउ आवश्यकता कति हो पहिचान गरेको देखिदैन ।धानको विउ खरिदको लागि लागत अनुमान तयार गरेको छैन । बितरणको लागि वडाको सिफारीस तथा नागरिकता तथा जग्गा धनिपूर्जाको प्रतिलिपी सम्लग्न नगरी वितरण गरेको देखिँदा लाभग्राही वास्तविक किसान हुन हैनन प्रष्ट हुन सकिएन। धानको विउ मिति २०७८/२/२८ गते दाखिला भएको देखिदा धानको बिउको सिजनको ख्याल गर्नुपर्ने देखिन्छ । पालिकाले रु. १२ लाख भुक्तानी गरेकोमा कृषकहरुको तर्फबाट नगदै पालिकाले संकलन गरी जम्मा गरेको भनेतापनि सोको दाखिला भौचर सम्लग्न भएको नदेखिदा कृषकको तर्फबाट रु. १२ लाख जम्मा गरेको भौचर पेश हुनुपर्ने देखिएको रु.
</td><td>१,२००,०००</td></tr>
</table>

<table>
<tr><td>११२</td><td></td><td></td><td>धान उत्पादन तथा प्रवर्द्दन कार्यक्रम :-<br><br>धान उत्पादन तथा प्रवर्द्दन कार्यक्रम पालिकाले तपसिलका भौचरबाट कृषकको लागि विभिन्न खर्च गरेको देखिन्छ । जसमा एउटै प्रकृतीका कार्यलाई पनि विभिन्न प्याकेज बनाई खरिद गरेको देखिन्छ । कृषकको लागत सहभागीता सुनिश्चितता हुने गरी रकम जम्मा भएको छैन । कृषक छनौटको आधार स्पष्ट छैन । कृषकको पहिचान वडाले गरी सिफारिस प्राप्त भएपश्चात वितरण गर्नुपर्नेमा वडाको सिफारिस छैन साथै वितरण भरपाईमा कृषकको सम्पर्क नम्वर समेत उल्लेख रहेको देखिदैन । वितरण भरपाईमा सहि छाप केरमेट भएको देखिन्छ । कार्यक्रम लागत लागत सहभागिता भएको भनेतापनि लागत सहभागिता देखिने प्रमाण राखेको छैन । अत: वितरणमुखी कार्यक्रम गर्दा कृषक छनौटको आधार, वडाको सिफारिस तथा लागत सहभागिता देखिने प्रमाण कागज राख्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।
<table>
<tr><td>गौ.भौ.न.</td><td>सामाग्री</td><td>भुक्तानी रु.</td></tr>
<tr><td>२१९</td><td>हरियो मलको लागि मुङ्गको विउ मनिषा विज भण्डारबाट १४२५ के.जी ३५० का दरले खरिद</td><td>४९८७५०</td></tr>
<tr><td>२२०</td><td>चार्जर स्पेयर टंकी २२० थान ४५०० प्रति टंकी का दरले ९९०,०००।- मा खरिद भई नगरपालिकाको तर्फबाट भुक्तानी भएको रकम</td><td>४९५०००</td></tr>
<tr><td>२२१</td><td>बुटाकलोर र सुपर किलर वषादी शिव कृषी सहकारी संस्थाबाट खरिद गरेको छ । व्यवसायमा विषादीको कारोवार गर्ने भनी उल्लेख भएको देखिएन ।</td><td>६०६०००</td></tr>
<tr><td>२२२</td><td>मनिषा विउ विज भण्डारबाट ४५५८ के.जी. बिभिन्न जातका विउ रु. १५० का दरले खरिद गरी रु. ६८३,७०० रकम भुक्तानी भएकोमा पालिकाले ३४१,८०० खर्च गरेको देखियो</td><td>३४१८००</td></tr>
</table></td><td></td></tr>
<tr><td>११३</td><td>२७</td><td>२०७८-८-१६</td><td>नगद भुक्तानी :-<br><br>आयकर ऐन, २०५८ को दफा २१ मा रु.३ हजार सम्मको ज्याला बाहेक नगदमा भुक्तानी दिन नमिल्ने व्यवस्था रहेको छ। नगरपालिकाले ९१ जना महिला स्वास्थ्य स्वयम् सेविकाहरुको पोषाक खर्च रु. ९१०,०००।- र ३ महिनाको यातायात खर्च वापत रु. १००० को दरले हुने २७३,०००।- गरी कुल रु. ११८३,०००।-भुक्तानी दिएको छ । महिला स्वास्थ्य स्वयं सेविकालाई खातामा रकम जम्मा गर्नुपर्नेमा कर्मचारीलाई पेस्की दिएर वितरण गरेको देखियो। यसरी नगद वितरण कार्यलाई बन्दगरी बैकिङ्ग प्रणालीमार्फत कारोवार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>११४</td><td>२३<br>६</td><td>२०७९-३-२५</td><td>पेस्की रकम:-<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली,२०७७ को नियम ४७ बमोजिम के कुन कामका लागि के कति रकम चाहिने हो खुलाएर पेस्की उपलब्ध गराउनु पर्नेमा पालिकाले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ बमोजिम बजारीकरण सेवा र लघु कर्जामा पहुँच कार्यक्रम संचालन गर्न रु.८०,६६०।–चुनचुन बाबु ठाकुरलाई पेस्की दिएकोमा हाल सम्म पनि कार्यक्रम संचालन नगरी सम्वन्धित व्यक्तिको बैंक खातामा जम्मा रहेको देखिँदा कार्यक्रम नगरी खातामा जम्मा गर्ने कर्मचारीबाट १० प्रतिशतले हुने रु. ८०६६ ब्याज सहित रु. ८८७२६।– निजबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>८८,७२६</td></tr>
<tr><td>११५</td><td>२२<br>३</td><td>२०७९-३-२४</td><td>पकेट विकास कार्यक्रम :-<br><br>धानवालीका लागि न्युनतम २० हेक्टर जग्गा आवश्यक पर्ने भनी २०७९/०२/०९ मा १५ दिने सूचना प्रकाशन भएको देखिन्छ । सो बमोजिम एक वटामात्र महन्थ बाबा कृषक समूहको निवेदन परेको देखीयो । प्राप्त निवेदन पकेट विकास कार्यक्रम कार्यान्वयन म्यानुअलले तोके बमोजिम रहे नरहेको सम्वन्धमा प्राविधिक समितिले मूल्याङ्कन गरेको देखिएन । मेशेनरी औजार पावर टिलर १ थान, २ एच.पि. मोटर,</td><td>२९,३८४</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>धानको विउ २१० के.जी. र स्प्रेयर ६० थान वितरण भएको भरपाई स्रेस्ता संलग्न रहेको देखीएन ।खरिद बमोजिमको विरतण भरपाई पेश गरी म्यानुअल बमोजिम पालिकाले लागत सहभागिता बापत रु. ११,७०,२१६।- मात्र भुक्तानी गर्नुपर्नेमा रु. ११,९९,६००।– भुक्तानी गरेको देखिँदा बढी भुक्तानी भएको रु. २९,३८४।– रकम असुली गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td></td></tr>
<tr><td>११६</td><td>२२<br>४</td><td>२०७९-३-२४</td><td>बाख्रा वितरण :-<br><br>आ.व. ०७७/०७८ मा स्थापना भएका बाख्राको साना व्यावसायिक कृषि उत्पादन केन्द्र विकास कार्यक्रम अन्तर्गत जमुनावारी बोका ३२६ के.जी. प्रति के.जी रु.११०० का दरले रु.३५८,६००।-, बोयर जातका बोका २५५ के.जी. रु. ११०५ का दरले रु. २८१,७७५।- र २५ के.जी. १८०० का दरले रु. ४५,०००।- भुक्तानी गरेको देखिन्छ । शिव शक्ति कृषि सहकारी संस्था लि.ले कृषकहरुलाई ५४ वटा बोका वितरण गरेको भनी वितरणको भरपाई रहेको देखिन्छ। विगत आ.व.को संस्थालाई अनुदान भनेतापनि संस्थाको विगत वर्षको लेखापरीक्षण प्रतिवेदन लगायतका कागजातहरु संलग्न रहेको देखिएन । कार्यक्रमको लागत अनुमान तयार गरेको छैन । कुन जातको बाख्रा खरिद गर्ने हो त्यसको प्रति के.जि.कति पर्ने हो सो को कुनै दर विश्लेषण भएको छैन । खरिद गरिएका पशुको बिमा नगरेको तथा खरिदको समयमा पशु प्राविधकबाट स्वास्थ्य अवस्थाको बारेमा प्राविधिक चेकजाँच गरेको देखिएन । वितरण गरिएका बोकाको हालको अवस्था के कस्तो रहेको छ अवस्था खुल्ने प्रतिवेदन पालिकाको सम्वन्धित शाखाबाट पेश गर्नु पर्ने देखिन्छ ।लागत सहभागिता वापतको २० प्रतिशतले हुन आउने रु. १४०,०००।– रकम सहकारी संस्थाबाट जम्मा गरेको भौचर पेश गर्नुपर्ने रु.</td><td>१४०,०००</td></tr>
<tr><td>११७</td><td></td><td></td><td>आय ठेक्काको मुअकर<br><br>मुल्य अभिवृद्धि कर ऐन, २०५२ मा आय ठेक्कामा मुल्य अभिवृद्धि कर समेत लिनुपर्ने व्यवस्था छ । पालिकाले संकलन गरेको देहायको आय ठेक्कामा मुल्य अभिवृद्धि कर रु. २५१५५०।०० नलिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><td>ठेक्का लिने व्यक्ति</td><td>ठेक्काको नाम</td><td>कबुलियत मिति</td><td>ठेक्का अवधि वर्षमा</td><td>कबोल अंक रु</td><td>मुअकर रु</td></tr>
<tr><td>ललन कुमार सहनी</td><td>भो क ज पोखरी</td><td>२०७८।०४।०७ देखि</td><td>३</td><td>२८५०००</td><td>३७०५०</td></tr>
<tr><td>ललन कुमार सहनी</td><td>बनिया कुटी मठ नजिकको पोखरी</td><td>२०७८।०४।०७ देखि</td><td>३</td><td>४७००००</td><td>६११००</td></tr>
<tr><td>ललन कुमार सहनी</td><td>सिताइसा पोखरी</td><td>२०७८।०४।०७ देखि</td><td>३</td><td>२६००००</td><td>३३८००</td></tr>
<tr><td>राम हुलास महतो</td><td>भगवतीपुर बजार</td><td>२०७८।०४।०७ देखि</td><td>१</td><td>११५०००</td><td>१४९५०</td></tr>
<tr><td>रामजी बाबु यादव</td><td>गोडैता बजार</td><td>२०७८।०४।०७ देखि</td><td>१</td><td>८०५०००</td><td>१०४६५०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२५१५५०</td></tr>
</table></td><td>२५१,५५०</td></tr>
<tr><td>११८</td><td></td><td></td><td>घटी दाखिला<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम प्राप्त हुने राजश्व सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट बैंक दाखिला गर्नुपर्ने र उपदफा ४ बमोजिम ३ दिन भन्दा बढी ढिलो गरेमा १० प्रतिशत जरिवाना गरी असुल गर्ने व्यवस्था छ। तर नगरपालिका अन्तर्गतका वडाहरुले उठाउने राजश्व समयमा दाखिला नगरी ६ महिना वा वर्षको अन्तयमा मात्र दाखिला गर्ने गरेको पाइयो। प्रचलित ऐनले तोकेको अनुसार समयमा नै राजश्व दाखिला गराउनु पर्दछ। लेखापरीक्षणको क्रममा केही वडाहरुको असुली तथा दाखिला परीक्षण गर्दा वडा नम्बर ५ र ११ को नगदी र मालपोत बाट देहायका वडा सचिव र का. स. ले यो वर्ष रु. ५,२२,७६९ राजश्व संकलन गरी आर्थिक वर्षको अन्त्यमा रु ९८,४०३ मात्र दाखिला गरेको नपुग रकम रु ४,२४,३६६ र १० प्रतिशत जरिवाना गरी असुल गर्नुपर्ने रु.</td><td>४६६,७८२</td></tr>
</table>

| वडा नं. | पद नाम | राजश्व दाखिला बाँकी | जरिवाना | असुल गर्नुपर्ने रकम |
|---|---|---|---|---|
| ५ | वडा सचिव देवेन्द्र कुमार मलिक | २९३३३५ | २९३३३.५ | ३२२६६८.५ |
| ११ | का.स. फेकन राय | १३१०१३ | १३१०१.३ | १४४११४.३ |
| जम्मा | | | | ४६६७८२.८ |

११९ **रसिद नियन्त्रण खाता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा ५१ मा ऐन वमोजिम राख्नुपर्ने प्रत्येक कारोवारको लेखा राख्नुपर्ने र आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा कार्यालयको कामलाई व्यवस्थित एवं मितव्ययी गर्न आन्तरिक नियन्त्रण व्यवस्था मिलाउनुपर्ने उल्लेख छ। सो अनुसार नगद आम्दानी गर्ने कार्यालयले राजश्व असुल गर्न प्रयोग हुने मालपोत रसिद एवं नगदी रसिदको छपाई गरी रसिद नियन्त्रण खाता प्रविष्टि गरी सो बाट वुझेर लगेको अभिलेख राखी रसिद नियन्त्रणलाई व्यवस्थित गर्नु पर्दछ। पालिकाले सो अनुसार व्यवस्थित तरिकाले रसिद नियन्त्रण खाता राखेको पाइएन। जसवाट २०७८ आषाढमा कति रसिद वाँकी थिए २०७८।०७९ मा कति छपाई गरियो र सो अनुसार जम्मा रसिद ठेलिमा कुन-कुन वडामा कति रसिद उपलव्ध गराईयो र जिन्सिमा कति ठेली बाँकी छन सो एकिन गर्न सक्ने आधार भएन। नगदी रसिद खाता प्रमाणित गरी नराखेको र सामान्य टिपोटमा यो वर्ष विभिन्न वडालाई रसिद वुझाएको उल्लेख गरेको छ। राजश्व असुलीमा प्रयोग हुने नगदी रसिदको नियन्त्रण खाता राखि प्रमाणित गर्ने व्यवस्था कार्यान्वयन गर्नु पर्दछ। वडा नं. ५ का वडा सचिव देवेन्द्र कुमार मलिकले ठेली नं. ६१०१-६१५० बुझेको र लेखापरिक्षणको क्रममा पेश नभएकोले नगरपालिकाले यकिन गर्नुपर्ने।

१२० **पोखरी ठेक्का**

३३८,४००

नगरपालिका अन्तर्गत रहेका पोखरी ठेक्का लनगरदा सम्भावित राजश्व आम्दानी अनुमान गरी सूचना प्रकाशन र सम्झौता गरी ठेक्का लनगरनु पर्छ। नगरपलिका अन्तर्गत रहेका ८ वटा पोखरीको सिलवन्दी बोलपत्र अह्वान गर्दा ३ वटा पोखरीको ठेक्काका लागि एउटै व्यक्तिको सिलवन्दी बोलपत्र परेको र सोही व्यक्तीवाट सम्झौता गरी चलन पत्र जारी गरेको देखियो। ठेक्का सम्झौता भएको ललन कुमार सहनीले पहिलो किस्ता बुझाएको र दोस्रो किस्ता बुझाउने म्याद सकिएको तथा लेखापरीक्षणको अवधिसम्म नबुझाएकोले दोस्रो किस्ताको रकम असुल गरी आन्तरिक आय खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| ठेक्का लिने व्यक्ति | ठेक्काको नाम | चलन मिति | ठेक्का अवधि वर्षमा | कबोल अंक रु | पहिलो किस्ता वापत बुझाएका रु | दोस्रो किस्ता बुझाउने मिति | असुल गर्नुपर्ने रु |
|---|---|---|---|---|---|---|---|
| ललन कुमार सहनी | भो क ज पोखरी | २०७८।०४।०७ देखि | ३ | २८५००० | ९५००० | २०७९।३।१५ | ९५००० |
| ललन कुमार सहनी | बनिया कुटी मठ नजिकको पोखरी | २०७८।०४।०७ देखि | ३ | ४७०००० | १५६६०० | २०७९।३।१५ | १५६६०० |
| ललन कुमार सहनी | सिताइसा पोखरी | २०७८।०४।०७ देखि | ३ | २६०००० | ८६४०० | २०७९।३।१५ | ८६८०० |
| | जम्मा | | | | | | ३३८४०० |

१२१ **धरौटी फिर्ता**

१,७०७,३९३

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ को उपनियम २ मा निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण कागजात पेश भएपछि धरौटी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले कर चुक्ता प्रमाण संलग्न नगरी देहायको निर्माण व्यवसायीको धरौटी रकम फिर्ता गरेकोले भुक्तानी भएको वर्षको कर चुक्ता प्रमाण र भुक्तानी भएको रकमको मल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ.नं. /मिति | व्यवसायीको नाम | धरौटी फिर्ता रु |
|---|---|---|
| २८-०७८।०७।०८ | हनुमान ट्रेडर्स | २६३१२० |
| ३४-०७८।०७।१२ | बजरंग जेनरल स्टोरमा | ८१२७० |
| ३५-०७८।०७।१२ | अनमोल मेडिकल हाँल | ८१२७० |
| ४२-०७८।०९।१४ | शुभकामना सप्लायर्स | १६८९३६ |
| ४३-०७८।०९।१४ | शुभकामना कन्ट्रक्सन | ४०६७१३ |
| ४४-०७८।०९।१४ | विना कन्ट्रक्सन | १२०५९० |
| ४५-०७८।०९।१४ | हिना कन्ट्रक्सन | १४१६९४ |
| ६९-०७८।११।३० | विना कन्ट्रक्सन | १००००० |
| ७४-०७८।१२।१३ | शुभकामना सप्लायर्स | ३२५०० |
| ८३-०७८।१२।१३ | मनिष विज भण्डार | ५०००० |
| ८७-०७८।१२।२९ | आर के कन्ट्रक्सन | ३६३०० |
| ९३-०७९।०३।१६ | सफु एग्रोभेट | २२५००० |
|  | जम्मा रु | १७०७३९३ |